# परिच्छेद - एक

# शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्र **'छनोट र स्तरणका आधारमा वर्तमान माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन'** रहेको छ ।

## १.२ शोधको प्रयोजन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह शिक्षा, दोस्रो वर्षको नेपाली शिक्षा कोड नं. ५९८ पाठ्याशंको आंशिक आवश्यकता पूरा गर्नु प्रस्तुत शोधको प्रयोजन रहको छ ।

## १.३ शोध समस्या

पाठ्यपुस्तक शिक्षण प्रक्रियाको त्यस्तो आधिकारिक सामग्री हो । जसले पाठ्यक्रमका मूलभूत मान्यतालाई आत्मसात् गरेको हुन्छ । विविध विधा र पाठ्यवस्तुलाई एकीकृत रूपमा समेटेर परिवर्तित समय, सन्दर्भ र युगीन आवश्यकतालाई पूरा गर्न पाठ्यक्रम र पाठ्यपुस्तकको समय समयमा परिवर्तन, परिमार्जन र निर्माण हुँदै आएका छन् । पाठ्यक्रमको सहयोगमा शिक्षण कार्यलाई सरल, सहज र सुलभ बनाउन नेपालको शैक्षिक इतिहासमा पाठ्यपुस्तकहरू पटक-पटक परिवर्तन भएका छन् । वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तक सुधार परिमार्जन गर्दै प्रथम संस्करण वि.सं. २०५६, परिमार्जित संस्करण २०६० र पुनः परिमार्जन २०६४ लागू गरी सम्पूर्ण देशभरि नै पठनपाठन गरिन्छ । भाषा पाठ्यपुस्तकहरू बीचको तुलनात्मक अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु यस शोध पत्रको समस्यामूलक पक्ष रहेको छ । शिक्षा समयसापेक्ष हुनुपर्दछ भन्ने मान्यता अनुरूप पाठ्यक्रम र पाठ्यपुस्तक स्तर अनुकूल विद्यार्थीको रूचि जगाउने खालका छन् छैनन् भनी जाँच्ने काम निरन्तर हुनु आवश्यक छ । त्यसकारण वर्तमान माध्यमिक तह कक्षा ९ र १० को नेपाली भाषा पाठ्यपुस्तकमा भाषा पाठ्यक्रम अनुसार विधाहरूको उपयुक्त छनोट गरिएको छ कि छैन र विधाहरूको स्तरण उपयुक्त

छ कि छैन भन्ने अध्ययन नै यस शोधकार्यको समस्या कथन रहको छ । सम्वद्ध समस्याहरूलाई निम्न बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

क. छनोट र स्तरणको सैद्धान्तिक पक्ष के-कस्तो रहेको छ ?

ख. वर्तमान मा.वि.तहका भाषा पाठ्यपुस्तक के-कति उपयोगी छन् ?

ग. नेपाली भाषा पाठ्यपुस्तकमा छनोट र स्तरणको प्रक्रिया कस्तो देखिन्छ ?

## १.४ शोध उद्देश्य

भाषा पाठ्यपुस्तकका सैद्धान्तिक पक्षहरू केलाउँदै प्रस्तावित शोध समस्यामा केन्द्रित भई माध्यमिक तहको वर्तमान नेपाली भाषा पाठ्यपुस्तक जुन २०६४/६५ सालमा परिवर्तित भएको थियो । त्यसका विविध पक्षहरू जस्तै छनोट, स्तरणका आधारमा विधागत औचित्य प्रष्ट पार्दै समग्र पक्षको तुलनात्मक अध्ययन गर्नु यसको उद्देश्य रहको छ । प्रस्तुत शोधपत्रको उद्देश्यहरू बुदाँगत रूपमा यस प्रकार रहेका छन्:

क. छनोट र स्तरणको सैद्धान्तिक परिचय दिनु ।

ख. वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकको सर्वेक्षण गर्नु ।

ग. भाषा पाठ्यपुस्तकको मूल्याङ्कन गर्नु ।

घ. कमजोरी औंल्याइ आवश्यक सुझाव प्रस्तुत गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाल राष्ट्रिय शिक्षा योजना आयोगले विद्यार्थीको उमेर, चाहना र आकर्षण अनुरूपको टिकाउ मापदण्ड पाठ्यपुस्तक तयार हुनुपर्छ भनेर धारणा अगाडि राखिरहेको अवस्थामा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले किताबहरूको छनोटका निम्ति समिति बनाउन सिफारिस गऱ्यो । त्यसैगरी त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्रले २०४४ सालमा भाषा शिक्षण र भाषा पाठ्यपुस्तकको विश्लेषण गर्ने सन्दर्भमा **'शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्व'** नामक अनुसन्धानात्मक पाठ्यक्रम र पाठ्यपुस्तकको विश्लेषण गरिएको छ । उक्त अध्ययनले तहगत पाठ्यपुस्तकमा समावेश पाठ्यांशको केही हदसम्म विश्लेषण गरेको भए पनि भाषिक सीपमा सन्तुलित विवरण नभएकोले छनोट र स्तरणका आधारमा विधाहरू व्यवस्थापनमा नमिलेको देखिन्छ ।

स्नातकोत्तर शोध प्रयोजनार्थ गङ्गाबहादुर कार्कीले '**कक्षा आठको हाम्रो नेपाली किताबमा समाविष्ट अभ्यासको विश्लेषण**' भन्ने शीर्षकमा अनुसन्धान गरे पनि विधा छनोट र स्तरणमा अमिल्दो अवस्थाप्रति संकेत गर्नुभएकाले यो छनोट र स्तरणका सम्बन्धमा उपयुक्त देखा पर्दैन ।

वि.स. २०५३ मा डिल्लीराम रिमालले **'माध्यमिक तहका वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासको अध्ययन'** शीर्षकमा शोधपत्र तयार गर्नुभएको र सो शोधपत्र अभ्यास केन्द्रित देखिए पनि पाठ्यपुस्तकमा दिइएका अभ्यास विद्यार्थीलाई गराउन नसकिने भएकोले यसबाट विधाहरूको छनोट उपयुक्त नभएको निष्कर्ष निस्कन्छ ।

२०६० सालमा सीता सुवेदीले **'कक्षा ९ मा व्याकरण शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरुको अध्ययन'** नामको शोधपत्र प्रस्तुत गरेपनि वर्तमान मा.वि. तहका नेपाली भाषा पाठ्यपुस्तकको छनोट र स्तरणमा व्यवस्थित अध्ययन नगरेको स्वतः प्रष्ट हुन्छ ।

२०६२ सालमा अम्बिका आचार्यले **'कक्षा ९ को नेपाली किताबको पठनीयता अध्ययन'** नामको शोधपत्र तयार गरेको भएपनि छनोट र स्तरणलाई आधार बनाएर विषय प्रस्तुत नगरेको भेटिन्छ ।

२०६३ सालमा पारिजात मिश्रले **'माध्यमिक तहका माध्यमिक भाषा पाठ्यपुस्तकमा प्रयुक्त जीवनी विधाको विश्लेषणात्मक अध्ययन'** नामको अनुसन्धानात्मक शोधपत्र प्रस्तुत गरेको भएपनि यसले वर्तमान पाठ्यपुस्तकको छनोट र स्तरणलाई आधार बनाएर विषय प्रस्तुत गरेको पाईंदैन ।

२०६४ सालमा टंकप्रसाद पन्थले **'वर्तमान माध्यमिक तहको पाठ्यक्रम र पाठ्यपुस्तकको अध्ययन'** नामको शोधपत्र लेखेपनि यसले कक्षा ९ र १० को समग्र भाषा पाठ्यपुस्तकलाई छनोट र स्तरणका आधारमा केलाएको छैन ।

२०६६ सालमा बलराम सुवेदीले **'छनोट र स्तरणका आधारमा वर्तमान कक्षा ९ को नेपाली पाठ्यपुस्तकका विधाहरुको अध्ययन'** नामको शोधपत्र प्रस्तुत गरेको भएपनि यो

केवल ९ को विधा छनोटमा मात्र केन्द्रित रहेकाले पूर्णतः ९ र १० को समग्र पक्षलाई केलाएको छैन ।

२०६७ सालमा तेजप्रसाद पाण्डेयले कक्षा ९ र १० का वर्तमान भाषा पाठ्यपुस्तकहरु बीचको तुलनात्मक अध्ययन नामको शोधपत्रको अनुसन्धान गरेपनि कक्षा ९ र १० का भाषा पाठ्यपुस्तकको तुलनासँग मात्र सम्बन्धित रहेकाले यसले पनि छनोट र स्तरणलाई आधार बनाएर भाषा पाठ्यसामग्री प्रस्तुत गरेको भेटिंदैन ।

माथिका अध्ययनबाट माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन व्यापक भए पनि ती सबै अध्ययनहरू केवल भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तक निर्माणका सन्दर्भमा केन्द्रित छन् । तथापि कक्षा ९ र १० का वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त विधाहरूको स्तरण र छनोटका दृष्टिले उपयुक्तता केलाउने काम यस शोधपत्रमा गरिएको छ ।

**१.६ शोधको औचित्य र महत्त्व**

राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ को प्रतिवेदनको सिफारिस अनुसार २०५६ सालमा लेखिएका माध्यमिक तह कक्षा ९ र १० का नेपाली भाषा पाठ्यपुस्तक वि.सं.२०६० सालमा प्रथम पटक परिमार्जित भएको र २०६४ सालको परिवर्तित पाठ्यक्रमले ०६५ सालमा दोस्रो पटक परिमार्जित गरेको हो । पूर्वकार्यको अध्ययनबाट माध्यमिक तहको नेपाली पाठ्यक्रम अनुरूप विधा छनोट र स्तरणको वैज्ञानिक विश्लेषण भएको देखिएन । पाठ्यक्रम उद्देश्यको आधारमा पाठ्यपुस्तकमा छनोट, स्तरण र त्यसको सार्थकता तथा देखिएका कमी कमजोरी औल्याउनु, छनोट र स्तरणको सैद्धान्तिक पक्ष केलाउन यो शोधकार्य सहयोगी बन्ने छ । कक्षा ९ र १० का नेपाली भाषा पाठ्यपुस्तक पाठ्यक्रम अनुरूप समय सापेक्ष विद्यार्थीको रूचि, उमेर अनुसार छ, छैन विश्लेषण गर्नु आवश्यक भएकोले शिक्षक, विद्यार्थी तथा शिक्षाविद्हरूलाई आगामी दिनमा अध्ययन अध्यापन कार्यलाई सहज बनाउन, पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण तथा परिमार्जन गर्न, पाठ्यपुस्तकका विधाको औचित्य प्रष्ट्याउन यस शोधकार्यको औचित्य रहेको छ ।

यस शोधकार्यको महत्त्व निम्नानुसार रहेको छ ।

- यस शोधकार्यले कक्षा ९ र १० का विद्यार्थीको रूचि, उमेर, स्तर, मनोविनोद आदिमा विचार पुऱ्याइ भाषिक पाठ्यपुस्तक निर्माण र परिमार्जनमा सहयोग पुऱ्याउन ।
- यस अध्ययनले भाषिक पाठ्यपुस्तकको भाषिक विषय सूची सुधार गर्न सहयोग गर्न ।
- यस अध्ययनबाट राष्ट्रभाषा नेपालीको पाठ्यसामग्री निर्माण गर्दा विचार पुऱ्याउपर्ने कुराहरूको जानकारी सम्बन्धित निकायलाई दिई भावी पाठ्यसामग्री निर्माणमा सहयोग पुऱ्याउन ।
- यस अध्ययनले माध्यमिक तहका भाषिक पाठ्पुस्तकको त्रुटि पत्ता लगाई सहयोग गर्न ।
- यस शोधकार्यले भाषा पाठ्यपुस्तक लेखक, प्रकाशक, विद्यार्थी, शिक्षक, अभिभावकहरूलाई असल भाषा पाठ्यपुस्तकको उपयुक्त जानकारी दिलाउन ।
- यस शोधकार्यले भाषा पाठ्यपुस्तक र अन्य पाठ्यपुस्तकका बीच भिन्नता स्पष्ट गरी छनोट र स्तरणका आधारमा विधाहरूलाई केलाउन सहयोग गर्न ।
- यस अध्ययनले भाषा पाठ्यपुस्तकको विगत र वर्तमानका अनुसन्धानको जानकारी दिई त्यसको उपादेयता प्रष्ट पार्न ।

**१.७ शोधको क्षेत्र र सीमा**

प्रस्तुत शोधपत्र वर्तमान माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकमा छनोट र स्तरणका दृष्टिले विधाको औचित्य प्रष्ट पार्नु रहेकोले यसमा २०६४ मा संशोधन भई २०६५ देखि लागू भएको पाठ्यक्रम अनुरूप सरकारी वा सामुदायिक विद्यालय अन्तर्गत नेपाली पाठ्यपुस्तकमा समेटिएका विभिन्न विधाहरू भित्र विषयवस्तु केन्द्रित रहको छ । छनोट र स्तरणका आधारमा विधा उपयुक्त तथा क्रमवद्धतामा आधारित छन्, छैनन् भनेर तुलनात्मक अध्ययन, विश्लेषण र मूल्याङ्कनमा केन्द्रित रहको छ प्रस्तुत शोधपत्र ।

- यस शोधकार्यमा कक्षा ९ र १० को नेपाली भाषा पाठ्यपुस्तकमा रहेका भाषातत्त्व (व्याकरण) को अध्ययन गरिएको छैन ।

- कक्षा ९ र १० को वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा दिएका अभ्यास र विशेष ज्ञानका सामग्रीको अध्ययन गरिएको छैन ।
- सामग्री सङ्कलनमा उल्लेखित विद्यालय बाहेकका अन्य विद्यालयहरूमा कक्षा ९ र १० मा अध्यनरत विद्यार्थीहरूबाट सामग्री सङ्कलन गरिएको छैन ।
- यो अध्ययन वर्तमान कक्षा ९ र १० को नेपाली भाषाको पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकभित्र बनोट र स्तरणमा मात्र सीमित रहको छ ।
- प्रा.वि., नि.मा.वि. र अन्य क्षेत्रको अध्ययन विश्लेषण गरिएको छैन ।

### १.८ शोधविधि

प्रस्तावित शोधपत्रको निर्माणका क्रममा पुस्तकालयीय विधि अबलम्बन गरी प्राप्त सामग्रीलाई व्याख्यात्मक, तुलनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी विश्लेषण गरिएको छ । नेपाली विषय शिक्षक र साहित्य तथा भाषाविज्ञसँग अन्तरवार्ता लिई आगमनात्मक विधिबाट पुस्तक, लेख, रचना र सन्दर्भ सामग्री पुस्तकालयबाट लिई विश्लेषण गरी अध्ययन गरिएको छ । विद्यार्थीहरूबाट प्राप्त हुने जानकारी तथा तथ्याङ्कलाई वर्णनात्मक शैलीमा शोधकार्यमा समावेश गरी तुलनात्मक विधिबाट आवश्यक निष्कर्ष निकालिएको छ ।

### १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आवश्यक तथ्यहरू मूलतः पुस्तकालयीय विधि तथा पद्धतिका माध्यमबाट सङ्कलन गरिएको छ । सम्बन्धित क्षेत्रमा क्रियाशील शिक्षक तथा विज्ञहरूको प्रतिक्रियालाई पनि सामग्री स्रोतको रूपमा प्रयोग गरिएको छ । प्राप्त सामग्रीलाई सन्दर्भ अनुसार समायोजन गरी व्याख्या विश्लेषण गरिएको छ । अध्ययनका क्रममा विषयविज्ञ विषय शिक्षकहरू र सम्बन्धित क्षेत्रका विद्यार्थी पनि प्रतिनिधिमूलक रूपमा छनोट गरिएका छन् । शोधकार्यका लागि निम्नानुसार सामग्री सङ्कलन गरिएको छ :

क. अध्ययन सामग्रीका लागि त्रिभुवन विश्वविद्यालय, काठमाडौं, तानसेन बहुमुखी क्याम्पसको पुस्तकालय तानसेन-पाल्पा, मातृभूमि पुस्तकालय बिर्घा-स्याङ्जा,

जीवनज्योति पुस्तकालय ठूलोलुम्पेक-गुल्मी आदि पुस्तकालयहरू प्रयोग गरिएको छ ।

ख. अन्तरवार्ताका क्रममा माध्यमिक तहमा नेपाली विषय शिक्षण गर्ने शिक्षक, नेपाली साहित्यकार, भाषाविज्ञ र उच्च मा.वि. तथा क्याम्पसमा अध्यापनरत प्राध्यापकहरूसँग पनि सहयोग लिइएको छ ।

ग. स्थलगत अध्ययनको लागि प्रश्नपत्र निर्माण गरी श्री जनता उच्च मा.वि. बिर्घा, स्याङ्जा, श्री भगवती नमुना उच्च मा.वि. कृष्णगण्डकी,मिर्मी, स्याङ्जा, श्री हर्मिचौर उच्च मा.वि. हर्मिचौर, गुल्मी, श्री कालीगण्डकी पब्लिक सेकेण्डरी स्कुल, मिर्मी, स्याङ्जा आदि विद्यलय तथा विद्यार्थीहरूमा प्रयोग गरिएको छ । त्यसैगरी पत्रपत्रिकामा प्रकाशित लेखहरू, पुस्तकहरू, प्रकाशित तथा अप्रकाशित लेख रचनाहरू तथा शोध प्रबन्धहरू पनि सामग्रीका रूपमा रहेका छन् ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तावित शोधपत्रलाई निम्नलिखित परिच्छेदमा विभाजन गरी आवश्यकता अनुसार विविध शीर्षक र उपशीर्षकमा छुट्टयाएर अध्ययन विश्लेषण गरिएको छ ।

१. परिच्छेद एक : शोध परिचय

२. परिच्छेद दुई : छनोट र स्तरणको सैद्धान्तिक परिचय

३. परिच्छेद तीन : छनोट र स्तरणका आधारमा माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन

४. परिच्छेद चार : निष्कर्ष तथा सुझाव

सन्दर्भ सामग्री सूची

परिशिष्ट

# परिच्छेद - दुई

# छनोट र स्तरणको सैद्धान्तिक परिचय

## २.१ पाठ्यवस्तु छनोटको परिचय

कुनै पनि विषयको अध्ययन कुनै न कुनै सिद्धान्तलाई अपनाएर गर्दा मात्र व्यावहारिक र त्यसको अर्थ स्पष्ट हुने भएकोले यहाँ पनि छनोट र स्तरणका आधारमा वर्तमान माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन गर्दा छनोट र स्तरणलाई सैद्धान्तिक रूपमा केलाइएको छ । भाषा पाठ्यपुस्तक भित्र रहेका विविध कुराहरूलाई नै पाठ्यवस्तु भनिएकाले भाषा पाठ्यक्रमले अपेक्षा गरेको उपलब्धिलाई भाषा पाठ्यपुस्तकले कार्यान्वयन गर्दछ । पाठ्यपुस्तकका कुरा व्यावहारिक रूपमा लागू गरी पढाउने विषयवस्तुको सार्थकता दर्शाउनु भाषा पाठ्यपुस्तक सार हो । कक्षाकोठामा के शिक्षण गर्ने भन्ने प्रश्नको जवाफ नै पाठ्यवस्तु हो । पाठ्यवस्तुहरू धेरै हुने भएकाले तह, कक्षा, स्तर, क्षमता, उमेर, आवश्यकता आदिका आधारमा छनोट गर्नुपर्छ । पाठ्यपुस्तकमा समावेश गरिने पाठ्यवस्तु छान्ने काम नै पाठ्यपुस्तको छनोट हो । कुनै पनि भाषा पाठ्यपुस्तक त्यसभित्रका प्रस्तुतिले पाठ्यपुस्तक असल वा कमसल भन्ने हुन्छ । यसले निर्धारित शिक्षण अवधिलाई पूर्ण पालना गरेको हुन्छ । कोरा उपदेशको मात्र सङ्ग्रह नगरी गुणात्मक र मात्रात्मक आधारलाई पनि ख्याल गर्नुपर्दछ । यसरी पाठ्यपुस्तकमा समावेश गरिने पाठ्यवस्तु छनोट गर्ने कार्यलाई नै पाठ्यवस्तुको छनोट भनिन्छ । (गौतम; २०६१: ३५०) ।

## २.२ पाठ्यवस्तु छनोटको अर्थ

सामान्यतया छनोट भन्नाले छान्ने काम बुझिन्छ । सबैका लागि सबै तथा एउटै वस्तु समान रूपमा उपयोगी हुन्छ नै भन्न सकिदैन । समय, अवस्था, व्यक्तिको इच्छा वा चाहना अनुसार वस्तु उपयुक्त हुन्छ भने अर्को उमेर समूहका लागि उपयुक्त हुदैँन । त्यसैले व्यक्तिको इच्छा चाहना, वातावरण, उमेर, अवस्था आदिलाई ध्यान दिएर वस्तु रोज्नुलाई छनोट भनिन्छ । ‘छान’ धातुमा ‘ओट’ प्रत्यय लागेर बनेको यस शब्दको अर्थ छान्ने, रोज्ने, केलाउने वा सग्लो सफा छुट्ट्याउने भन्ने बुझिन्छ (शर्मा वसन्त कुमारः नेपाली शब्द सागर २०५७ : ४६९) । धेरै विकल्पहरू मध्येबाट उपयुक्त वस्तु छान्ने

काम नै छनोट हो भन्ने बुझाउँछ । भाषा पाठ्यक्रम निर्माणका क्रममा गरिने भाषा शिक्षणको आवश्यकता विश्लेषण एवं विश्लेषित आवश्यकता पूरा गर्नका लागि उपयुक्त उद्देश्यको निर्धारण र निर्धारित उद्देश्य पूरा गर्न तय गरिने विषयवस्तु निर्माणका सिलसिलामा छनोटको प्रसङ्ग महत्वपूर्ण हुन्छ । पाठ्यक्रममा तोकिएका उद्देश्यहरू पूरा गर्नका लागि विषयवस्तु छान्ने कामलाई नै छनोट भनिएकाले यसबाट आवश्यक पर्ने चिज रोज्नु, छान्नु, विषय केलाउनु भन्ने प्रष्ट बुझाउँछ । के कस्ता भाषिक पाठ्यसामग्रीहरू छनोट गरेमा विद्यार्थीका सिकाइ स्तरअनुकुल बनाउन सकिन्छ र अपेक्षित उद्देश्य एवं आवश्यकता पूरा गर्न उपयोगी हुन सक्छन् भन्ने कुराको सोच नै पाठ्यवस्तु छनोटको मूल अभिप्राय हो । भाषिक सीप, वाक्य संरचना, भाषिक प्रकार्य, शब्दभण्डार आदि क्षेत्रहरूबाट आवश्यक पाठ्यवस्तुको ग्रहण गर्ने कार्य नै भाषिक पाठ्यवस्तुको छनोट हो ।

## २.३ पाठ्यवस्तु छनोटको आवश्यकता

भाषा शिक्षणका लागि आवश्यकता पर्ने पाठ्यवस्तु वा विषयवस्तु छान्नु रोज्नु, केलाउनु, चयन गर्नु नै वास्तवमा पाठ्यवस्तु छनोट हो । उद्देश्य साकार बनाउनका लागि तय गरिने विभिन्न प्रकारका भाषिक विषयवस्तु छनोट गरिएमा विद्यार्थीको सिकाइ स्तरअनुकुल हुन सक्छ । निर्दिष्ट उद्देश्य आवश्यकता पूरा गर्न उपयोगी हुन सक्छ भन्ने कुराको विवेकयुक्त सोचाइ र दृष्टिकोण नै पाठ्यवस्तु छनोटको मूल अभिप्राय हो (शर्मा र पौडेल, २०६०: १८७) । विद्यार्थीको तहगत एवं कक्षागत भाषिक उद्देश्यहरू पूरा गर्न भाषा पाठ्यक्रम अनुरूप नै पाठ्यवस्तु छनोट गर्नु आवश्यक हुन्छ औपचारिक भाषा सिकाइमा  प्रवेश गरेका विद्यार्थी भाषाका सम्पूर्ण कुरा पूर्ण सफल र पूर्ण असफल नहुने हुँदा तहगत र कक्षागत रूपमा पाठ्यवस्तु छनोटको आवश्यकता रहेको हो । विद्यार्थीको भाषिक पृष्ठभूमि, रूचि स्तर, क्षमता आदिलाई हेरेर पाठ्यवस्तु छनोट गर्न सक्नुपर्दछ ।

भाषा शिक्षण असीमित व्यवस्थाहरूको व्यवस्था र भाषा विषयक सीपहरूको शिक्षण भएकोले भाषाका सबै सीपहरूसँग सम्बन्धित विषय वस्तुमा सिकारू सक्षम हुन्छ भन्नु अस्वभाविक हुन्छ । एकै साथ भाषाका सम्पूर्ण पक्षहरूको शिक्षण समय,

स्रोत साधन र श्रमका हिसाबले पनि सभंव हुँदैन । कुन तह कक्षा र कति समयका लागि के कस्तो पाठ्यवस्तुको छनोट गर्नु उपयुक्त हुन्छ र पाठ्यवस्तुलाई कस्तो ढङ्गले बाँडफाँड गरेर शिक्षण गर्दा उपयुक्त हुन्छ भन्ने कुरामा पाठ्यक्रमनिर्माता सचेत भएर पाठ्यवस्तुको छनोट गर्नुपर्दछ । भाषाको प्रयोगात्मक विविधतालाई ख्याल गर्दै पाठ्यवस्तु छनोट प्रक्रियालाई अगाडि बढाउनु पर्दछ । प्रत्येक भाषा भित्रका व्यवस्था अनुसारका आवश्यक विषय वस्तुलाई कतै पनि पुनरावृति नहुने गरी सीमित स्रोत, श्रम र सामयभित्र सिकाउने उद्देश्यले भाषा पाठ्यक्रम निर्माणका क्रममा नै बढी सुजबुझका साथ पाठ्यवस्तु छनोट गर्नु आवश्यक हुन्छ । (पौडेल; २०६४:३८)

विद्यार्थीहरूलाई सबै कुरा एकैचोटि सिकाउन नसकिने भएकाले उनीहरूका लागि के कस्ता विषय कुन रूपमा कस्तो प्रक्रियाबाट सिकाउन सकिन्छ भन्ने कुरामा पाठ्यक्रम तथा पुस्तक निर्माता सचेत हुनुपर्दछ । विद्यार्थीको रूचि, क्षमता र उमेर तथा भाषिक क्षमतालाई ख्याल गरी सामाजिक व्यावहारअनुकूल र राष्ट्रिय आवश्यकता पूरा गर्न सक्ने पाठ्यवस्तु छनोट गर्नु पाठ्यवस्तु छनोटको मुख्य प्रयोजन हो । प्रयोगमा नआउने पाठ्यवस्तु छनोट गरेर शिक्षण गर्नु, सिकीसकेका वा जानिसकेका कुराहरू पटकपटक सिकाई राख्नु भनेको समय र श्रमको बरवादी गर्नु हो । सिकेको कुराले मानिसले जीवनमा राम्रो उपयोगिता प्राप्त गर्न सक्छ त्यही कुरा मात्र सिक्नु र सिकाउनु व्यवहारिक हुन्छ । त्यसैले पाठ्यवस्तुको छनोटमा व्यवहारिकता र उपयोगिताको मर्मलाई विशेष ख्याल गर्नुपर्छ । यसो भयो भने मात्र आवश्यकता बिनाको विषयको बोझ बोकाउने परम्परा स्वतः कम भएर जान्छ । यसरी शिक्षणलाई विद्यार्थीहरूको आवश्यकता अनुसार योजनावद्ध ढङ्गले अगडि बढाउनका लागि पनि पाठ्यवस्तु छनोटको आवश्यकता टड्कारो देखिन्छ । पाठ्यवस्तु छनोटको आवश्यकतालाई यसरी बुँदागत रूपमा पनि हेर्न सकिन्छ :

क. पाठ्यक्रममा तोकिएका उद्देश्यहरू पूरा गर्ने गरी सान्दर्भिक विषयवस्तु निर्धारण गर्नु ।

ख. भाषाशिक्षणलाई विद्यार्थीहरूको रूचि, क्षमता, स्तर र आवश्यकता अनुसार उपलब्धिमूलक बनाउन ।

ग. सीमित समय, श्रम र साधनको प्रायोगबाट अधिकत्‌म भाषिक सीप सिकाउन ।

घ. जीवनोपयोगी भाषिक विषयवस्तुलाई वढी प्राथमिकता दिई शिक्षण कार्य गर्नका लागि विषयवस्तुहरू तोक्न ।

ङ. भाषापाठ्यक्रममा निर्धारित भाषिक उद्देश्यहरूका अपेक्षाहरूलाई विधिसम्मत्‌ ढङ्गले पूरा गर्ने खालका पाठ्यसामग्री तयार गर्न ।

च. विद्यार्थीहरूको मनोभावना बुझेर सिकाइलाई सरल र व्यवस्थित तुल्याउन ।

छ. खास प्राथमिकता नपाएका र एकपटक सिकिसकेका कुराहरू पुनः नदोहोरिउन भन्नाका लागि ।

ज. शुद्ध भाषा सिक्नका लागि विशेष नियमहरूलाई दोहोऱ्याएर व्यवहारिक र स्थायी बनाउन ।

झ. भाषिक मातृभाषाबाट प्रभावित विद्यार्थीलाई मानक पाठ्यसामग्री प्रदान गरी सिकाइमा एकरूपता कायम गर्न ।

ञ. एकै पटकमा विद्यार्थीहरूलाई धेरै कुरा सिकाउन सकिन्छ भन्ने पुरानो मान्यता रोक्न ।

ट. नवीन शिक्षणीय मान्यतालाई स्थापित गर्न ।

ठ. सिकाइलाई योजनावद्ध, व्यावहारिक र क्रमवद्ध तुल्याउन ।

ड. भविष्यमा आत्मनिर्भर वन्न सक्ने जनशक्ति उत्पादनको लागि पाठ्यसामग्रीको महत्त्वलाई बुझेर सोही अनुसार शिक्षण प्रक्रियालाई अगाडि बढाउन ।

## २.४ पाठ्यवस्तु छनोटमा प्रभाव पर्ने तत्त्वहरू

कुनै पनि कार्य गर्नको लागि आधारको आवश्यकता पर्दछ । त्यसैले भाषिक पाठ्यवस्तुको छनोट गर्दा प्रभावपर्ने कुराहरूलाई नै पाठ्यवस्तु छनोटका आधारहरू भनिन्छ । आधारबिना गरिएको कामले सही निष्कर्ष दिन नसक्ने भएकाले विषयवस्तु छनोट गर्दा निश्चित आधार र मापदण्डलाई आधार बनाउनुपर्दछ । कुनै नयाँ सिद्धान्त प्रतिपादन गर्न होस्‌ वा प्रतिपादित सिद्धान्तलाई प्रमाणित गर्नहोस्, अनुमानमा गरिएको छनोटले वैज्ञानिकता प्रदान गर्न नसक्ने भएकाले पाठ्यवस्तु छनोटका आधारहरू देखा

पर्दछन् । पाठ्यवस्तु छनोटमा प्रभाव पार्ने मुख्यतः वाह्य र आन्तरिक गरी दुईवटा आधारहरू देखिन्छन् जसलाई निम्नानुसार विष्लेषण गर्न सकिन्छ ।

### २.४.१ बाह्रय प्रभावकहरू

पाठ्यवस्तु छनोटका वाहय प्रभावकहरू भाषिक पक्षसँग असम्बन्धित हुन्छन् । अतः यी प्रभावकहरू भाषिक पाठ्यक्रम तथा अन्य पाठ्यक्रमका पनि प्रभावक मानिन्छन् । यी प्रभावकहरूलाई निम्नानुसार चिनाउन सकिन्छ :

#### २.४.१.१ उद्देश्य वा प्रयोजन

कुनै पनि विषयवस्तु छनोट गर्दा उद्देश्यलाई ध्यान दिनु पर्दछ । पाठ्यवस्तु छनोटको केन्द्रीय पक्ष भनेको शिक्षणको उद्देश्य वा प्रयोजन नै हो । भाषा सम्बन्धी पाठ्यवस्तुको छनोट पनि खास तहमा राखिएको भाषा शिक्षणका प्रयोजन वा उद्देश्यहरूबाट नै निर्देशित हुन्छन् । उद्देश्य विनाको कार्यको अर्थ नभएजस्तै विषयवस्तु छनोटमा पनि उद्देश्य प्रष्ट नभएमा औचित्य रहदैन । विशेष गरी पाठ्यक्रममा निर्धारण गरिएका साधारण र विशिष्ट उद्देश्य पूरा गर्ने गरी विषयवस्तु छनोट गर्नुपर्दछ (शर्मा र पौडेलः २०६०: ३००) । भाषा शिक्षणका प्रयोजन वा उद्देश्यलाई निम्न बुँदामा प्रष्टाउन सकिन्छ :

१. सामान्य वा विशिष्ट प्रयोजन
२. बोध तथा अभिव्यक्ति प्रयोजन
३. कथ्य तथा लेख्य प्रयोजन
४. व्याकरण तथा शब्दभण्डार प्रयोजन
५. शैली प्रयोजन
६. सिर्जनात्मक प्रयोजन आदि

#### २.४.१.२ विद्यार्थीको तह वा स्तर

पाठ्यवस्तु छनोटमा प्रभाव पर्ने अर्को तत्व विद्यार्थीको स्तर वा तह हो । विद्यार्थीको तहगत स्तरलाई ध्यान दिएर कुनै पनि विषयवस्तुको छनोट गर्नुपर्दछ । विद्यार्थीको उमेर, पूर्वज्ञान पूर्वसीप, पूर्वक्षमता आदिको आधारमा नै अगाडि सिकाइने कुराको निर्धारण हुने गर्दछ । प्रत्येक कक्षा वा तहमा विद्यार्थीको उमेर फरक हुन्छ भन्ने

जति माथिल्लो कक्षामा गयो उति ज्ञान वा सीपमा गहनता हुनुपर्छ । सबै तहका लागि एउटै विषयवस्तु उपयुक्त हुँदैन । प्रत्येक तहमा एक निश्चित सीप सिकाउने उद्देश्य रहेको हुन्छ भने अर्कोतिर तह अनुसार सिकारूको क्षमता पनि फरक हुन्छ । त्यसकारण विषयवस्तु छनोट गर्दा विद्यार्थीको स्तर वा तहलाई ध्यान दिनुपर्दछ । प्रारम्भिक तहका लागि छनोट गरिएको विषयवस्तु माध्यम र उत्तरवर्ती स्तरका शिक्षार्थीका निमित्त उपयुक्त हुँदैनन् (ढकाल; २०६४:५१)

**२.४.१.३ शिक्षणको समयावधि**

समयावधि पनि पाठ्यवस्तु छनोटको महत्वपूर्ण पक्ष हो । पाठ्यवस्तुको छनोट गर्ने क्रममा निश्चित समयमा विद्यार्थीले पढेर र जानेर सक्ने वा शिक्षण गर्न सकिने गरी पाठ्यवस्तु छनोट गरिनु पर्दछ । समयावधिले समय, अवधि, पाठ्यभारलाई बुझाउँछ । त्यसैले तोकिएको समय र विषयवस्तु बीच तालमेल मिल्नु पर्दछ । सामान्यत एउटा कक्षामा समावेश विषयवस्तुका लागि शैक्षिक शत्र तोकिन्छ र यो समय एक वर्षको हुन्छ । यदि तोकिएको समयभन्दा विषवस्तु वढी भएमा खोजेको उद्देश्य र अपेक्षा पूरा गर्न सकिदैन भने अर्कोतिर विषयवस्तु भन्दा समय बढी भएमा समयको नोक्सान भई पाउनुपर्ने सीप पनि हासिल हुन सक्दैन (शर्मा र पौडेल; २०६०:३१) ।

**२.४.१.४ विद्यालयको प्रकृति**

विद्यालयको भौतिक तथा शैक्षिक अवस्थालाई समेत आधार मानेर पाठ्यवस्तुको चयन गर्नुपर्दछ । सहरी र ग्रामीण भेगमा अवस्थित विद्यालयहरू सबैमा एउटै शैक्षिक अवस्था, आर्थिक अवस्था र भौतिक परिवेश समान नहुने भएकाले शिक्षण विधि, शैक्षिक सामग्री र विषयवस्तु पनि विद्यार्थी अनुकूल हुने गरी छनोट गर्नुपर्दछ पाठ्यवस्तु छनोटका आधारहरूमध्ये विद्यालयको प्रकृति भन्नाले विद्यालय कहाँ, कस्तो अवस्था र के कसरी सञ्चालित भइरहेका छन् भन्ने कुरा हो । विद्यालय प्रकृति सुहाँउदो पाठ्यवस्तु अर्थात् विद्यालयको प्रकृति विपरितका सामग्री छान्दा शिक्षण स्वतः असफल हुन्छ ।

### २.४.१.५ वातावरण

पाठ्यवस्तु छनोटका प्रमुख आधारहरूमध्ये वातावरण पनि एक हो । वातावरण र बालबालिकाबीच अन्योन्याश्रित सम्बन्ध हुन्छ । वातावरणबाट टाढा राख्न खोज्नु उनीहरूको क्षमतामा तुषारापात गर्नु हो । बालबालिकाहरू जस्तो वातावरणमा हुर्क्यो उनीहरूको स्वभाव, वौद्धिक क्षमता, ग्रहण गर्ने तरिका आदि पनि उस्तै हुने भएकाले वातावरण पाठ्यवस्तु छनोटको आधार हो । शिक्षा समाजको दर्पण भएकाले सामाजिक परिस्थिति, विद्यालय, घरायशी वातावरण आदिको आधारमा विषयवस्तु छनोट गर्नुपर्दछ। हाम्रो जस्तो गरिबीले व्याप्त रहेको र विकासका पूर्वाधारहरूको विकास नभएको देशमा सम्पन्न देशको पाठ्यवस्तु छनोट गरियो भने अपेक्षित उद्देश्य पूरा गर्न सकिदैन । त्यसकारण विषयवस्तु छनोट गर्दा नेपाली परिवेशलाई पनि ध्यान दिनुपर्दछ।

### २.४.१.६ पाठ्यक्रमको प्रकृति

सर्वप्रथम विद्यार्थीको तह, रूचि, पहिचान गरी पाठ्यक्रम तयार पारिनु पर्दछ । नेपालजस्तो बहुभाषिक, बहुसाँस्कृतिक र बहुजातीय मुलूकमा क्षेत्र, भाषा, जाति आदिलाई आधार मानेर पाठ्यक्रम निर्माण गर्नुपर्दछ भने पाठ्यक्रमलाई आधार मानेर पाठ्यवस्तु छनोट गर्नुपर्दछ अन्यथा पाठ्यवस्तु उद्देश्य विहिन  हुन पुग्छ र नतिजा प्रभावकारी हुँदैन ।

### २.४.१.७ विद्यार्थीको रूचि र क्षमता

पाठ्यवस्तु छनोट गर्दा विद्यार्थीको रूचि तथा क्षमतालाई पनि विशेष ख्याल गर्नुपर्दछ । विषयवस्तु र विद्यार्थीको क्षमता स्तरबीच तालमेल हुनुपर्दछ । पाठ्यवस्तु विद्यार्थीको रूचि अनुकूल भएन भने त्यो सफल हुन सक्दैन । पहिलो कक्षामा के कस्ता सीप हासिल गर्‍यो र अब कस्तो सीपको लागि विषयवस्तु छनोट गर्नुपर्ने हो भन्ने कुरामा ध्यान पुर्‍याउनु पर्ने हुन्छ । सबै तह र कक्षाका विद्यार्थीको क्षमता समान हुँदैन किनकि प्रत्येक तहमा वा कक्षामा कतिसम्म सीप सिकाउने भन्ने निर्धारण गरिएको हुन्छ र सोही अनुसार नै सीप सिकाइएको हुन्छ । पूर्ववत् ज्ञान कस्तो छ ? त्यसैको आधारमा विषयवस्तु छनोट गर्नुपर्छ  (ऐजन:३०२) ।

### २.४.२ आन्तरिक आधार/ प्रभावकहरू

पाठ्यवस्तु तथा विषयवस्तुको छनोट गर्दा आन्तरिक आधारलाई पनि केलाउनुपर्दछ । भाषा भित्रकै विभिन्न पक्ष र विशेषताहरूसँग सम्बद्ध भएर भाषिक विषयवस्तु छनोटमा महत्त्वपूर्ण भूमिका खेल्ने अथवा छनोटलाई निर्देशित र नियन्त्रित गर्ने तत्वहरूलाई आन्तरिक प्रभावक भनिन्छ । भाषाका विषयवस्तु छनोट गर्दा भाषिका, प्रयोजनपरक भेद, शैली र माध्यमलाई आधार मान्नुपर्ने हुन्छ ।

#### २.४.२.१ भाषिका

खासगरी भौगोलिक र सामाजिक विविधताका कारणले एउटै भाषाका पनि विभिन्न भेदहरू हुन सक्छन । साँस्कृतिक तथा वातावणीय विविधताका कारणले क्षेत्रीय तथा सामाजिक भाषिकाको जन्म भएको हुन्छ । एउटा भाषा पाठ्यक्रममा सबै प्रकारका भाषिक भेदहरूको शिक्षण सम्भव हुँदैन । मूलतः भाषा पाठ्यक्रममा एउटै मानक भेदलाई आधार बनाएर त्यही भाषिकामा केन्द्रित रही सम्बद्ध ज्ञान, सीप शिक्षण गर्ने अभिप्राय रहेको हुन्छ । मानक भाषिका भन्नाले शिक्षाको माध्यम सञ्चारको माध्यम, प्रशासनिक कार्यको माध्यम, कानुनी उपचारको माध्यम, औपचारिक सम्प्रेषणको माध्यम तथा बहुभाषिक परिस्थितिमा आपसी सम्पर्क र सम्प्रेषणका माध्यमका रूपमा प्रयोग र व्यवहार हुने सर्वस्वीकृत भाषिक रूप हो (ऐजन) ।

#### २.४.२.२ प्रयोजनपरक भेद

ज्ञान विज्ञानका खास विषय वा क्षेत्रसँग सम्बन्धित भाषिक भेदलाई प्रयोजनपरक भेद भनिन्छ । यो पनि पाठ्यवस्तु छनोटमा प्रभाव पार्ने तत्व हो । खास विषय वा बढी प्रचलित खास शब्दभण्डार र वाक्य संरचनाहरू रहेका हुन्छन् । भाषा पाठ्वस्तुको छनोट गर्दा यथासभंव यस्ता विविध क्षेत्रका शब्दभण्डार र वाक्य संरचना छनोट गरेमा राम्रो मानिन्छ । ज्ञान विज्ञानका विभिन्न क्षेत्रसँग सम्बन्धित भाषिक प्रयोगलाई प्रयोजनपरक भेद भनिन्छ । यसलाई रजिष्टर वा प्रयुक्ति भेद पनि भनिन्छ (ऐजन : ३०३) । कानुन, कृषि, प्रशासन, साहित्य चिकित्सा, वाणिज्य, विज्ञान, स्वास्थ्य, सञ्चार, सँगीत आदि जस्ता विविध प्रयुक्ति क्षेत्रहरू हुन् । जसमा विभिन्न किसिमका शब्दशैली र वाक्य संरचनाको प्रयोग गरिन्छ ।

### २.४.२.३ शैली

कुनै पनि विषय प्रस्तुत गर्ने तरिका, पद्धति वा ढाँचालाई शैली भनिन्छ । विषयवस्तु छनोट गर्दा शैलीलाई ध्यान दिनुपर्ने हुन्छ । भाषा शिक्षणको उद्देश्य र भाषिक भेद सुहाउँदो शैलीको छनोट भाषा शिक्षणका क्रममा उपयुक्त हुन्छ । त्यसैले शैली सरल जटिल, कथ्य-लेख्य, साहित्यिक-असाहित्यिक, व्याकरणिक-आलङ्कारिक, अविधा-लक्षणा-व्यञ्जना आदि यर्थाथ जुन किसिमको शैली विकास गर्ने सो पाठ्यक्रमले निर्देशित गरेका आधारमा शैली छानेर व्यवहारिकीकरण गर्नुपर्दछ । विद्यार्थीको सिकाइ प्रवृति र रूचि एवम् स्तर अनुरूपका शैली भएका विषयवस्तु छनोट गरिनु व्यवहारिक एवम् उपयोगी हुन्छ । पाठ्यवस्तु छनोटको महत्त्पूर्ण तत्त्व शैलीलाई विभिन्न आधारमा यसरी पनि वर्गीकरण गरिएको छ :

-औपचारिक र अनौपचारिक

-सरल र जटिल

- कथ्य र लेख्य

- साहित्यिक र असाहित्यिक

- अविधा, व्यञ्जना र लक्षणा

- समास (छोटकरी) र व्यास (विस्तृत)

- वस्तुपरक, भावपरक र आत्मपरक

- वर्णनात्मक र विश्लेषणात्मक

- विश्लेषणात्मक र समीक्षात्मक

- तार्किक र संश्लेषणात्मक

- आख्यानात्मक र काव्यात्मक

- कारूणिक, हाँस्यपद र व्यङ्यात्मक

- भानुभक्तीय, लेखनाथीय आदि

- मध्ययुगीन, प्राचीन, आधुनिक आदि

- ग्रामीण, सहरी आदि

- पूर्वीय, पश्चिमी आदि

- स्पष्ट श्लील, अश्लील आदि ।

### २.४.२.४ माध्यम

भाषा प्रस्तुतिकरणका कथ्य र लेख्य गरी प्रमुख रूपमा दुई माध्यम रहेका छन् । भाषा शिक्षण कुन माध्यमबाट गर्ने हो भन्ने कुराले पनि पाठ्यवस्तु छनोटमा प्रभाव पारेको हुन्छ । कथ्य भाषाको प्रयोगमा बढी मात्रामा भाषिक प्रकार्य (अनुरोध, धन्यवाद, क्षमा) र आखाँ, हात, टाउको आदि अभाषिक तत्वहरू महत्त्वपूर्ण मानिन्छन् भने लेख्य माध्यमको भाषामा चिठी, दैनिकी निबन्ध जस्ता कुराहरू महत्त्वपूर्ण हुन्छन् । अतः माध्यम र पाठ्यवस्तु छनोटमा आपसी प्रभाव परेको हुन्छ ।

### २.४.२.५ भाषा तत्वहरू

भाषा तत्त्वभित्र वर्ण, व्याकरण र शब्दभण्डारका कुराहरू पर्दछन् । यी पनि पाठ्यवस्तु छनोटमा प्रभाव पार्ने तत्त्वहरू हुन् । भाषा तत्त्वहरू सबै भाषामा समान र उस्तै हुदैनन् त्यसैले खास तह वा स्तरमा खास वर्ण, अक्षर, रूप, शब्द पदावली र वाक्य संरचना आदि छनोट गरी शिक्षण गर्नु राम्रो हुन्छ ।

### २.४.३ भाषा पाठ्यवस्तु छनोटका आधारहरू

निर्धारित समयभित्र पाठ्यक्रमले गरेको अपेक्षा सरल, सहज र सुगम ढंगले हासिल गर्न गराउन सकियोस् भन्नका लागि पाठ्यवस्तुमध्येबाट उपयुक्त किसिमका पाठ्यवस्तुको छनोट गर्नुपर्छ । थोरै समय, श्रम र स्रोतबाट अधिकतम् लाभ लिन जीवनोपयोगी र व्यवहारोपयोगी पाठ्यवस्तु छनोट गर्नुपर्छ । समसामयिक आवश्यकता र भावी चुनौतीको सहज सामना गर्न सक्ने जनशक्ति उत्पादन गर्ने अपेक्षा जस्तोसुकै पाठ्यवस्तुबाट पूरा नहुने हुँदा पाठ्यवस्तु छनोट गर्नु जरुरी हुन्छ (ढकाल; २०६७:६४) ।

भाषा पाठ्यवस्तु र छनोटका खास आधारहरू हुन्छन् । त्यस्ता आधारहरू खास गरी भाषातत्त्व र त्यसमा पनि शब्दभण्डारको छनोटमा बढी प्रयोग हुने हुन्छन् । यी आधारहरूमा क्रमशः आवृत्ति, विस्तरण, प्राप्यता, व्यापान, मनोवैज्ञानिक सिकाइ क्षमता र अन्य रहेका छन् :

### २.४.३.१ आवृत्ति

आवृत्ति भनेको दोहोरिनु हो । भाषाका कतिपय भाषिक कुराहरू पटक-पटक दोहोरिएर आउने हुन्छन् भने कतिपय प्रयोग कहिलेकाहीँ मात्र हुन्छन् । छनोटमा आवृत्तिको आधार भनेको बढी आवृत्ति भएको भाषिक एकाइहरूको छनोट पहिलो र कम आवृत्ति भएका भाषिक एकाइहरूको छनोट क्रमशः पछि गर्नुपर्छ भन्ने हो । विद्यार्थीहरूले सुन्न वा पढ्न सक्ने सामग्रीहरूबाट नमुना लिएर सबभन्दा बढी प्रयोग हुने एकाईको गणना गरी  तिनीहरूको आवृत्तिको आधारमा क्रमवद्ध गर्ने कार्यलाई आवृतिद्वारा छनोट गरिन्छ । आवृत्तिमा सामान्यतया के को गणना गर्ने ? कति गणना गर्ने ? के लाई के का रूपमा गणना गर्ने ? भन्ने प्रश्नका जवाफहरूको खोजी गरिन्छ ।

### २.४.३.२ विस्तरण

कुनै खास एकाइ प्राप्त गर्न सकिने नमुना वा पाठहरूको संख्या नै यसको विस्तरण हो । विस्तरणलाई वितरण पनि भनिन्छ । भाषिक उच्चारको विस्तारशीलतालाई विस्तरण भनिएको हो । कुनै भाषिक उच्चारणको विभिन्न विषय, सन्दर्भ आदिमा उत्तिकै रूपमा प्रयुक्त हुन सक्नु भनेको त्यस उच्चारको विस्तारशीलता हो । कुनै खास पाठ वा वातावरणमा उच्च आवृति भएपनि अन्य पाठमा कम आवृत्ति भएका शब्दहरू बढी महत्त्वपूर्ण हुन्छन् । भाषामा प्रायः कोशीय शब्दहरूको भन्दा व्याकरणीय शब्दहरूको उच्च विस्तरण हुने गर्दछ । विस्तरणको सिद्धान्तको निष्कर्ष भनेको भाषिक एकाइको छनोट गर्ने क्रममा धेरैभन्दा धेरै विषय क्षेत्रबाट पाठ वा सङ्कथनहरू लिएर ती सबै पाठ वातावरण वा क्षेत्रमा प्रयोगमा आउने एकाइको छनोट नै बढी व्यवहारिक र उपयुक्त हुन्छ भन्ने हो ।

### २.४.३.३ प्राप्यता

कुनै विषय वा सन्दर्भमा नसम्झी नहुने अर्थात् खास प्रसङ्गमा तत्परताका साथ उपयोगमा ल्याउनुपर्ने विशेषतालाई प्राप्यता भनिन्छ । कुनै खास  क्षेत्र वा वातावरणमा बढीभन्दा बढी प्रयोगमा आउने भाषिक एकाइलाई उच्च प्राप्यता भएका भाषिक एकाइ भनिन्छ । यस्ता एकाइहरूको छनोट उक्त विषय क्षेत्र वा वातावरणमा शिक्षण गर्नका लागि गरिन्छ । कुनै शब्दको प्राप्यताको तहले कुनै खास अवस्थामा प्रयोग गरिने र

सम्झिने तत्परतासँग सम्बन्ध राख्दछ । उदाहरणका लागि खेतीका सन्दर्भमा हलो, जुवा, जोतारो, फाली, गोरू आदि नसम्झी नहुने तथा पठन पाठनका सन्दर्भमा कलम कापी, किताब, मसी, पेन्सील आदि आवृत्ति उपयुक्त मानिन्छ ।

**२.४.३.४ व्यापन**

कुनै एउटा भाषिक उच्चारणका सट्टामा अर्को भाषिक उच्चारणले काम गर्न सक्ने क्षमता वा गुणलाई व्यापन विशेषता भनिन्छ । यस्ता उच्चारणले अर्काको प्रतिस्थापन गर्न सक्छन् । अन्य थुप्रै शब्दको अर्थ ग्रहण गर्न सक्ने शब्दलाई नै व्यापन भनिन्छ । लुगा भन्ने शब्दले सर्ट, टोपी, दौरा सुरूवाल, साडी, चोलो आदि सैयौ प्रकारका कपडाहरू बुझाउँछ । यसैले लुगा शब्द उच्च व्यापन भएको शब्द हो । भाषा शिक्षणमा न्यून व्यापन भएका शब्दहरूलाई भन्दा पहिले उच्च व्यापन भएका शब्दहरूको छनोट गर्नु उपयुक्त हुन्छ । व्यापनमा परिभाषीकरण, समावेशन, संयोजन र अर्थविस्तारशीलता जस्ता चार गुणहरू निहित हुनुपर्छ ।

**२.४.३.५ मनोवैज्ञानिक सिकाइ क्षमता**

आवृत्ति, विस्तरण, व्यापन र प्राप्यता उच्च वा न्यून हुँदाहुँदै पनि कहिलेकाहीँ सिकाइ क्षमताको कारणले कुनै शब्दको छनोट गर्न वा नगर्न बाध्य हुनुपर्छ । अर्थात् भाषाको सिकाइ शारीरिक, मानसिक र वौद्धिक प्रतिक्रियासँग पनि सम्बन्धित हुन्छ । विद्यार्थीको उमेरसँग मनोविज्ञानको गहिरो सम्बन्ध हुने भएकाले शिक्षार्थीको इच्छा, चाहना र आवश्यकता बुझेर पाठ्यवस्तुहरू चयन गर्नुपर्ने रूपमा हेरिन्छ । विद्यार्थीलाई कतिपय भाषिक एकाइ सिक्न सजिलो हुने र कतिपय सिक्न कठीन हुने हुन्छ । औषत विद्यार्थीले सिक्न सजिलो महसुस गरेका शब्दहरू उच्च सिकाइ क्षमता भएका शब्दहरू हुन् भने कठिन महसुस गरेका शब्दहरू न्यून सिकाइ क्षमता भएका शब्दहरू हुन् ।

मनोवैज्ञानिक सिकाइ क्षमतालाई विशेष ध्यान दिदै सिकाइ कार्यमा उच्च क्षमता सिकाइ भएका शब्दहरू पहिलो र न्यून छनोट भएका शब्दहरू पछि शिक्षण गर्नुपर्ने हुन्छ । समानता, स्पष्टता, संक्षिप्तता, नियमितता र सिकाइको भार सिकाइ क्षमतामा प्रभाव पार्ने तत्त्वहरू मानिन्छन् । यी तत्त्वहरूलाई ध्यान दिएर छनोट गरी सोही अनुसार शिक्षण गर्नुपर्दछ ।

### २.४.३.६ अन्य

भाषा पाठ्यवस्तु छनोटका आधारहरू आवृत्ति, विस्तरण, प्राप्यता, व्यापन र मनोवैज्ञानिक सिकाइ क्षमता वाहेक अन्य पनि आधार रहेका छन् । जसलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

१. विद्यार्थीको स्तर सुहाउँदो नमुना सामग्रीको छनोट गर्नुपर्दछ ।

२. आवृत्ति गणना गर्दा रूपायन भएका सबै शब्दहरूलाई एउटै मान्नुपर्दछ ।

३. विद्यार्थीको उमेर र भाषा सिक्ने क्षमता अनुरूपको शब्द छनोट गर्नुपर्दछ ।

४. विषय निरपेक्ष शब्दहरूभन्दा विषयकेन्द्रित सापेक्ष शब्दहरू छान्नुपर्दछ ।

५. सर्वनाम, नामयोगी, निपात, संयोजकजस्ता आधारभूत शब्दहरूको संख्या सीमित हुने भएकाले तिनको छनोट पहिले गर्नुपर्छ ।

६. नाम, विशेषण, क्रिया, क्रियायोगी, शब्दका छनोटका विकल्पहरू हुन्छन् र यिनको छनोट गर्दा आवृति गणना गर्नुपर्दछ ।

७. शब्दहरूलाई एकपक्षीय दृष्टिले भन्दा पहुपक्षीय दृष्टिले छनोट गर्नुपर्छ ।

### २.४.४ छनोट हुने भाषिक क्षेत्रहरू

छनोटमा सबैभन्दा बढी भाषिक क्षेत्र भनेको शब्दभण्डार नै हो । आवृति, विस्तरण, प्राप्यता, व्यापन आदि सबै छनोटका आधारहरू यिनै शब्दभण्डारप्रति बढी केन्द्रित छन् तर भाषामा छनोटको सिद्धान्त अनुसार छनोट हुने गरेका अन्य क्षेत्रहरू पनि छन् । जुन निम्न देखिन्छन् :

१. वर्ण

२. रूप

३. पदावली

४. वाक्य

५. सङ्कथन

६. अर्थ

७. वर्णविन्यास

८. प्रकार्य आदि ।

## २.५ पाठ्यवस्तु स्तरणको परिचय

स्तरण भनेको छनोटद्वारा सीमाङ्कन गरिएको कच्चा सामग्रीलाई व्यवस्थित अनुक्रममा ढालेर शिक्षण योग्य बनाइ व्यवस्थित बनाउनु हो । छनोट गरिएका पाठ्यवस्तुलाई पहिला के, त्यसपछि के र कुन रूपमा शिक्षण गर्ने भन्ने कुराको व्यवस्थित र वैज्ञानिक अनुक्रम मिलाउने प्रक्रिया नै स्तरण हो । ढकाल;२०६४:६५-५५) । स्तारण शब्दको अर्थ शब्दसागर शब्दकोषमा फैलाउने, फिजाउने विछ्याउने आदि काम भनेर उल्लेख गरिएको छ । (शर्मा वसन्तकुमारः नेपाली शब्दसागर २०५७: १३६०) शिक्षार्थीको उमेर, उनीहरूको भाषिक पृष्ठभूमि र विषयवस्तुको सरल जटिल अवस्थाका बीचको सामञ्जस्य सम्बन्ध वा अनुकूलनतालाई स्तरण भनिन्छ । (ढकाल; २०६७ : ६७) ।

विद्यार्थीको पृष्ठभूमि र उमेरको वृद्धिसँग मेल खाने गरी पाठ्यवस्तु अनुक्रमित गर्ने प्रक्रियालाई स्तरणका नामले चिनिन्छ । भाषा सिकाइ शारीरिक, मानसिक र वौद्धिक प्रक्रिया भएकाले छनोट भएका सबै विषयहरू न त सरलै सरल न त जटिलै जटिल छनोटमा परेका पाठ्यवस्तुलाई मनोवैज्ञानिक र शिक्षणीय दृष्टिले कुन पहिले र कुन पछि भनेर निर्धारण गरिने क्रमलाई स्तरणले जनाउँछ । अन्य स्तरणमा झै भाषा पाठ्वस्तुको स्तरणमा पनि ज्ञातबाट अज्ञाततिर, सामान्यबाट विशिष्टतिर सरलबाट जटिलतिर, स्थुलबाट सूक्ष्मतिर जस्ता सिद्धान्तको प्रयोग हुन्छ ।

व्यवस्थित र वैज्ञानिक रूपमा पाठ्यवस्तुको स्तरण नहुँदा शिक्षण सिकाइ असहज, दुरूह र अन्योलपूर्ण हुन पुग्छ जसले गर्दा पाठ्यक्रमले गरेको अपेक्षा अधुरो र अपुरो हुन्छ । समसामयिक आवश्यकता र भावी चुनौतीको सहज सामना गर्न सक्ने योग्य र दक्ष नागरिक तयार गर्ने आकाङ्क्षालाई पूरा गर्न मनोवैज्ञानिक र शैक्षणिक सिद्धान्तअनुकूलको व्यवस्थित स्तरण आवश्यक हुन्छ ।

### २.५.१. भाषापाठ्यवस्तु स्तरणको आवश्यकता

उमेरको बृद्धिसँगै शिक्षार्थीहरूको सोच्ने, विचार गर्ने, सम्झने र तर्क गर्ने क्षमता विकसित हुँदै जान्छ । आफ्नो सेरोफेरोलाई मात्र बुझ्ने विद्यार्थी सेरोफेरोभन्दा परको कुरा बुझ्ने र व्यक्त गर्ने क्रममा अघि बढीरहेको हुन्छ । त्यसैले सरल पाठ्यवस्तुबाट

प्रवेश गराएर क्रमशः जटिलतर्फ उन्मुख गर्दै लैजानुपर्ने आवश्यकतासँग स्तरणको सम्बन्ध देखिन्छ । आधारभूत कुरा नसिकी वा नसिकाई जटिल कुरा सिकाउने चेष्टा गर्दा अपेक्षित उपलब्धि हासिल हुँदैनन् । त्यसैले छनोटमा परेका विषयवस्तुलाई सरलबाट जटिल, नजिकबाट टाढा, सामान्यबाट विशेष जाने शिक्षणका सिद्धान्तको अवलम्बन गरी वैज्ञानिक र व्यवस्थित अनुक्रम मिलाउन पनि स्तरणको आवश्यकता देखापर्दछ । भाषा पाठ्यवस्तु स्तरणको आवश्यकतालाई बुँदागत रूपमा यसरी पनि प्रस्तुत गर्न सकिन्छ :

१. यसले विद्यार्थीहरूको पूर्वक्षमता अनुरूप भाषा शिक्षण गर्न मद्दत गर्छ ।

२. पाठ्यक्रमका उद्देश्यहरूको प्रभावकारी प्राप्तिका लागि स्तरणको आवश्यकता पर्दछ।

३. यसले छनोट भएका पाठ्यवस्तुको अनावश्यक पुनरावृत्तिलाई घटाउँछ ।

४. यसले सिकाइ प्रक्रियालाई सरल, व्यवस्थित र सन्तुलित बनाउन मद्दत गर्दछ ।

५. शैक्षिक र मनोवैज्ञानिक ढङ्गले उपयुक्त शिक्षणको निम्ति पाठ्यस्तुलाई व्यवस्थित र वैज्ञानिक अनुक्रममा ढाल्न स्तरण आवश्यक छ ।

६. यसले दोस्रो भाषा शिक्षणमा वैज्ञानिक प्रविधि र व्यवस्थित पाठ्यवस्तुको संयोजन गर्दछ ।

७. बढी आवश्यक कुराहरूलाई कम आवश्यक पाठ्यवस्तुभन्दा पहिलो शिक्षण गर्नका लागि पनि स्तरण जरूरी छ ।

८. यसले छोटो समयमा धेरै सिकाइ उपलब्धि हासिल गर्न मद्दत गर्दछ ।

९. पाठ्यवस्तुको उपयुक्त स्तरण भएमा पहिले सिकिएका कुराहरू पछि सिकाउने कुराहरूको सहयोगी हुन सक्छन् ।

**२.५.२ छनोट र स्तरणमा भिन्नता**

समग्रमा छनोट र स्तरण प्रक्रियाले भाषा शिक्षणलाई प्रभावकारी रूपले सञ्चालन गरी लक्षित विद्यार्थीलाई रूचिप्रद किसिमले शिक्षण सिकाइमा अभिप्रेरित गर्न सहयोग पुऱ्याउँछ । यी दुबैको छुट्टाछुट्टै भूमिका रहेको हुन्छ । पाठ्यवस्तु प्रस्तुतिकरणका प्रक्रियामा एकपछि अर्को गरी आउने दुईवटा चरण छनोट र स्तरणमा स्तरणको निम्ति

छनोटको आवश्यकता पर्दछ भने पाठ्यवस्तुको छनोट गर्नुपर्ने कारण पनि यसको उपयुक्त स्तरण गर्नु नै हो ।

पाठ्यवस्तुको अथाह ज्ञानराशीबाट सम्बन्धित तहका लागि आवश्यक पर्ने पाठ्यवस्तु छान्ने वा रोज्ने काम छनोट हो भने छनोट गरिएका पाठ्यवस्तुहरूलाई सरलबाट जटिलताको अनुक्रममा प्रस्तुत गर्ने काम स्तरण हो । यसरी हेर्दा छनोट पूर्ववर्ती चरण हो भने स्तरण पश्चवर्ती प्रक्रियाका रूपमा देखिन्छ । सिकाइ कार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने कच्चा सामग्री जुटाउने कार्य छनोट हो भने तिनै सङ्कलित पाठ्यवस्तुलाई शैक्षणिक र मनोवैज्ञानिक दृष्टिले उपयुक्त क्रममा राख्ने कार्य स्तरण अर्न्तगत पर्दछ । यी दुई बीचको भिन्नतालाई बुँदागत रूपमा यसरी पनि उल्लेख गर्न सकिन्छ :

**छनोट**

१. छनोट कार्य स्तरणभन्दा पहिलो हुन्छ ।

२. यो शिक्षण सिकाइका लागि कच्चा पदार्थ थुपार्ने काम हो ।

३. यसमा कुन कुन पाठ्यवस्तुको शिक्षण गर्ने भनी छान्ने वा रोज्ने कार्य गरिन्छ ।

४. यसबाट पाठ्यवस्तुहरूको अव्यस्थित समूह प्राप्त हुन्छ ।

५. यो पाठ्यवस्तुको क्षेत्र र परिणामसँग सम्बन्धित कार्य हो ।

६. यो पाठ्यवस्तुको सीमाङ्कन र सूचीकरण गर्ने कार्य हो ।

७. यो प्रथम भाषा तथा द्वितीय भाषाको लागि तथा जुनसुकै तहका लागि आवश्यक छ ।

८. यो आन्तरिक र वाहय प्रभावकका साथै विशेषज्ञको अर्न्तदृष्टिबाट पनि प्रभावित हुन्छ ।

**स्तरण**

१. स्तरण कार्य छनोटपश्चात गरिन्छ ।

२. यो थुपारिएका कच्चा पदार्थलाई प्रशोधन गरेर शिक्षणयोग्य बनाउने कार्य हो ।

३. यसमा छनोट भएका पाठ्यवस्तुहरूलाई खास नियम अनुसार क्रममा मिलाएर राखिन्छ ।

४. छनोटबाट प्राप्त पाठ्यवस्तुहरूलाई वैज्ञानिक पद्धतिबाट व्यवस्थित गरिन्छ ।

५. यो शिक्षण सिकाइ प्रक्रियासँग सम्बन्धित कार्य हो ।

६. यो पाठ्यवस्तुलाई शिक्षणीय दृष्टिले अनुक्रमण मिलाउने कार्य हो ।

७. यो दोस्रो भाषा शिक्षणमा र प्रारम्भिक तहमा बढी प्रभावकारी हुने गर्दछ ।

८. यो शैक्षिक सिद्धान्त र मनोवैज्ञानिक आधारहरूबाट प्रभावित हुन्छ ।

### २.५.३ स्तरणको प्रक्रिया र प्रकार

#### २.५.३.१ स्तरणको प्रक्रिया

विषयवस्तुलाई निश्चित अनुक्रममा व्यवस्थित बनाउने काम स्तरणको प्रयोजनभित्र पर्दछ । छनोट पश्चात ती छनोट भएका सामग्रीलाई के कस्तो आधारमा के कसरी विश्लेषण गर्ने भन्ने प्रक्रियासँग स्तरण सम्बन्धित छ । छनोटका प्रकार सबै आधारले यसलाई प्रभाव पारे पनि प्रमुख आधार भने शैक्षाणिक तथा मनोवैज्ञानिक आधार नै हो । विद्यार्थीको उमेर, रूची, आवश्यकता र पूर्व भाषिक क्षमताअनुसार पाठ्यवस्तुलाई क्रमवद्ध रूपमा प्रस्तुत गर्नुपर्ने भएकाले शैक्षाणिक र मनोवैज्ञानिक आधारले विशेष भूमिका खेलेको हो । स्तरणको सैद्धान्तिक आधार अर्न्तगत मूर्तबाट अमूर्त, ज्ञातबाट अज्ञाततिर, समग्रबाट अशंतिर, स्थुलबाट विशेषतिर, नियमितबाट अनियमिततिर रहेको हुन्छ । भाषाशिक्षण सिकाइका लागि जुटाइएका कच्चा सामग्री लाई प्रशोधित गरी शिक्षणीय क्रममा ढाल्ने प्रक्रिया स्तरण हो ।

भाषा पाठ्यवस्तुको स्तरण विभिन्न एकाइहरूमा हुने गर्दछ । ती तत्त्वहरू निम्न छन् :

क. वर्णात्मक

ख. रूपात्मक

ग. शब्दभण्डारगत

घ. वाक्यात्मक

ङ. सङकथनगत्

यस्ता स्तरणहरू सामान्यतया दुई तरिकाले गरिन्छन् । जस्तै

**क. एकीकृत रूपमा**

भाषालाई टुक्रा गर्न सकिदैन भन्ने सिद्धान्तमा आधारित स्तरण नै एकीकृत स्तरण हो । भाषाका साना देखि ठूला एकाइहरू तथा भाषाका सीपहरूको एक आपसमा पूर्वापर सम्बन्ध रहन जाने भएकाले स्तरण पृथकीकृत रूपले गर्न खोज्नु अव्यवहारिक देखिन्छ । अतः भाषालाई रूप, वर्ण, शब्द आदिमा टुक्रयाएर एकपल्टमा एउटाको मात्र स्तरण नगरी भाषाका सबै पक्षको एकसाथ स्तरण गर्ने प्रक्रियालाई नै स्तरणको एकीकृत प्रक्रिया भन्ने बुझ्उँछ । यो सङकथनको तहमा मात्र हुन्छ र अचेल यसलाई बढी महत्व दिइन्छ ।

**ख. पृथकीकृत रूपमा**

यो भाषालाई विभिन्न एकाइमा टुक्रा गर्न सकिन्छ भन्ने व्यावहारवादी सिद्धान्तमा आधारित स्तरणको प्रक्रिया हो । अतः वर्ण, रूप, शब्द, वाक्य र सङकथनलाई एकै साथ प्रस्तुत नगरी एकपटकमा एउटा मात्र प्रस्तुत गरी पाठ्यवस्तुको स्तरण गर्ने प्रक्रिया नै पृथकीकृत प्रक्रिया हो । यस प्रकारको स्तरण प्रक्रिया तुलनात्मकरूपमा सरल प्रकारको भएपनि यसलाई एकीकृत स्तरण मानिदैन । यस अनुसार पहिले एउटा तहलाई क्रमिक रूपमा प्रस्तुत गरिसकेपछि क्रमशः अन्य तहलाई प्रस्तुत गर्ने गरिन्छ । भाषातत्त्व वा भाषिक व्यवस्थाको सैद्धान्तिक अवधारणा दिने र भाषाको संरचनात्मक क्षमता अभिवृद्धि गर्ने उद्देश्यमा आधारित पाठ्यवस्तुको स्तरण गर्दा पृथकीकृत प्रक्रियालाई उपयोगमा ल्याउन सकिन्छ ।

**२.५.३.२ स्तरणको प्रकार**

भाषाशिक्षणमा स्तरणको ठूलो भूमिका हुने गर्दछ । भाषाशिक्षण गर्नुपर्ने अवस्थामा आवश्यक पर्ने पाठ्यवस्तु छनोट भएपछि गरिने औचित्यपूर्ण शैक्षाणिक प्रक्रिया नै स्तरण हो । कस्तो किसिमको पाठ्यवस्तुको छनोट र कस्तो किसिमको रखाइ हुने भन्ने कुरा स्तरणमा भर पर्ने कुरा हो । स्तरणलाई विभिन्न प्रकारमा विभाजन गरिएको छ । ती मध्ये स्तरणका प्रमुख प्रकारहरू निम्नानुसार छन् ।

क. रेखीय स्तरण

ख. चक्रीय स्तरण

ग. परम्परागत स्तरण

घ. व्याकरणात्मक स्तरण

ङ. सम्प्रेषणात्मक स्तरण

च. प्रकार्यात्मक स्तरण

यी सबै स्तरणका प्रकारहरूलाई सङ्क्षेपमा यसरी केलाउने काम गरिएको छ :

**क. रेखीय स्तरण**

भाषालाई विभिन्न एकाइहरूमा टुक्रा गर्न सकिन्छ भन्ने व्यवहारवादी सिद्धान्तमा आधारित पृथकीकृत प्रक्रियासँग सम्बन्धित स्तरण नै रेखीय स्तरण हो । यसलाई पंक्तिय स्तरण पनि भनिन्छ । यस्तो स्तरणमा सर्वप्रथम भाषालाई विभिन्न एकाइहरूमा टुक्रा गरिन्छ र त्यसपछि त्यस्ता प्रत्येक टुक्रालाई सरलबाट जटिल आदिको क्रममा मिलाएर राखिन्छ । यो पृथकीकृत प्रक्रियासँग सम्बन्धित भएकोले एकपल्टमा एउटामात्र क्षेत्र वा पक्षमा ध्यान दिइन्छ अर्थात् शिक्षण गर्नका लागि दिइएको पाठ्यवस्तुलाई सविस्तार पूर्वक शिक्षण गरिसकेपछि अर्को पाठ्यवस्तुलाई विस्तारपूर्वक प्रस्तुत गर्ने प्रक्रिया अवलम्बन गरिन्छ । रेखीय स्तरणका विशेषताहरू निम्न छन् :

१. यो भाषा शिक्षण सम्बन्धी व्यवहारवादी सिद्धान्तमा आधारित छ ।

२. यसमा पाठ्यवस्तुलाई विभिन्न भाषिक एकाइमा विभाजन गरिन्छ ।

३. यसबाट कार्यक्रमबद्ध सिकाइ गर्न सकिन्छ ।

४. यो पृथकीकृत प्रक्रियामा आधारित हुन्छ ।

५. यसमा भाषाका समग्र एकाइहरूलाई संयोजन गरी सिङ्गो बनाउने गरिदैन ।

६. यसमा एकपटक प्रस्तुत गरिएको भाषिक एकाइ दोहोर्‍याएर प्रयोग गरिदैन ।

७. विभाजित पाठ्यवस्तुलाई सरलबाट जटिल तिरको सिद्धान्त अनुसार स्तरण गरिन्छ ।

**ख. चक्रीय स्तरण**

चक्र घुम्दा प्रत्येक छेउ घुमेर पहिलेकै स्थानमा आएझैं छनोट भएका पाठ्यवस्तुहरू वारम्बार दोहोरिएर प्रस्तुत गर्ने स्तरणको तरिकालाई चक्रीय स्तरण भनिन्छ । अतः यसमा एकपल्ट  प्रस्तुत गरिएका भाषिक एकाइलाई अन्य कुरा सिकाइ सकेपछि

एकीकृत गर्दै पुनः प्रस्तुत गरिन्छ । त्यसैले यसमा प्रस्तुत गरिने पाठ्यवस्तुको क्रम सरल नभई चक्र घुम्ने गर्छ । चक्रीय स्तरणका विशेषताहरू निम्न छन् :

- यसमा पहिले प्रस्तुत गरिएका पाठ्यवस्तुलाई नयाँ परिवेशमा पुनः प्रस्तुत गरिन्छ ।
- यो भाषिक एकाइहरू एकआपसमा सम्बन्धित हुन्छ, पृथक हुँदैन भन्ने मान्यतामा आधारित छ । अतः यो एकीकृत स्तरण प्रक्रियामा आधारित छ ।
- एकपटक सिकेको कुरा नयाँ परिवेशमा पुनः आउने हुँदा यसमा पहिलो सन्दिग्ध रहेका कुराहरू स्पष्ट हुँदै जाने हुन्छ ।
- पहिले सिकेका कुराहरू जस्ताको तस्तै पुनरावृत नभई नयाँ परिवेशमा आउने हुँदा शिक्षार्थीलाई एउटै कुरा दोहोऱ्याएको भन्ने एकाङ्गीपनाको अनुभूति हुँदैन ।
- यस्तो स्तरण प्रारम्भिक तहमा अत्यन्तै उपयोगी हुन्छ ।
- यसले भाषाको सैद्धान्तिक पक्षलाई भन्दा व्यवहारिक पक्षलाई बढी जोड दिन्छ ।
- दोस्रो भाषा सिकाइमा प्रशस्त पुनरावृतिको आवश्यकता पर्ने हुनाले उक्त सिकाइमा यो अत्यन्तै उपयोगी हुन्छ ।
- यसमा भाषाका प्रत्येक एकाइलाई सापेक्ष रूपमा प्रस्तुत गरिने हुनाले पहिले सिकेका कुराहरू पछिका निम्ति आधारभूत पक्षका रूपमा रहन्छ ।
- यसले एकीकृत स्तरण प्रक्रियाको अवलम्बन गर्ने हुनाले यो सम्प्रेषणात्मक शिक्षणको साथै सङ्कथन स्तरको शिक्षणमा पनि उपयोगी हुन्छ ।

**ग. परम्परागत स्तरण**

शिक्षण सिकाइ प्रक्रियाका आधुनिक मनोवैज्ञानिक प्रक्रियालाई वेवास्ता गर्दै स्तरणकर्ताको आफ्नै तर्फको एकै किसिमले अभ्यास गराई धारणात्मक र ज्ञानमूलक शिक्षण गर्ने स्तरण पद्धतिलाई परम्परागत स्तरण पद्धति भनिन्छ । यस्तो स्तरण अवैज्ञानिक हुने भएकाले आजभोलि यस्तो स्तरण गरेको पाइदैन । यसका केही विशेषताहरू निम्न देखिन्छन् :

- यसमा कुनै व्यक्ति वा व्यक्तिहरूको तर्कको आधारमा स्तरण गरिएको हुन्छ ।
- यो व्याकरणानुवाद शिक्षण विधिमा बढी प्रयोग गरिने स्तरण पद्धति हो ।

- यो सीपमूलकभन्दा बढी ज्ञानमूलक हुने गर्दछ ।
- यो स्तरणमा व्याकरणका नियमहरूलाई कण्ठस्थ गर्न लगाउने किसिमले प्रस्तुत गरिएको हुन्छन् ।
- यस्तो स्तरणमा कथ्य सीपमा भन्दा लेख्य सीपमा बढी जोड दिइएको हुन्छ ।
- तार्किक, वौद्धिक र विधागत पाठ्यवस्तुलाई विभिन्न समूह र उपसमूहमा विभाजन गरी प्रस्तुत गरिने स्तरण पनि हो ।

**घ. सम्प्रेषणात्मक स्तरण**

सरल सहज रूपमा भाषिक विषयलाई सम्प्रेषण गर्नका लागि निर्धारण गरिएको स्तरण नै सम्प्रेषणात्मक स्तरण हो । पाठ्यवस्तुलाई सरलदेखि जटिलको क्रममा गरिएको स्तरण नै सम्प्रेषणात्मक स्तरण भनेर बुझाउँछ । यसभित्र व्याकणात्मक सामर्थ्य, समाज मनोवैज्ञानिक सामर्थ्य, सङ्कथन सामर्थ्य र रणनीतिक सामर्थ्य गरी चारकुराहरू पर्दछन् । यसका विशेषताहरू निम्न छन् ।

- भाषा शिक्षणको सम्प्रेषणात्मक पद्धतिमा आधारित हुन्छ ।
- भाषिक एकाइको भन्दा भाषा प्रयोगका परिवेशको स्तरणमा बढी जोड दिनु ।
- पहिलो सीमित परिवेशमा र पछि सामाजिक परिवेशमा भाषा प्रयोग गर्ने गरी स्तरण गरिनु ।

**ङ. प्रकार्यात्मक स्तरण**

भाषाका विभिन्न प्रकार्यहरूलाई छनोट गरी तिनको स्तरण गर्ने कार्यलाई प्रकार्यात्मक स्तरण भनिन्छ । अनुरोध, निषेध, सूचना, स्वागत, प्रश्न, निवेदन, सुझाव, स्नेह, करूणा, क्षमा, क्रोध आदि भाषिक प्रकार्यहरू हुन् । यिनै प्रकार्यहरूलाई सरलबाट जटिल क्रममा स्तरण गर्ने कार्य नै प्रकार्यात्मक स्तरण हो । यसका विशेषताहरू निम्न छन् ।

- यसका भाषिक संरचनाहरूको नभइ भाषिक प्रकार्यहरूको स्तरण गरिन्छ ।
- यसमा प्रकार्यमूलक पाठ्यक्रमको सिद्धान्तअनुसारको स्तरण गरिन्छ ।
- यस्तो स्तरण पहिलो भाषामा भन्दा दोस्रो भाषा शिक्षणमा उपयोगी हुन्छ ।

- यसमा खास व्याकरणात्मक एकाइको चयन गरी त्यसलाई केन्द्रमा राखेर स्तरण गरिन्छ ।

पाठ्यपुस्तकमा पाठ्यवस्तुको छनोट र स्तरणलाई पाठको प्रस्तुति मानिन्छ । विद्यार्थीको रूचि, उमेर, तह र क्षमतालाई आधार मानेर पाठ्यपुस्तकका विधाहरू क्रमिकरूपमा वितरण गर्नुपर्दछ । यसरी पाठलाई वितरण गर्दा सरलदेखि जटिल ज्ञातदेखि अज्ञात, नियमिततादेखि अनियमितातर्फ उन्मुख गराउनु औचित्यपूर्ण देखिन्छ । पाठ्यपुस्तक निर्माणका विधागत विविधतालाई विशेष ख्याल गर्नुपर्दछ । कथा, कविता, जीवनी, रूपक, चिठी, निबन्ध, दैनिकी आदिलाई स्तर अनुरूप मिलाएर राख्नुपर्छ । वालसाहित्य लोकसाहित्य आदिबारे पनि स्तर, रूचि, अनुभव आदि अनुकूल हुनेगरी पाठ्यपुस्तकमा विविध किसिमका विधाहरूलाई र पहिलो कक्षाले दोस्रो कक्षालाई सहयोग गर्ने प्रवृत्तिको विधागत छनोट र स्तरण मिलाई प्रस्तुति योजना बनाउनुपर्दछ ( दाहाल; २०६४:२५) ।

पाठ्यक्रमको सफल कार्यान्वयन समाजका आवश्यकताहरूको पहिचान गरेर त्यसैका आधारमा निर्धारित लक्ष्यहरूको व्यावहारिक कार्यान्वयन त्यसकै आधारमा सापेक्षतामा छनोट गरिएका शैक्षणिक पाठ्यवस्तुको सफल स्तरण तथा समन्वयमा भर पर्दछ । भाषा पाठ्यक्रमको पाठ्यवस्तु भाषा सिकाउने प्रयोजनका लागि भएकाले यसमा विषयवस्तुको बोझ हुनु हुँदैन । भाषिक सीपहरूका अनेक पक्षहरूको क्रमवद्ध प्रस्तुतिमा दृष्टि पुऱ्याउनु पर्दछ । गद्य शिक्षणका क्रममा लामा पाठहरूको छनोट गरिनु तल्ला तहका विद्यार्थीका लागि उपयुक्त ठानिदैंन । नाटक, उपन्यास छुट्टै पुस्तकहरू माध्यमिक तहको पाठ्क्रममा राख्नु उपयुक्त हुँदैन (ढुङ्गेल र दाहाल; २०६४: २५) ।

## २.६ खाली ठाउँ भर्ने परीक्षा

भाषा शिक्षणका सन्दर्भमा व्यवहारिक भाषा परीक्षण विधिका रूपमा देखापरेको परीक्षा विधि नै क्लोज परीक्षा हो । यसलाई खालीठाउँ भर्ने परीक्षाका रूपमा पनि लिइन्छ । यस प्रक्रियाद्वारा उपयोगमा ल्याइने प्रश्नहरू सामान्यतः कुनैपनि पाठ्यपुस्तकका गद्यांशमा आधारित हुन्छन् । विभिन्न विधाहरूबाट निश्चित अनुच्छेद छनोट गरी त्यस अनुच्छेदका शब्द समूहबाट प्रत्येक पाँचौ, छैटौ, सातौ वा नवौं (शर्मा:

केशवप्रसाद : क्लोज र सी परीक्षण २०५३: ६) आदि विविध अन्तरालमा शब्द हटाएर प्रश्न निर्माण गरिन्छ । यसरी अनुच्छेदका औं शब्द हटाएर खाली ठाँउ राखिन्छ । त्यही खाली ठाउँमा हटाइएका शब्द परीक्षार्थीहरूले पत्ता लगाएर दिइएका खाली ठाँउ भर्नुपर्दछ । क्लोज प्रक्रियामा अन्य प्रकारका व्याकणात्मक तत्त्वहरू हटाउने चलन पनि छ (शर्मा, क्लोज र सी परीक्षा; २०५३) । क्लोज अनुच्छेदको छनोट परीक्षणको उद्देश्यमा भर पर्दछ । यदि कठीनाइस्तरको आधारमा कथा, नाटक तथा निबन्ध भए स्तवन्त्र रूपले अनुच्छेद छनोट गर्न सकिन्छ । पाठ्यपुस्तकको निश्चित पृष्ठबाट नमुनाका रूपमा विभिन्न अनुच्छेद छनोट गर्दा यादृच्छिक विधि अपनाएर पुस्तकको जम्मा पेज पत्ता लगाएर निश्चित अन्तरालमा पर्ने पृष्टहरूलाई आाधार बनाउन सकिन्छ । परीक्षाको औचित्यको आधारमा पूरै पाठ्यपुस्तकको कति अनुच्छेद लिने हो सोको निर्धारण अन्वेषकले पहिले नै गर्नुपर्छ ।

क्लोज परीक्षाको निर्माणमा के अथवा कुन कुन शब्द हटाउने भन्ने कुराको धरै महत्व हुन्छ किनकि अन्य उमेर समूहलाई कम अन्तरालमा शब्द हटाउनुपर्छ । आवश्यक मात्रामा क्लोज अनुच्छेदको छनोट गरिसकेपछि जाने भन्ने कुरा विचारणीय हुन्छ । लक्षित समूहको उमेर तथा स्तरलाई मध्यनजर राखी यो कार्य गर्नुपर्ने हुँदा यसको प्रभावकारी उपयोगिताका दृष्टिले नै शब्द हटाउने पक्ष बढी महत्त्वपूर्ण हुने गर्दछ ।

## २.७ निष्कर्ष

पाठ्यक्रममा तोकिएको उद्देश्य परिपूर्ति गर्नेगरी पाठ्यवली रोज्नुलाई नै पाठ्यवलीको छनोट भनिन्छ । होचुवाको तालमा पाठ्यवली राखियो भने तोकिएको लक्ष्य वा उद्देश्य प्राप्त गर्न सकिँदैन । त्यसकारण पाठ्यवली छनोट त्यसै आधारमा गरिएको छ । छनोटको परिचय,आवश्यकता, छनोटका आधारहरु, छनोटको बाह्य आधार अन्तर्गत उद्देश्य, विद्यार्थीको तह वा स्तर, समयावधि, वातावरण , सिकारुको क्षमता आदि पर्दछन् भने छनोटको आन्तरिक आधार अन्तर्गत भाषिका, प्रयोजनपरक भेद, शैली, माध्यम र भाषातत्व पर्दछन् । त्यसैगरी स्तरणको प्रकारहरु पनि स्तरणका सैद्धान्तिक एवम् अपरिहार्य पक्ष हुन् ।

अन्ततः छनोट गरिएका पाठ्यवलीहरुलाई निश्चित क्रम मिलाएर राख्नुलाई पाठ्यवली स्तरण भनिन्छ । स्तरण गर्ने विभिन्न प्रकारहरु रहेका छन् तर सबैलाई उपयुक्त तथा मान्य भएका रेखीय, चक्रीय, परम्परागत व्याकरणात्मक, सम्प्रेषणात्मक, र प्रकार्यात्मक गरी जम्मा ६ प्रकारमा स्तरणलाई वर्गीकरण गर्न सकिन्छ ।

# परिच्छेद - तीन

# छनोट र स्तरणका आधारमा वर्तमान माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन

## ३.१ भाषा पाठ्यपुस्तकको परिचय र परिभाषा

शिक्षण सिकाइ प्रक्रियाको मूलभूत मार्गचित्र पाठ्यक्रमले सिकाइ अनुभवलाई सङ्गठित गर्ने भएकाले निश्चित उद्देश्य हासिल गर्नका लागि बनाइएको योजनाको खाकालाई पाठ्यक्रम भनिएको छ । समाजका आवश्यकतानुरूप ज्ञानको प्रसारण गर्ने उद्देश्य राखेको पाठ्यक्रमले पाठ्यवस्तुलाई सङ्कलन गरेको हुन्छ । पाठ्यक्रम सिकाइ योजना हो र पाठ्यक्रमले निर्देशित गरेका पाठ्यवस्तुहरूलाई एकीकृत गरी सिकाइ प्रक्रियालाई सरल , सहज र सर्वसुलभ बनाउने सामग्री पाठ्यपुस्तक हो । पाठ्यक्रमको उद्देश्य र भावना अनुरूप पाठ्यपुस्तकहरू निर्माण गरिएका हुन्छन् (वाग्ले र पौडेल : पूर्ववत्:५०) । पाठ्यक्रमको निर्धारित लक्ष्य पूरा गर्न आवश्यक शिक्षण सिकाइ क्रियाकलापको सञ्चालनका लागि सहयोगी प्रमुख साधनका रूपमा पाठ्यपुस्तकलाई लिइन्छ । (ढुङ्गाना; २०६५:२८८)

भाषा पाठ्यक्रमका उद्देश्यहरू परिपूर्तिका लागि भाषा पाठ्यक्रमभित्र रहेर कुन विषयमा विधाको कतिभाग , कति समय भित्र कसरी सिकाउन सकिन्छ ? भन्ने जस्ता कुराहरूको मनन् गरी विद्यार्थीको उमेर , रूचि , स्तर , आवश्यकता, तह आदिको अनुशरण हुने गरी भाषा पाठ्यपुस्तकको निर्माण गरिएको हुन्छ । अर्थात् भाषा पाठ्यक्रमले गरेको अपेक्षा परिपूर्ति गर्ने ध्येय राखेर खास तल्लो कक्षा स्तरका निमित्त प्रस्तावित र अनुमोदित भाषा सिकाउने आधिकारिक सामग्रीलाई भाषा पाठ्यपुस्तक भनिन्छ । (ढकाल; पूर्ववत्:१०२) भाषिक सीप र भाषातत्त्वको ज्ञान गराउनु भाषा पाठ्यपुस्तकको प्रमुख कार्य भएकाले सोही अनुरूपका विषयवस्तु वा विधाको संयोजन त्यसमा गरिएको हुन्छ । भाषिक उद्देश्य द्वारा निर्देशित प्रयुक्त विषय, विधा, व्याकरण जस्ता सामग्रीहरू भाषा पाठ्यपुस्तकमा प्रयुक्त हुन्छन् । भाषा पाठ्यपुस्तकले पाठ्यक्रमका निर्दिष्ट उद्देश्यहरू प्राप्तिका लागि विद्यार्थी र शिक्षक दुवैलाई मार्ग

निर्देशन गर्दछ । यसले शिक्षकलाई कुन तह र कक्षाका विद्यार्थीहरूलाई के कस्ता विषयवस्तु के कसरी प्रदान गर्ने ? कति समयभित्र रही पढाउने भन्ने कुराको निर्क्यौल गर्न सहयोग पुऱ्याउँछ भने विद्यार्थीलाई पनि गृहकार्य गर्न , पुनरावृत गर्न र विभिन्न अभ्यासहरू गरी सिकाइलाई स्थायी बनाउन सघाउ पुऱ्याइरहेको हुन्छ ।

भाषा शिक्षणका लागि उपयोग गरिने महत्वपूर्ण आधार सामग्री भाषा पाठ्यपुस्तकमा भाषिक बोध र अभिव्यक्तिको क्षमता विकास गराउने गरी अभ्यासहरू समेटिएका हुन्छन् । भाषिक सीप विकास र भाषातत्वको सुफ प्राप्तिमा केन्द्रित रहने भाषा पाठ्यपुस्तकमा सन्दर्भ चित्रहरू पनि महत्वपूर्ण मानिन्छन् । यस्तो शैक्षणिक महत्त्व राख्ने भाषा पाठ्यपुस्तकलाई सामग्रीको रूपमा उपयोग गरी विद्यार्थीलाई विविध भाषिक क्रियाकलापमा संलग्न गराउनु उपयुक्त हुन्छ । भाषा पाठ्यपुस्तकले शिक्षक र विद्यार्थी दुबैलाई शिक्षण सिकाइ प्रक्रिया सफल, प्रभावकारी, उद्देश्यमूलक ढङ्गले अघि बढाउन र शिक्षण क्रियाकपालको मूल्याङ्कन गर्न समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । विद्यार्थीका उच्चारण क्षमता, पठनबोध, पठनकुशलता तथा सिकाइ सन्दर्भको पृष्ठभूमिमा पाठ्यपुस्तक आफैमा पर्याय रहने भएकाले यसलाई एउटा उपयोगी र भरपर्दो सामग्री मानी जतिसक्दो त्यसको उपयोग गर्ने र त्यस आधारमा अन्य स्रोत सामग्री र कार्याकलापको पनि उपयोग गर्ने सोच बनाउनु आवश्यक हुन्छ । (शर्मा र पौडेल; २०६०: ३४४)

अपेक्षाकृत रूपमा विद्यार्थीको मनोविज्ञान अनुरूप तयार गरिने आधुनिक भाषा पाठ्यपुस्तकमा क्रम र स्तरणलाई ध्यान दिइएको हुन्छ । जसमा समाज, राष्ट्र र विद्यार्थीका भाषिक आवश्यकताको पनि पहिचान गरी सचेतता अपनाइएको हुन्छ । भाषा सिकाइका आधारभूत सिद्धान्तलाई अवलम्बन गर्नमा सहयोगी एक महत्वपूर्ण सामग्री भाषा पाठ्यपुस्तकले भाषिक सीप विकास तथा भाषातत्वको उपयुक्त सम्पादनका लागि कारकको भूमिका खेलेको हुन्छ । भाषिक सीप सिकाइको प्रयोजनअनुरूप विभिन्न विधाहरूको उपयोग गरिने हुनाले भाषा पाठ्यपुस्तकलाई विविधताको सँगालो पनि भनिन्छ । पाठ्यपुस्तक के हो ? यसले कस कसलाई सहयोग पुऱ्याउँछ ? यसको प्रकृति र स्वरूप कस्तो रहेको हुन्छ ? यसमा समेटिएका विषय

तथा विधाहरू कस्ता हुन्छन् ? भन्नेजस्ता जिज्ञासाको उत्तर खोजी व्यापक परिचय प्रस्तुत गर्नका लागि यस सम्बन्धमा विभिन्न विद्वान एवं संघ संस्थाले अघि सारेका धारणा बुझ्नुपर्दछ । भाषा पाठ्यपुस्तकलाई नै केन्द्रमा राखेर स्पष्ट परिचय र परिभाषा नदिइएको भएपनि यस सन्दर्भमा अघि सारिएका केही धारणाहरू यस्ता देखिन्छन् ( शर्मा र पौडेल : २०६०:३५९) ।

- विद्यालय, विद्यापिठ एवं महाविद्यालयहरूमा विद्यार्थीलाई औपचारिक तवरले पढाउने पुस्तक नै पाठयपुस्तक हो - नेपाली बृहत् शब्दकोश (२०४०) ।
- भाषा पाठ्यपुस्तक सिर्जनात्मक अभिव्यक्तिको सँगालो नभएर यसमा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पूरा गर्नुका लागि उपयुक्त हुने खालका विषयवस्तु र विधाहरूको छनोटको साथै प्रस्तुतिकरणमा पनि सोहि अनुरूप विशेष सचेतता देखिएका सामग्री हुन्छन् । - अधिकारी (२०५३: १८४)।
- पाठ्य विषयवस्तु सङ्कलन गरिएको पुस्तक तथा कक्षामा पढाउनुपर्ने पुस्तकलाई पाठ्यपुस्तक भनिन्छ । -प्रयोगात्मक नेपाली शब्दकोश (२०६०) ।
- भाषा शिक्षणका निम्ति उपयोगी गरिने भाषा पाठ्यपुस्तक विषयवस्तु, भाषिक सीप र व्याकरणको आधारभूत सामग्री समेतको व्यवस्था गरिएको समन्वयात्मक रूप हो । - ढुङ्गेल र दाहाल (२०६२ : ९५) ।
- खास तह र कक्षाका निम्ति पाठ्यक्रमका भाषिक अपेक्षाहरू परिपूर्ति गर्ने गरी विषय विशेषज्ञद्वारा सङ्कलन सम्पादन र लेखन गरिएको शिक्षण तथा सिकाइको महत्त्वपूर्ण सामग्री नै भाषा पाठ्यपुस्तक हो । - ढकाल (२०६४:१०७)
- पाठ्यक्रमको अपेक्षा अनुरूप एउटा निश्चित तह र कक्षाका लागि भाषिक सीप संज्ञानात्मक सीप र व्याकरणका आधारभूत कुरा सिकाउने उद्देश्यले विद्यार्थीहरूको योग्यता, क्षमता र आवश्यकतानुसार तोकिएका विशेषज्ञद्वारा निर्धारित पाठ्याशंहरू समावेश गरी तयार पारिएको महत्वपूर्ण पाठ्यसामग्रीलाई भाषापाठ्यपुस्तक भनिन्छ । - पौडेल (२०६६:१८०)
- भाषापाठ्यक्रमको दायराभित्र रही निर्धारित भाषिक विषयवस्तुलाई विद्यार्थी अनुकूलका पाठयांशमा ढालेर क्रमवद्ध एवं व्यवस्थित ढङ्गको भाषिक सीप र

संज्ञान सिकाउने उद्देश्यले विभिन्न भाषिक विषयवस्तुलाई सँगठित गरी अध्ययन, अध्यापन र अभ्यासमा सहयोग पुऱ्याउन तयार गरिएको उपयुक्त पाठ्यसामग्री नै भाषा पाठ्यपुस्तक हो । - शर्मा र पौडेल (२०६४:३४१)

यिनै माथिका विभिन्न परिभाषाका आधारमा भाषापाठ्यपुस्तकको सन्दर्भमा स्पष्ट धारणा, परिभाषा वा पहिचान किटान गर्न सकिन्छ । सिकाउने तथा भाषा पाठ्यक्रमले निर्देशित गरेका तह, कक्षा र विषयका उद्देश्य परिपूर्ति गर्न प्रस्तुत गरिएको व्यवस्थित महत्त्वपूर्ण स्रोत नै आधिकारिक रूपमा भाषा पाठ्यपुस्तक हो भनेर चिन्न सकिन्छ । माथिका परिभाषाका आधारमा भाषा पाठ्यपुस्तकमा निम्न कुराहरू हुनुपर्दछ :

- भाषा पाठ्यक्रमले अपेक्षा गरेका पाठ्यसामग्री ।
- निश्चित कक्षा र तहका निम्ति तयार पारिएका ।
- भाषा पाठ्यक्रमको दायराभित्र रही निर्माण भएको ।
- विषय विशेषज्ञद्वारा सङ्कलन, सम्पादन र लेखनकार्य गरिएको ।
- निर्धारित विषयवस्तुलाई विद्यार्थी अनुकूलका पाठ्यांशमा ढालेर अध्ययन गर्न सकिने व्यवस्था ।
- अध्ययन, अध्यापन र अभ्यासमा सहयोग पुऱ्याउने खालको
- भाषिक सीप संज्ञान र व्याकरणका आधारभूत सामग्रीको समन्वयात्मक व्यवस्था भएको ।
- भाषिक विषयवस्तु पढाउन शिक्षकका लागि योजना बनाउने साधनका रूपमा प्रयोग हुन सक्ने ।
- विद्यार्थीका लागि अध्ययनको आाधिकारिक र भरपर्दो साामग्रीका रूपमा देखिने खालको ।

विषयवस्तुलाई साधन वा माध्यमको रूपमा उपयोग गर्दै तिनका माध्यमबाट भाषिक सीपको शिक्षण सिकाइमा जोड दिने गरी भाषा पाठ्यक्रमकै आधारमा भाषा पाठ्यपुस्तक निर्माण गरिन्छ । शिक्षण सिकाइका निम्ति साध्य र साधन दुबै भएकाले यसको तयारी र लेखनमा विद्यार्थीको उमेर, आवश्यकता, स्तर र पाठयक्रमका साधारण र सीपगत उद्देश्यलाई ख्याल गरिएको हुनुपर्दछ । निष्कर्षमा के भन्न सकिन्छ

भने भाषा पाठ्यक्रमको सीमाभित्र रहेर त्यसकै अपेक्षा अनुसारका भाषिक सीपहरूको ज्ञान हासिल गर्न गराउनका लागि तयार पारिएको निश्चित तह र कक्षाको औपचारिक शिक्षण सिकाइ प्रक्रियामा उपयोगमा आउने शैक्षिक सामग्री नै भाषा पाठ्यपुस्तक हो ।

## ३.२ वर्तमान मा.वि. तहको नेपाली भाषापाठ्यपुस्तकको परिचय र स्वरूप

विद्यालय तहको पठन-पाठन कार्यमा नेपाली भाषा शिक्षणले महत्त्वपूर्ण स्थान ओगटेको हुनाले प्रारम्भिक तहदेखि नै यो नेपाली विषय अनिवार्य रूपमा अध्ययन हुँदै आएको छ । नेपाली भाषाशिक्षण परम्पराले लगभग एक शताब्दी पार गरिसकेको सन्दर्भमा मा.वि. तहमा पठनपाठन कार्यका लागि भाषा पाठ्यक्रमद्वारा निर्देशित नेपाली भाषापाठ्यपुस्तकको प्रयोग गरिन्छ । भाषिक कुशलता प्राप्तिका लागि स्पष्ट निर्देशन दिदै नेपाली भाषाको प्रयोग वैज्ञानिक ढंगबाट साधारण र तहगत उद्देश्य निर्धारण गरी अध्ययन गर्ने कार्य वि.सं. २०२८ मा रा.शि.प.यो. लागू भएपछि मात्र भएको हो । समयको परिवर्तनसँगै विधा र उपविधामा वर्गीकरण, समय विभाजन एवम् भाषातत्त्वको छनोट तथा स्तरण आदिको आकारमा व्यवस्थित पाठ्यपुस्तक लेखनको थालनी वि.सं. २०२८ सालपछि भएको हो ।

परम्परादेखि नै नेपाली भाषा सम्पूर्ण नेपालीहरूको साझा भाषा रहेको र हाल सरकारी कामकाज तथा सम्पर्क भाषाको रूपमा रहेको हुँदा यसका लागि उपयुक्त पाठ्यक्रम एवम् पाठ्यसामग्री हुनुपर्दछ भन्ने कुरामा दुई मत छैन । कक्षा प्रस्तुतिकरणको प्रमुख आधार नै पाठ्यपुस्तक हुने भएकोले यो पाठ्यक्रमको प्रयोगात्मक सर्न्दभ सामग्री पनि हो । रा.शि.प.यो परियोजनाको मध्यावधि मल्याङ्कन पछि कक्षा ८, ९ र १० लाई माध्यमिक तह मानिए पनि राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९)ले सिफारिस गरेको पाठ्यक्रममा कक्षा ९ र १० लाई मा.वि. तह भनी तोकिएको छ । भाषिक सीप विकासका लागि पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य, क्षेत्र र विधाहरूलाई समेटेर विद्यार्थीको उमेर, बैद्धिक स्तर, क्षमता, रूचि, इच्छा, चाहना र मनोवैज्ञानिक सोंचलाई आधार बनाइ मा.वि. तहका नेपाली भाषा पाठ्यपुस्तकहरू निर्माण गरिएका छन् । पाठ्यपुस्तक राम्रो हुनका लागि सर्वप्रथम पाठ्यक्रम राम्रो बन्नुपर्दछ । वर्तमान माध्यमिक तहको भाषा पाठ्यपुस्तकको स्वरूप

केलाउँदा यसको आन्तरिक र वाहय आधारहरू पनि समेटनुपर्दछ । लक्ष्य बनाएपनि तिनले सो सम्बन्धमा उल्लेख्य हासिल गर्न नसक्दा युगसापेक्ष भाषा पाठ्यक्रम र सोही अनुसार परिवर्तन, राजनीतिक व्यवस्थाको फेरवदल, विश्वव्यापीकरण र नवीनतम् ज्ञानको प्रर्वद्धनका कारण भाषा पाठ्यक्रम र पुस्तक परिमार्जन गर्नुपर्ने देखिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप लगायत सम्बद्ध सरोकारवालाहरूको माग, समाजको आवश्यकता विशेषज्ञहरूको सुझाव, नेपालको लोकतान्त्रिक परिवर्तनले शिक्षा क्षेत्रमा पारेको प्रत्यक्ष प्रभाव आदिका कारण मौजुदा भाषा पाठ्यक्रममा समसामयिक परिमार्जन आवश्यक देखियो । परिवर्तन सन्दर्भ र प्रवेशिका परीक्षा अध्ययन प्रतिवेदनका आधारमा मौजुदा अवस्थामा परिमार्जन गरी कक्षा १० बाट मात्र एस.एल.सी. परीक्षा सञ्चालन गर्ने २०६३/७/१४को नेपाल सरकारको निर्णय कार्यान्वयन भई राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३/१०/२५ समेत स्वीकृत भई सकेको छ । (मा.वि. शिक्षा पाठ्यक्रम, २०६४)

विद्यालय तहका पाठ्यक्रमलाई जनआकाङ्क्षा एवम् देशको परिवर्तित सन्दर्भ अनुकूल समसामयिक परिवर्तन गर्न रा.शि.आयोगको प्रतिवेदन २०४९ र उच्चस्तरीय रा.शि.आ.को प्रतिवेदन २०५५ ले सिफारिस गरेअनुसार २०५५सालमा कक्षा ९ र १० को संयुक्त पाठ्यक्रम तयार भई लागू भएको थियो । एस्.एल्.सी. अध्ययन प्रतिवेदनले सिफारिस गरेपछि ९ र १० का लागि छुट्टा छुट्टै पाठ्यक्रम बनाउनुपर्ने भएकाले दुबै कक्षाहरूको पाठ्यक्रममा समायोजन आवश्यकता भएर नै विषयवस्तुको क्षेत्र तथा क्रम मिलाइ नि.मा.वि. तहको क्रम अनुसार स्तरीकरण मिलाई पुराना कुराहरू हटाइएका छन् भने नवीनतम् कुराहरू थपिएका छन् विधाहरूको स्तर मिलाइएको छ । कतिपय १०मा भएका कुरा ९ मा लगिएका छन् भने ९ का कुराहरू १० मा समेटिएका छन् (माध्यमिक शिक्षा पाठ्यक्रम २०६४) ।

### ३.२.१ छनोट र स्तरणका आधारमा कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन

छनोट भन्नाले आफूलाई आवश्यक पर्ने चिज रोज्नु, कुनै वस्तु छान्नु विषय छान्नु भन्ने बुझाउँछ (शर्मा र पौडेल २०६०:१८७) । धेरै विकल्पहरू मध्येबाट उपयुक्त

बस्तु छान्नुलाई नै छनोट भनिन्छ । निर्दिष्ट उद्देश्य र आवश्यकता पूरा गर्न विवेकयुक्त सोचाइ राखेर उपयुक्त विषय छान्नु रोज्नु छनोटको अभिप्राय हो (पूर्ववत्) । सबैको लागि सबै वस्तु उपयुक्त हुन्छ भन्न सकिदैन त्यसलै व्यक्तिको इच्छा, चाहना, वातावरण उमेर अवस्था आदिलाई ध्यान दिएर रोज्नुलाई छनोट भनिएको हो । भाषापाठ्यपुस्तक भित्रको पाठ्यवस्तुको छनोट गर्दा मात्रात्मक र गुणात्मक दुबै पक्षमा ध्यान पुऱ्याउनुपर्ने हुन्छ यसभित्र कोरा उपदेशहरूको मात्र सङ्ग्रह गरिनुहुन्न । गुणात्मक दृष्टिले विद्यार्थीको क्षमता तथा रूचि समाजका आवश्यकताहरू त्था परम्परालाई विचार गरेर पाठ्यवस्तुको चयन अपरिहार्य मानिन्छ । विद्यार्थीहरूको कल्पनाशक्ति तथा अनुभवहरूको परिधि बढाउने पाठहरू छनोट गर्नुपर्छ । कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकमा पनि तह, आवश्यकता, उमेर आदिलाई ध्यान दिएर विषय छनोट गरिएको छ । यो भाषा सिकाउने भरपर्दो उपयुक्त शैक्षिक सामग्रीका रूपमा देखिएकोले यसले मा.वि. तहको पहिलो कक्षालाई प्रतिनिधित्व गर्छ । यस तहमा जिल्लास्तरीय परीक्षा उत्तीर्ण गरी विद्यार्थीहरू आउने भएकाले निजी स्तरका विद्यालयहरूमा पनि यो पाठ्यपुस्तक अनिवार्य रूपले अध्ययन गरिन्छ ।

वर्तमान कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक नेपाल सरकारको मिति २०६३/१०/२५ को निर्णयानुसार स्वीकृत पाठ्यक्रमका आधारमा तयार पारी माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ बनाई २०६५ सालदेखि नेपाल राष्ट्रभरि लागू गरिएको छ । २०६४ को पाठ्यक्रम लागू हुनुपूर्व कक्षा ९ र १० बाट संयुक्त रूपमा एस्.एल्.सी. मा प्रश्न सोधिने गरिएकोमा परिवर्तित सन्दर्भ र प्रवेशिका अध्ययन प्रतिवेदनका आधारमा शिक्षा प्रणालीमा समसामयिक सुधार गरी कक्षा १० बाट मात्र एस्.एल्.सी. परीक्षा सञ्चालन गर्ने नेपाल सरकारको मिति २०६३/०७/१४ निर्णय भएकाले कक्षा ९ र १० मा छुट्टाछुट्टै पाठ्यक्रम बनाउनुपर्ने र पाठ्यभार समायोजन गर्नुपर्ने आवश्यकता हुन गयो । साथै विषयवस्तुको क्षेत्र तथा क्रम समतलीय र ऊर्ध्वतलीय सन्तुलन मिलाई स्तरीकृत गर्नुपर्ने भएकाले पाठ्यक्रम विकास केन्द्रले विगतमा आयोजना गरेका क्षेत्रीय कार्याशालाका सुझाव तथा स्थानीय तहका शिक्षा प्रशासक, शिक्षक, विद्यार्थी, अभिभावक आदिको सुझावलाई समेटी २०६४ सालमा

कक्षा ९ र १० छुट्टाछुट्टै पाठ्यक्रम तयार गरी सोही बमोजिम कक्षा ९ र १० को पाठ्यपुस्तक निर्माण गरी २०६५ सालदेखि सम्पूर्ण राष्ट्रभरि लागू गरिएको छ ।

छनोट र स्तरणका आधारमा कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषण गर्दा निम्न आधारहरूलाई केन्द्रविन्दु बनाइएको छ :

### ३.२.१.१ पाठ्यवस्तु

भाषा पाठ्यपुस्तकको केन्द्रीय भाग भनेको त्यसमा भएको पाठ्यवस्तु हो । जसबाट पाठ्यक्रमका अपेक्षाहरू पूरा हुन्छन् । अर्थात् भाषा पाठ्यपुस्तकमा व्यवस्था गरिएका बोध र अभिव्यक्तिसँग सम्बन्धित सीपका स्रोतहरू नै पाठयवस्तु हुन् पाठ्यवस्तुले जहिले पनि भाषिक, संरचनागत, शैलीगत, अभ्यासगत, तथ्यगत, स्तरगत विशेषतालाई अँगालेको हुनुपर्दछ ।

वर्षभरि पढाउने विषयवस्तुका रूपमा माध्यमिक तह अन्तर्गतको कक्षा ९ को वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा जम्मा १७ वटा पाठहरू राखिएका छन् । भाषा पाठ्यक्रमको मर्म र अपेक्षाअनुरूप चारैवटा सीप सिकाउने सहयोगी सामग्रीका रूपमा देखिएको पाठयपुस्तकमा १७ वटा पाठहरू मध्ये कविता ३ वटा छन् । जसमा वसन्त, भिखारी र सत्यसन्देश देखिन्छन्  बसन्त प्रकृतिप्रधान, भिखारी समाजप्रधान छ भने सन्यसन्देश नीतिप्रधान र संस्कृतिप्रधान देखिन्छ । कथामध्ये शिशिरवसन्तको कथा लोककथा, भविष्यनिर्माण वालमनोवैज्ञानिक, खड्गबहादुर ऐतिहासिक कथा रहेको छ । त्यस्तै गरी जीवनी राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी जम्मा चार वटा छन् जसमध्ये पारिजात साहित्यिक र प्रेरक व्यक्तित्व, भीमसेन थापा ऐतिहासिक, स्वामी विवेकानन्द विचारक र चार्ल्स डार्बिन आविष्कारक जीवनी अन्तर्गत राखिएको छ । निबन्ध २ वटा समावेश छन् । जसमध्ये हाम्रो देश, हाम्रा अतिथि आत्मपरक शैलीमा लेखिएको सामाजिक निबन्ध हो भने मौरीपालन वस्तुपरक शैलीमा लेखिएको व्यवसायिक निबन्ध हो । रूपक विधा अन्तर्गत अपाङ्गहरूप्रति हाम्रो दायित्व नामको वक्तृता संवाद अन्तर्गत मानिस सबै एकै हौं शीर्षकको संवाद समावेश छ ।

त्यसैगरी चिठी अन्तर्गत भान्जालाई चिठी घरायसी चिठी समावेश छ निवेदन र कार्यालयीय चिठी अन्तर्गत वनविनाश रोकौं शीर्षकमा निवेदन लेख्न सिकाउने कुरा

अभ्यासमा समावेश छ । यी विभिन्न पाठहरूमध्ये हाम्रो देश, हाम्रो अतिथि निबन्ध र भिखारी कविता भाषिक, संरचनागत शैलीगत र स्तरगत हिसाबले बढी गहन, स्तरीय र विशिष्ट वौद्धिक प्रकृतिका देखिन्छन् ।

### ३.२.१.२ विधाहरूको छनोट

पाठ्यपुस्तकमा पाठ्यवस्तु प्रस्तुत गर्ने मुख्य आधार भनेकै विधाहरू भएकाले विधाहरूको छनोट भाषा पाठ्यपुस्तकमा महत्त्वपूर्ण पक्ष मानिन्छ । भाषा पाठ्यपुस्तकमा कथा, कविता, जीवनी, निबन्ध, रूपक , चिठी, दैनिकी, शब्दभण्डार, भाषातत्त्व आदि हुने भएकोले यी विधाहरूको छनोट गर्दा तहगत र कक्षागत हिसाब विद्यार्थी अनुकूल भए नभएको ? भाषा पाठ्यक्रमको अपेक्षालाई पूरा गर्न सक्ने खालका छन् छैनन् ? सरल जटिलताको क्रममा पर्छन् पर्दैनन् ? तिनले सामाजिक एकता, सद्भाव, सहिष्णुता, देशप्रेम, संस्कृतिप्रेम र जातीय स्वाभिमानजस्ता कुरामा सहयोग पुऱ्याउँछन् पुऱ्याउँदैनन् ? भन्ने कुराको मनन गर्नुपर्छ । यस दृष्टिले वर्तमान कक्षा ९ को नेपाली पाठ्यपुस्तकका विधाहरूलाई छनोट र स्तरणका आधारमा केलाउँदा तालिका अनुसार यसरी देखाउन सकिन्छ ।

**तालिका नं. १ विधाहरूको छनोट**

| क्र.सं | विधा | क्षेत्र | कक्षा ९को पाठशीर्षक | पाठ संख्या |
|---|---|---|---|---|
| १ | कथा | क. लोककथा -१<br>ख. ऐतिहासिक कथा -१<br>ग. बालमनोवैज्ञानिक कथा -१ | शिशिरवसन्तको कथा<br>खड्गबहादुर<br>भविष्यनिर्माण | ३ |
| २ | कविता | क.नीतिप्रधान/संस्कृतिप्रधान-१<br>ख.प्रकृतिप्रधान/समाजप्रधान-२ | सत्य सन्देश<br>वसन्त, भिखारी | ३ |
| ३ | जीवनी | राष्ट्रिय र अन्तराष्ट्रिय<br>क. ऐतिहासिक -१<br>ख. प्रेरक व्यक्तित्त्व -१<br>ग. विचारक -१<br>घ. आविष्कारक -१ | भीमसेन थापा<br>पारिजात<br>स्वामी विवेकानन्द<br>चार्ल्स डार्बिन | **क्रमशः**<br>४ |

| | | | | |
|---|---|---|---|---|
| ४ | निबन्ध | वस्तुपरक र आत्मपरक<br>क. सामाजिक -१<br>ख. प्राविधिक/व्यावसायिक-१ | हाम्रा देश हाम्रा अतिथि<br>मौरीपालन | २ |
| ५ | रूपक | क. वक्तृता -१<br>ख. संवाद -१ | अपाङ्गहरूप्रति हाम्रो दायित्व<br>मानिस सबै एकै हौं | २ |
| ६ | चिठी | घरायसी -१<br>ख. निवेदन/कार्यालयीय -१ | भान्जालाई चिठी<br>वनविनाश रोकौं | २ |
| ७ | दैनिकी | दैनिकी -१ | उपत्यकामा चार दिन | १ |

**स्रोतः माध्यमिक शिक्षा पाठ्यक्रम २०६४**

विधागत रूपमा पनि पाठ्यक्रमका निर्दिष्ट उद्देश्य अनुसार नै पाठ्यपुस्तकमा पाठ्यवस्तु र विधाको छनोट गरी राखिएको पाइन्छ । यस प्रक्रियालाई अझ स्तरीय बनाउन धेरै कार्य गर्नुपर्दछ । कथा विधाका माध्यमबाट भाषाका सीप विकास गरी कथा बुझ्ने र लेख्न सक्ने ज्ञान समेत प्रदान गर्ने उद्देश्य रहेको छ । कविता शिक्षणबाट लयबोध, भावबोध रहेका र यसबाट विद्यार्थीले भावबोध गर्न सक्ने सीपको विकास गर्दछन् ।

### ३.२.१.३. पाठहरूको प्रस्तुतिकरण

माध्यमिक तह कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकमा विविध विधाका १७ वटा पाठहरू समावेश गरिएका छन् । यसरी समेटिएका पाठहरूको प्रस्तुतिलाई हेर्दा एकीकृत र बारम्बारको अभ्यासात्मक प्रक्रियायुक्त चक्रीय स्तरणलाई महत्व दिइएको देखिदैन । भाषा पाठ्यपुस्तकमा विधाको क्षेत्र र क्रमअनुसार मात्र नभएर भाषासिकाइका एकीकृत प्रवृतिलाई समेत पाठ्यवस्तुको प्रस्तुतिमा ख्याल गरिएको छैन । जम्मा १७ वटा पाठहरूमध्ये १४ पाठ गद्य विधासँग सम्बन्धित छन् भने तीन पाठ पद्य विधासँग गासिएका छन् । गद्य विधामा कथा, निबन्ध, जीवनी, रूपक (दैनिकी र संवाद) र चिठी समावेश हुनभने पद्य विधामा कविता रहेका छन् ।

पाठ्यपुस्तकको शुरूमा कवितामा जोड दिएइको छ दोस्रो पाठमा छनोटका आधारमा कथा राख्नु स्वभाविक भए पनि तेस्रोमा जीवनी वा चिठी राख्नुपर्नेमा हाम्रो देश, हाम्रा अतिथि जटिल निवन्ध राखेर चक्रीय स्तरणको मान्यतालाई अपहेलना गरिएको छ । भाषा पाठ्यपुस्तकमा पाठहरू समावेश गर्दा ३,४ वा ५ पाठहरूको एउटा एकाइ वा समूह बनाई क्रमशः कथा, जीवनी, कथा वा कविता, जीवनी, कविता, निबन्ध वा कथा, जीवनी, कविता, निबन्ध र अन्य गरी सरलबाट जटिलताको क्रममा राख्नु उचित देखिन्छ (पौडेल, २०६६:१६३) ।

भाषापाठ्यपुस्तकमा राखिएका विधागत पाठहरूको क्षेत्रगत सन्तुलनलाई पनि पाठहरूको प्रस्तुतिअन्तर्गत मूल्याङ्कन गर्दा उपयुक्त नै रहेको देखिन्छ । पाठ्यपुस्तकका पाठले सबै क्षेत्रलाई समेटेर विषय प्रस्तुत गरेको र क्षेत्रगत विविधतालाई ध्यान दिएको पाइन्छ ।

### ३.२.१.४. शब्दभण्डार

छनोट र स्तरणका आधारमा कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन गर्दा त्यसमा प्रयोग भएको शब्दभण्डारलाई पनि आधार बनाउनुपर्छ । भाषा विकासको लागि शब्दभण्डारको विकासमा जोड दिनुपर्छ भन्ने नीतिलाई पाठ्यपुस्तकले आत्मसात् गरेको छ । पाठमा प्रयोग भएका कठिन शब्दहरू यही पृष्टकै अन्त्यमा अर्थसहित स्पष्ट रूपमा देखाइएको छ । शब्दार्थलाई जोड दिन प्रत्येक पाठको अभ्यास खण्डमा शब्दहरूको अर्थ बताउनुहोस् भनेर केही शब्द दिएर अभ्यास गराउन खोजिएको छ । शब्दार्थ र वाक्यमा प्रयोगका लागि १२% अङ्कभार छुट्टयाइएको छ । धेरै तत्सम् र थोरै मात्रामा झर्रा मौलिक शब्दहरूको प्रयोग भेटिन्छ । कतै थोरै मात्रामा आगन्तुक शब्द पनि रहेका छन् विभिन्न पाठहरूमा पर्यायवाची, अनेकार्थी अनुकरणात्मक, विपरीतार्थी श्रुतिसमभिन्नार्थी सिङ्गो, लघुतावाची, संक्षिप्त समूहवाचक र उखानटुक्काको प्रयोग गरिएको छ । बालबोली र अतिउच्च आदरार्थी शब्दहरूपनि प्रयोग भएको छ (कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०६५) । विद्यार्थीलाई जटिल लाग्ने खालका कतिपय शब्दहरूको अर्थ शब्दार्थमा दिइएको देखिदैन । शोध क्षेत्रको विद्यालयमा विद्यार्थी तथा शिक्षकबाट प्रश्नावली भराई गरेको अनुसन्धानलाई आधार बनाउँदा शब्दभण्डार कठिन

छ भन्नेमा ११%, सजिलो छ भन्नेमा ४०.७५% र विद्यार्थी अनुकूल छ भन्नेको संख्या ४८.२५% रहेको छ ।

### ३.२.१.५. भाषा

कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकलाई छनोट र स्तरणका आधारमा केलाउने अर्को माध्यम भाषा पनि हो । सामान्यतया भाषापाठ्यपुस्तक भित्र प्रयोग गरिएको भाषा विद्यार्थीको क्षमता, चाहना, व्यवहारपयोगी उद्देश्य अनुरूप नै रहेको छ । हाम्रो देश हाम्रा अतिथि निबन्धको भाषा केही जटिल भएपनि शिशिर वसन्तको कथा, मौरीपालन, उपत्यकामा चार दिन, भान्जालाई चिठी आदि पाठमा प्रयोग भएको भाषा सरल छ ।  सत्यसन्देश कवितामा बढी संस्कृतनिष्ठ तत्सम शब्दको प्रयोग भएको छ । सबै पाठमा अनुच्छेदहरू साना -साना भएपनि शिशिर वसन्तको कथा र चार्ल्स डार्विन जीवनीमा केही लामा अनुच्छेदहरू प्रयोग गरिएका छन् । पाठ्यपुस्तकको भाषा सामान्य लेखन, वौद्धिक लेखन र सिर्जनात्मक लेखन सबै प्रकारको रहेको छ । पाठ्यक्रम अनुरूप छनोट गरिएका कवितामा विधागत उद्देश्यअनुरूप भावबोध र उच्चारण संस्करणको विकास गर्न सक्ने खालको छ । (कक्षा ९ को नेपाली पाठ्यपुस्तकः २०६५) ।

### ३.२.१.६. अभ्यास

भाषा पाठ्यपुस्तक मूल्याङ्कनको आधार अभ्यास पनि एक हो । किनकि अभ्यासले पाठयपुस्तकमा पाठयवस्तुको स्तरीयता मापन गर्दछ । छनोट र स्तरणका आधारमा पाठ्यपुस्तकमा धेरै मात्रामा अभ्यासको व्यवस्था गरिएको छ । भाषाका बोलाइ पढाइ, लेखाइ सीपका लागि प्रशस्त अभ्यास समावेश भएपनि सुनाइ सीप विकासका निम्ति थोरै अभ्यास समेटिएकोले छनोट र स्तरणको तालमेल स्पष्ट पाइँदैन । प्रत्येक पाठमा सिर्जनात्मक क्षमताको पहिचान गर्ने गरी अभ्यास समेटिएको छ । पाठ्यपुस्तकका अभ्यासलाई अभ्यास खण्ड र व्याकरण खण्ड गरी दुई भागमा विभाजन गरिएको छ । प्रश्नोत्तर खण्डमा मौखिक उत्तर, छोटो उत्तर, विवेचनात्मक उत्तर दिने खालका प्रश्नहरू छन् भने व्याकरण खण्डमा शब्दवर्ग, पदसँगति, पक्ष, भाव, वाक्य, कारक र विभक्ति, वर्णविन्यास, शब्दनिर्माण आदिलाई समेटिएको छ । पाठसँग सान्दर्भिक तथा

सैद्धान्तिक कुराको थप ज्ञान दिलाउने र उच्च तहको नेपाली विषयको पाठ्यवस्तुसँग सम्बन्ध गास्ने उद्देश्यले राखिएका सामग्री उपयुक्त छन् ।

साहित्यका केही विधागत पाठहरू र व्याकरणका अभ्यासहरूमा पूर्णतया तालमेल भए पनि अभ्यास खण्डमा भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ चारै सीपको सन्तुलित अभ्यासको संयोजन भएको पाइदैन । कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समावेश अभ्यास कस्तो छ ? भनी गरिएको अध्ययनबाट प्राप्त भएका उत्तरहरूमा धेरै छ भन्नेमा १५.५%, मिल्दो राम्रो छ भन्नेमा ८४.५% र भाषा शिक्षणका लागि अपुग छ भन्नेमा कसैले जवाफ नदिएको पाइयो ।

### ३.२.१.७ भाषातत्त्व (व्याकरण)

कक्षा ९ को नेपाली भाषापाठ्यपुस्तकलाई छनोट र स्तरणका आधारमा केलाउँदा त्यसभित्र प्रयोग भएको भाषातत्त्व (व्याकरण) लाई पनि हेर्नुपर्छ । कक्षा ९ मा भाषातत्व अन्तर्गत शब्दवर्ग, काल, धातु, वाच्य, पदसँगति, पक्ष, वाक्य परिवर्तन, भाव, प्रेरणार्थक, करण अकरण, कारक, विभक्ति वाच्य र यसका प्रकार, वाक्य संश्लेषण र विश्लेषण, शब्दनिर्माण, वर्णविन्यास आदिले स्थान पाएका छन् ।

**तालिका नं.२ भाषातत्त्व(व्याकरण)**

| क्र.सं. | निर्देशित क्षेत्र | व्याकरणगत क्षेत्र |
|---|---|---|
| १ | शब्दवर्ग | नाम सर्वनाम, विशेषण, क्रियापद र अव्यय |
| २ | पदसङ्गति र वाच्य | लिङ्ग, वचन, पुरूष र आदर<br>कर्तृ, कर्म र भाववाच्य |
| ३ | काल र धातु | वर्तमान, भूत र भविष्यत् |
| ४ | पक्ष र वाक्य परिवर्तन | अपूर्ण , पूर्ण, अज्ञात र अभ्यस्त |
| ५ | भाव, प्रेरणार्थक र करण-अकरण | आज्ञार्थक, इच्छार्थक, सम्भावनार्थ र संकेतार्थ |
| ६ | कारक र विभक्ति | क. कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण<br>ख. विभक्ति नियम र प्रयोग<br>ग. कारकका प्रकार (सरल र तिर्य |
| ७. | वाक्य, वाक्यका प्रकार र वाक्य सश्लेषण | सरल, संयुक्त र मिश्रण |
| ८. | शब्द निर्माण | उपसर्ग, कृत् प्रत्यय, तद्धित प्रत्यय, समास |
| ९. | वर्णविन्यास | क. लेख्य चिन्ह (पूर्णविराम , अर्धविराम, अल्पविराम, प्रश्नचिन्ह, उद्गार चिन्ह, |

| | | |
|---|---|---|
| | | योजक चिन्ह, उद्धरण चिन्ह र निर्देश चिन्ह)<br>ख. ह्रस्वदीर्घ<br>ग. पदयोग तथा पदवियोग<br>घ.ब ⁄ व, श ⁄ स ⁄ ष,ङ ⁄ न ⁄ ण ⁄ म, शिरविन्दु चन्द्रविन्दु आदि । |

**स्रोतः कक्षा ९ को नेपाली पाठ्यपुस्तक**

माथिको तालिकामा भाषापाठ्यपुस्तक विधिबाट व्याकरण सिकाउने पद्धतिलाई अपनाइएको छ । नेपाली भाषापाठ्यक्रमको निर्देशित क्षेत्र र पाठगत क्षेत्रहरूको प्रतिनिधित्वलाई हेर्दा भाषातत्व वा व्याकरणको छनोट उपयुक्त रहेको देखिन्छ । सैद्धान्तिक सुत्र घोकाउने भन्दापनि प्रयोगात्मक ढङ्गले सिकाउने उद्देश्यले प्रत्येक पाठसँग सम्बन्धित गराइ व्याकरण राखिएको छ । कतिपय व्याकरणसँग सम्बन्धित अभ्यासलाई विधागत पाठभित्रबाट खोजी पूरा गर्ने व्यवस्था मिलाइएको छ ।

### ३.२.१.८. चित्र

भाषा पाठ्यपुस्तकको प्रभावकारिताको मापन गर्ने अर्को महत्त्वपूर्ण आधार चित्र हो । वर्तमान मा.वि. तहको कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकमा विविध प्रतिनिधिमूलक चित्रहरू प्रस्तुत गरिएको छ । जम्मा ४१ वटा चित्रहरू प्रस्तुत गरिएकोमा केही चित्रहरू अस्पष्ट र नबुझिने खालका छन् । भविष्यनिर्माण कथामा देवकुमारी थापा, सत्य सन्देश कवितामा कवि लेखनाथ पौड्याल र चार्ल्स डार्विनको चित्र नबुझिने अस्पष्ट छ । कतिपय पाठमा धेरै र कतिपय पाठमा अतिकम चित्रहरूको प्रयोग गरिदा चित्रहरूको अनुपात नमिलेको देखिन्छ । चित्रका दृष्टिले वर्तमान पाठ्यपुस्तक पुरानो पाठ्यपुस्तकका तुलनामा उत्कृष्ट देखिएपनि नक्सा, आरेख, आलेख सूची, तालिका आदि कुराहरूको प्रयोग भेटिन्न । दिइएका केही चित्रहरू पनि अमूर्त प्रकृतिका हुँदा चित्र संयोजनको पक्ष कमजोर मानिनु स्वभाविक मानिन्छ । भाषा पाठयपुस्तकमा चित्रहरू कस्ता छन् ? भनी सोधिएको प्रश्नमा नबुझिने खालकामा ३२.२५%, साना र अनाकर्षक भन्नेमा ४४.७५% र अनुकूल छ भन्नेमा २३%ले उत्तर दिएको पाइयो । यस्तो मूल्याङ्कन देखिएकोले चित्रको प्रयोगमा व्यापक सुधार आवश्यक देखिन्छ ।

### ३.२.१.९. विधाहरूको स्तरण

स्तरण भनेको छनोटद्वारा सीमाङ्कन गरिएको कच्चा माललाई व्यवस्थित अनुक्रममा ढालेर शिक्षणयोग्य बनाउनु हो । छनोट गरिएका पाठ्यवस्तुलाई पहिला के, त्यसपछि के र कुन रूपमा शिक्षण गर्ने भन्ने कुराको व्यवस्थित र वैज्ञानिक अनुक्रम मिलाउने प्रक्रियाका रूपमा लिइन्छ (ढकाल: २०६४:६५-६६)।

कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकको प्रथम संस्करण २०५९ सालमा प्रकाशित भई २०६४ सालमा परिमार्जित संस्करण प्रकाशन गरिएको हो । २०५६ मा प्रकाशित हुँदा स्तरण पक्षमा ध्यान दिइएको थिएन । त्यतिबेला देह र आत्मा, सहिद के नेपाल सानो छ ? जस्ता कठिन पाठहरू क्रमशः १,२,३ को अनुक्रमा राखिएको थियो । पाठ ७ मा रहेको वसन्त कविता हाल पाठ १ मा ल्याइएको र १६औं पाठमा रहेको शिशिर वसन्तको कथा दोस्रो पाठमा ल्याउनु, के नेपाल सानो छ, कलमवीर जस्ता पाठ छुटाउनु र त्यसका ठाउमा वैशाख ल्याउनु र पुनः त्यसलाई १० मा लैजानु, कतिपय पाठहरू ९ बाट १० मा लैजानु जस्तै ‘जय भोलि !, दोषी चस्मा, घरको माया आदिले स्तरण पक्षलाई ध्यान दिएको देखिन्छ ।

पाठयवस्तु सरलदेखि जटिलताको क्रममा मिलाउने केही प्रयास गर्दै कविता, कथा, निबन्ध, जीवनी, संवाद आदिको प्रस्तुतिक्रम रहेको छ । पद्य विधाको परिमाण मिलाइ पुरानो पाठ्यपुस्तकको तुलनामा यसको केही अंश घटाउनु पनि उपयुक्त स्तरण बनाउन खोज्नु हो । स्तरणका आधारमा वर्तमान कक्षा ९ को नेपाली भाषापाठ्यपुस्तकमा विधाहरू यसरी राखिएका छन् :

**तालिका नं. ३ विधाहरुको क्रम**

| क्र.सं. | पाठशीर्षक | विधा | लेखन |
|---|---|---|---|
| १ | कविता | वसन्त | सिद्धिचरण श्रेष्ठ |
| २ | कथा | शिशिरवसन्तको कथा | वोधविक्रम अधिकारी |
| ३ | निबन्ध | हाम्रो देश, हाम्रा अतिथि | डा.गणेश प्र. भ[illegible] |
| ४ | चिठी | भान्जालाई चिठी | क्रमशः |
| ५ | जीवनी | साहित्यकार पारिजात | |
| ६ | संवाद | मानिस सबै एकै हौं | |
| ७ | कविता | भिखारी | लक्ष्मीप्रसाद देवकोटा |
| ८ | कथा | भविष्यनिर्माण | देवकुमारी थापा |

| | | | |
|---|---|---|---|
| ९ | जीवनी | भीमसेन थापा | |
| १० | निबन्ध | मौरीपालन | |
| ११ | दैनिकी | उपत्यकामा चार दिन | |
| १२ | जीवनी | स्वामीविवेकानन्द | |
| १३ | वक्तृता | अपाङ्गहरूप्रति हाम्रो दायित्व | |
| १४ | कविता | सत्यसन्देश | लेखनाथ पौड्याल |
| १५ | कथा | खड्गबहादुर | वदरीनाथ भट्टराई |
| १६ | निवेदन | वन विनाश रोकौं | |
| १७ | जीवनी | चार्ल्स डार्विन | |

**स्रोतः कक्षा ९को नेपाली पाठ्यपुस्तक**

माथि दिइएको स्तरण ठीक छ छैन भनेर हेर्न परीक्षा सञ्चालन गरियो । १०० जना विद्यार्थीमा गरिएको खाली ठाउँ भर्ने परीक्षामा २०६७ सालमा उत्तीर्ण ५० छात्र र ५० छात्रामा गरिएको थियो । सो परीक्षामा प्राप्त प्रतिफलका आधारमा नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका विधागत पाठ्यशीर्षकको स्तरण उपयुक्त ढंगबाट गरिएको देखिदैन । क्लोज परीक्षामा सोधिएका उत्तरलाई विश्लेषण गर्दा केही पाठहरूको कठिनाइ स्तर निकै बढी देखिन्छ । विद्यार्थीका रूचि, चाहना, स्तर र तह अनुसार कवितामा भिखारी मानिस सबै एकै हौं, हाम्रो देश हाम्रा अतिथि र स्वामी विवेकानन्द पाठ हटाएर विद्यार्थीले बुझ्ने पाठशीर्षक थप्नुपर्ने र पुनः पाठहरूको स्तरण गर्नुपर्ने देखिन्छ ।

कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरू, भाषाविज्ञ र नेपाली विषय शिक्षकहरूसँगको छलफल र अर्न्तवार्ताबाट समेत कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका विधाहरू अनुरूप पाठ्यवस्तु कठीन भएको र स्तरण पनि अमिल्दो रहेको पाइयो । शोधार्थीले सम्बन्धित विद्यालयहरूमा पुगेर शिक्षक र विद्यार्थीहरूलाई भर्न लगाइएको प्रश्नावलीको आधारमा प्राप्त निष्कर्षलाई सरलबाट जटिलताको क्रममा मिलाइ पाठ्यवस्तुको स्तरण गरिएको छ । परीक्षणका आधारमा पाठ्यवस्तुमा समावेश विधाहरूमा पाठशीर्षकको स्तरण गर्दा निम्नानुसारको विषयसूची तयार हुने देखिन्छ ।

**तालिका नं.४ स्तरण**

| **क्र.सं.** | **पाठशीर्षक** | **विधा** | **परीक्षणबाट प्राप्त उपलब्धि% मा** |
|---|---|---|---|
| १ | वसन्त | कविता | ५९.४० |

| | | | |
|---|---|---|---|
| २ | साहित्यकार पारिजात | जीवनी | ५५.२८ |
| ३ | शिशिरवसन्तको कथा | कथा | ४८.६२ |
| ४ | मौरीपालन | निबन्ध | ४७.२० |
| ५ | भान्जालाई चिठी | चिठी | ४२.३३ |
| ६ | भीमसेन थापा | जीवनी | ३९.४२ |
| ७ | सत्यसन्देश | कविता | ३६.१४ |
| ८ | भविष्यनिर्माण | कथा | ३३.५५ |
| ९ | उपत्यकामा चार दिन | दैनिकी | ३१.३६ |
| १० | वन विनाश रोकौं | निवेदन | २६.२२ |
| ११ | अपाङ्गहरूप्रति हाम्रो दायित्व | वक्तृता | २५.६३ |
| १२ | चार्ल्स डार्विन | जीवनी | २२.२५ |
| १३ | खड्गबहादुर | कथा | २०.१० |
| १४ | भिखारी | कविता | १६.५० |
| १५ | मानिस सबै एकै हौं | सम्वाद | १४.२० |
| १६ | हाम्रो देश, हाम्रा अतिथि | निबन्ध | १२.०० |
| १७ | स्वामीविवेकानन्द | जीवनी | ०९.१४ |

**स्रोतः सम्बन्धित विद्यालयहरूमा पुगेर गरिएको सर्वेक्षण तथा प्रश्नावलीबाट प्राप्त उत्तरअनुसार ।**

### ३.२.१.१०. अन्य

भाषापाठ्यपुस्तकमा रहेका यी विविध विशेषताहरू बाहेक केही अरू गुणहरू पनि रहेका हुन्छन् जसलाई अन्य आधारहरू भनिन्छ । छनोट र स्तरणका आधारमा कक्षा नौ को नेपाली पाठ्यपुस्तकलाई केलाउँदा तालिका, शब्दार्थ, टिप्पणी, शिक्षकलाई निर्देशन आदिका आधारमा पनि केलाउनुपर्दछ । कुनै कुरालाई निशेष महत्व दिनुपर्ने भएमा रेखाङ्कित गर्ने, गाढा कालो अक्षरमा लेख्ने वा संकेत चिन्ह प्रयोग गर्ने पादटिप्पणी गर्ने वा सूचना दिने गरेमा उपयुक्त मानिन्छ ।

कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा तालिकाको प्रयोग भएको छैन । शब्दार्थ प्रत्येक पृष्ठका तल दिएर सहज बनाइएको छ । यस पूर्वको प्रक्रिया तोडेर अनुच्छेद अनुसारको नभएर पाठ्यपुस्तकमा अनुच्छेदलाई नम्बर दिइएको छ । सम्बन्धित पाठपूर्व छायाँ कोष्टचित्र विद्यार्थीलाई विषयवस्तु रूचि जगाउन र अभिप्रेरित गर्ने उद्देश्यले केही अंश, लेखकको परिचय, प्रवृत्ति र विशेषताका साथै केही महत्त्वपूर्ण कृतिहरू उल्लेख गरिएको छ । सबै पाठको अन्त्यमा विशेष ज्ञानका लागि सन्दर्भ सामग्री दिइएको छ । व्याकरण अभ्यासमा पनि उदाहरणपछि परिभाषालाई छायाँ कोष्ठकभित्र दिइएको छ । यी सबै पक्षहरू प्रभावकारी रहेको कुरा अध्ययनबाट पत्ता लागेको छ । अध्ययनका

क्रममा छायाँ कोष्ठभित्रका सामग्री, विशेष ज्ञानका लागि दिएको सामग्री कति उपयोगी छ भनी गरिएको सर्वेक्षणमा राम्रा ३०.२५%, प्रभावकारी ५०.७५%, झन्झटिलो भन्नेमा १९% तथ्य प्राप्त भएको देखियो ।

### ३.२.१.११ निष्कर्ष

भाषापाठ्यक्रमले तोकेका उद्देश्यहरूलाई पूरा गर्नका लागि निर्माण गरिएको पाठ्यसामग्री नै भाषापाठ्यपुस्तक हो । यसले आवश्यक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि शिक्षक र विद्यार्थी दुबैलाई सहयोग पुऱ्याउँछ । हरेक भाषापाठ्यपुस्तक भाषासिकाइको भरपर्दो र उपयोगी सामग्री भएको हुनाले यसको प्रमुख लक्ष्य भाषिक सीपको विकासमा सहयोग पुऱ्याउनु रहेको हुन्छ । माध्यमिक तहका नेपाली भाषापाठ्यपुस्तक समयानुक्रममा निरन्तर परिमार्जन र संस्करण हुँदै आइरहेको सन्दर्भमा कक्षा ९ को भाषापाठ्यपुस्तक निर्माण गरिएको हो । सिकारूको रूचि, उमेर, मनोविज्ञान आदिको ख्याल गरी सोही अनुरूप नेपाली भाषापाठ्यपुस्तकलाई परिमार्जन गरिएको छ । कक्षा ९ का निम्ति अलग पाठ्यक्रम निर्माण गरी साधारण र विशिष्ट गरी उद्देश्यहरू निर्धारण गरिएको छ । विधाको क्षेत्र र क्रमतालिका निर्धारण गरी ती विधालाई प्रभावकारी शिक्षण गर्ने सन्दर्भका निम्ति कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक उपयोगी देखिन्छ ।

भाषा सिकाउने प्रभावकारी सामग्रीका रूपमा रहेको कक्षा ९ को नेपाली भाषापाठ्यपुस्तक भित्र रहेका पाठ्यसामग्रीलाई छनोट र स्तरणका आधारमा केलाउँदा कतिपय सन्दर्भहरू उपयुक्त भए पनि कतै कतै केही कमजोरी पनि देखा पर्दछन् । मात्रात्मक हिसाबले पाठयवस्तुको छनोटमा जम्मा १७ वटा पाठहरू परेका छन् । गद्य विधाका पाठहरू, पद्य विधाका रूपमा स्तर सुहाउँदा कविता, दैनिकी, संवाद, चिठी आदि समावेश गरेर सामाजिक, वौद्धिक, सांस्कृतिक र राष्ट्रियता झल्काउने, लैङ्गिक समानतामा जोड दिने पाठ्यसामग्रीहरू पाइन्छन् । नीति, चेतना, अनुशासन, वौद्धिक खुराक, वैज्ञानिक सुझाव दिने खालका विषयहरूका साथै वर्तमान वदलिदो परिस्थिति, सामयिक सन्दर्भ, विद्यार्थीको रूचि, इच्छा र चाहनालाई ध्यान राखेर थपघट गर्नुपर्ने देखिन्छ ।

छनोट र स्तरणका आधारमा कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकलाई केलाउँदा पाठ्यवस्तुमा समयसापेक्ष सुधार गर्नुपर्ने, विधाहरूको छनोट र प्रस्तुतिकरणमा स्तरणलाई ख्याल गर्नुपर्ने, शब्दभण्डार खण्डमा कठिन लाग्ने शब्दहरूको अर्थ शब्दार्थ खण्डमा थप्नुपर्ने, भाषा विद्यार्थीले भावबोध गर्न सक्ने खालको हुनुपर्ने देखिन्छ । अभ्यासमा सुनाइ सीपलाई उपेक्षा गरिएको देखिन्छ । चित्रप्रयोग, भाषाको प्रयोग आदिमा सुधारमा गर्नु साथै शिक्षकलाई निर्देशन, विद्यार्थीलाई दिर्नेशन आदिका सन्दर्भमा पनि व्यापक सुधार आवश्यक देखिन्छ । त्रुटि नै औंल्याउनुपर्ने गम्भीर समस्या नदेखिएता पनि भेटिएका कमी कमजोरी आगामी संस्करणमा सचेतपूर्व केलाउँदै स्तरीय ढाँचामा यसको निर्माण गर्नुपर्ने देखिन्छ ।

### ३.२.२ छनोट र स्तरणका आधारमा कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन

सम्बन्धित तह वा कक्षामा के कसरी पढाइने भन्ने कुरालाई मार्ग निर्देशन गर्ने भाषा पाठ्यपुस्तकले विद्यार्थीलाई आवश्यकीय पाठ्यसामग्री उपलब्ध गराइ योजनावद्ध भाषाशिक्षण गर्न सघाउ पुऱ्याउँछ । अभ्यासात्मक कार्यकलाप गराएर सीपपरक मूल्याङ्कन गर्न सघाउने यो सामग्रीले विद्यार्थीलाई दोहोऱ्याएर पढ्न, अभ्यास गर्न, गृहकार्य सम्पन्न गर्न र अभ्यासात्मक कार्यकलाप गराएर आवश्यकीय अन्य स्रोत र साधन जुटाउन सुनिश्चित माध्यम प्रदान गर्दछ । (शर्मा र पौडेल, २०६०:३६१)

भाषा पाठ्यपुस्तक सम्बन्धित तह वा कक्षाको भाषा पाठ्यक्रमको उद्देश्य र निर्देशित विषयवस्तु वा पाठ्यवस्तुको क्षेत्र र स्तरण अनुसार बढो सोचविचार राखेर मिहिनेतपूर्वक तयार गरिएको हुनाले कक्षा १० को नेपाली पाठ्यपुस्तक वि.सं. २०५६ सालको माध्यमिक शिक्षा पाठ्यक्रम अनुरूप परिमार्जन र विकास गरिएको छ । सीप विकास गर्ने लक्ष्य बोकेर देखा परेको भाषा पाठ्यपुस्तक समावेशी ढंगले विभिन्न विधा र क्षेत्रको विषयवस्तु समेटिएको छ । शिक्षक, प्राध्यापक विषय विशेषज्ञसँग छलफल र अन्तरक्रियाद्वारा प्राप्त राय सुझाव समेटेर यसलाई विद्यार्थी केन्द्रित, अभ्यासमुखी त्रुटिरहित बनाउने अत्यधिक प्रयत्न गरिएको छ ।

छनोटका आधारमा पाठ्यवस्तुका लागि जम्मा १६ वटा पाठहरू छानेर वैज्ञानिकता अपनाउने प्रयास गरिएको कक्षा १० को नेपाली भाषा पाठ्पुस्तकमा ३ वटा पाठहरू पद्य विधासँग सम्बन्धित छन् भने १३ पाठ गद्य विधासँग सम्बन्धित छन् । गद्य विधाका रूपमा कथा, निबन्ध, जीवनी, रूपक (मनोवाद, वादविवाद, एकाङ्की) आदि रहेका छन् । प्रकृति चित्रण गरिएको वैशाख, मनोविज्ञान परक दोषी चस्मा कथा, सामाजिक वेतिथिप्रति व्यङ्ग्य प्रहार गर्ने जय भोलि ! निबन्ध, प्रेरक व्यक्तित्वका रूपमा जयपृथ्वीबहादुर सिंह आदिका साथै बोलाई सीपको विकासका निम्ति भाग्यभन्दा परिश्रम ठूलो वादविवाद, राष्ट्र, राष्ट्रियता र देशभक्ति जगाउन सहिदहरूको सम्झना कविता र घरको माया एकाङ्की पनि समावेश गरिएको छ ।

लैङ्गिक समानता समावेशीकरण र लोकतन्त्रप्रति आस्था र सद्भाव जगाउने खालका पाठहरू पाठ्यपुस्तकमा नभएकोले विषयवस्तुका दृष्टिले यी विविध कुराहरू समेत छनोट गरी व्यवस्थित गर्नुपर्ने देखिन्छ । पहिलो संस्करण २०५६ मा प्रकाशित भई २०५७ मा दोस्रो संस्करण प्रकाशित भएको यो पाठ्यपुस्तकमा 'इच्छा' कविता हटाइएको छ भने 'न्यायको पक्ष' पाठलाई ९ बाट १० कक्षामा लगिएको छ । 'चार्ल्स डार्विन' पाठलाई हटाएर कक्षा ९ को अन्तिम खण्डमा समायोजन गरिएको छ । 'मौरीपालन' पाठलाई पनि कक्षा ९ मा लगिएको छ । 'सहिदहरूको सम्झनामा' कविता अन्तिम भागबाट मध्य खण्डमा ल्याइएको छ । 'न्यायको पक्ष' पाठ दोस्रो पाठबाट तेह्रौ पाठमा लगिएको छ । 'यन्त्रमानव' पाठलाई पाँचौ पाठबाट चौधौं पाठमा लगिएको छ । पुनमुद्रित संस्करण २०६५ मा स्तरणको पक्षलाई ध्यान दिइएको छ । नीतिमूलक कविता 'प्रश्नोत्तर'देखि 'यन्त्रमानव' जस्ता वैज्ञानिक पाठहरूको स्तरण मिलाइएको छ । सम्पूर्ण पाठको एक तृतीयांश कविता अर्थात् पद्य विधालाई छुट्टयाएर स्तरणको सिद्धान्तलाई पछ्याइएको छ ।

छनोट र स्तरणका आधारमा कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषण गर्दा निम्न आधारहरूलाई केन्द्रविन्दु बनाइएको छ :

### ३.२.२.१. पाठ्यवस्तु

वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकभित्र जम्मा १६ वटा पाठहरू समेटिएका छन् । जसमध्ये कविता 'प्रश्नोत्तर', 'वैशाख' र 'सहिदहरूको सम्झनामा' गरी तीन वटा रहेका छन् । कथा पनि कर्तव्य, दोषी चस्मा, न्यायको पक्ष गरी तीन वटा नै रहेका छन् । राष्ट्रिय र अन्तराष्ट्रिय गरी दुई प्रकारका तीन वटा इमानसिंह चेमजोङ, नेल्सन मण्डेला र जयपृथ्वीबहादुर सिंह नामका जीवनी समावेश गरिएको छ । विषयगत आधारमा वस्तुपरक र आत्मपरक दुई प्रकारका निबन्ध समेटिएको यस पाठ्यपुस्तकमा यन्त्रमानव, मिथिला चित्रकला, जयभोलि ! तीन निबन्धहरू केन्द्रित छन् । काम खोज्दै जाँदा नामको एउटा मनोवाद, भाग्यभन्दा परिश्रम ठूलो नामको वादविवाद र एकाङ्कीमा घरको माया एकाङ्की पनि समावेश छ भने चिठी विधा अन्तर्गत व्यापारिक चिठीलाई स्थान दिइएको छ ।

भाषातत्त्व अन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रियापद, अव्यय (क्रियायोगी, नामयोगी, संयोजक, निपात र विष्मयादिबोधक) समावेश छन् । वाच्य, धातु, वाक्य र वाक्यपरिवर्तन, कारक-विभक्ति, व्याकरणात्मक कोटि, शब्दनिर्माण, वर्णविन्यास, लेख्यचिन्ह आदिलाई पनि समेटेर वर्षभरिका निम्ति १६ वटा पाठहरू केन्द्रित गरी भाषिक विकासमा जोड दिने प्रयत्न पाठ्यवस्तु अपुग भएको जस्तो देखिए पनि १५० वार्षिक घण्टी निर्धारण गरिएको छ । विषयगत जोड दिने प्रयत्न गरिएको छ । पाठ र विषयगत विविधतालाई प्रभावकारी बनाउने प्रयत्न गरिएको छ । यन्त्रमानव निबन्ध, दोषी चस्मा कथा र जयभोलि निबन्ध भाषिक संरचनागत शैलीगत र स्तरगत दृष्टिले दुरूह, बढी स्तरीय बौद्धिक अनुभव हुन्छन् ।

### ३.२.२.२. विधाहरूको छनोट

वर्तमान कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा कथा, कविता, निबन्ध, जीवनी, रूपक, चिठी गरी ६ वटा विधाका १६ वटा पाठहरू समेटिएका छन् । जसलाई तलको तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका नं. ५ विधाहरूको छनोट**

| क्र.सं. | विधा | क्षेत्र | कक्षा १० को पाठशीर्षक | विधा संख्या |
|---|---|---|---|---|
| १ | कथा | क. पौराणिक कथा -१<br>ख. सामाजिक कथा -१<br>ग. मनोवैानिक कथा -१ | न्यायको पक्ष<br>कर्तव्य<br>दोषी चस्मा | ३ |
| २ | कविता | क. नीतिप्रधान/ संस्कृतिप्रधान -१<br>ख. प्रकृतिप्रधान/समाजप्रधान -२ | प्रश्नोत्तर<br>वैशाख<br>सहिदहरूको सम्झनामा | ३ |
| ३ | जीवनी | क. राष्ट्रिय,/अर्न्तराष्ट्रिय, साहित्यिक, कलासम्बन्धी -१<br>ख. राजनीतिक प्रेरक व्यक्तित्व -१<br>ग. विचारक -१ | इमानसिंह चेमजोङ<br>नेल्सन मण्डेला<br>जयपृथ्वीबहादुर सिंह | ३ |
| ४ | निबन्ध | वस्तुपरक, आत्मपरक<br>क. प्राविधिक/व्यवसायिक -१<br>ख. सांस्कृतिक -१<br>ग. सामाजिक -१ | यन्त्रमानव<br>मिथिला चित्रकला<br>जयभोलि ! | ३ |
| ५ | रूपक | क. मनोवाद -१<br>ख. वादविवाद -१<br>ग. एकाङ्की -१ | काम खोज्दै जाँदा<br>भाग्यभन्दा परिश्रम ठूलो<br>घरको माया | ३ |
| ६ | चिठी | क. व्यापारिक चिठी | व्यापारिक चिठी | १ |

**स्रोतः माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ।**

### ३.२.२.३. पाठहरूको प्रस्तुतिकरण

६ वटा विधाहरूका जम्मा १६ वटा पाठहरू राखेर भाषिक सीपको प्राप्तिमा सफल देखिएको कक्षा १० को नेपाली भाषापाठ्यपुस्तकमा कक्षा ९ कै ढाँचामा पाठहरूको प्रस्तुतिकरण गरिएको छ । एकीकृत र वारम्वारताको अभ्यासात्मक

प्रक्रियाभित्र समेटिएपनि चक्रीय स्तरणको उपयोगितालाई यी पाठहरूमा खासै महत्व दिएको देखिंदैन । यसमा पनि कक्षा ९ मा जस्तै शुरूमै नीतिप्रधान/संस्कृतिप्रधान प्रश्नोत्तर कविता राखी भाषाशिक्षणलाई बोझयुक्त, बनाइएको छ (पौडेल, २०६६:१६३) । यस पुस्तकमा पहिलो पाठदेखि पाँचौ पाठसम्म क्रमशः कविता, कथा, निबन्ध, जीवनी, मनोवाद राखिएका छन् जसले विविध विधाहरूको श्रृङ्खलावद्ध र पृथक प्रस्तुतिकरणमा केही ध्यान दिइएको देखिन्छ । एउटै विधाहरूको बारम्बार पुनरावृत्ति नगरी भिन्नाभिन्नै विधाहरू सूचीक्रममा राखी सिकारूहरूमा रूचि पैदा गर्न खोजिएको छ । विधाहरूले भाषिक सीप सिकाउने र सीपको सन्तुलन मिलाई पाठहरूको प्रस्तुतिकरणमा ध्यान दिनुपर्ने देखिएको छ ।

भाषा पाठ्यपुस्तकभित्र विधाहरूको क्षेत्रगत सन्तुलन पनि छनोट र स्तरणका आधारमा पाठ्यपुस्तकको मूल्याङकन गर्ने अर्को महत्वपूर्ण आधार हो । यस दृष्टिले पुस्तकभित्र समावेश १६ पाठहरूमध्ये कथाका पौराणिक, सामाजिक, मनोवैज्ञानिक गरी ३, कवितामा नीतिप्रधान/ संस्कृतिप्रधान र प्रकृतिप्रधान/ समाजप्रधान गरी ३, जीवनीमा साहित्य र कला, राजनीतिक/ प्रेरक र विचारक गरी ३, निबन्धमा प्राविधिक/ व्यावसायिक, साँस्कृतिक र सामाजिक गरी ३, रूपकमा मनोवाद, वादविवाद र एकाङ्की गरी ३ र चिठी अन्तर्गत व्यापारिक चिठी एक समावेश गरिएका छन् ।

**३.२.२.४. शब्दभण्डार**

कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकलाई छनोट र स्तरणका आधारमा विश्लेषण गर्दा विश्लेषणको अर्को महत्त्वपूर्ण आधार यसभित्र प्रयोग गरिएको शब्दभण्डार पनि एक हो । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारैवटा सीप विकासका लागि शब्दभण्डार र शब्दार्थ शिक्षणमा जोड दिनुपर्दछ । कठीन शब्दको पहिचानका लागि अन्य शब्दलाई भन्दा केही मोटो र गाढा अक्षरको प्रयोग गरी तिनीहरूलाई छुट्याएको छ । सम्बन्धित पृष्ठमा भएका कठिन शब्दहरूको अर्थ सोही पृष्ठकै तलपट्टि दिइएको छ । मूल्याङ्कन प्रक्रियामा शब्दभण्डार अन्तर्गत शब्दार्थ र वाक्य प्रयोगका लागि १२% अङ्क छुट्याएको छ । पाठ्यपुस्तकभित्र आवश्यकता अनुरूप

तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दहरूको प्रयोग भएको छ । विभिन्न पाठहरूमा सन्तुलन मिलाई शब्दभण्डार अन्तर्गत पर्यायवाची, अनेकार्थी, अनुकरणात्मक, श्रुतिसम, भिन्नार्थक, पारिभाषिक, प्राविधिक शब्द, उखान टुक्काको प्रयोग गरिएको छ । विशेष ज्ञानका लागि थप सामग्री अन्तर्गत प्रतीकात्मक शब्द, शब्दहरूको शुद्ध रूप समेतको जानकारी दिई शब्दभण्डारको थप विकासमा पनि जोड दिइएको छ । जम्मा १६ वटा पाठहरूमा ५०५ वटा कठिन शब्दहरूको अर्थ दिइएको छ भने सबैभन्दा बढी ९४ वटा शब्दार्थ केवल 'घरको माया' एकाङ्कीमा मात्र रहेका छन् । कतिपय शब्दहरू बालबालिकालाई कठीन लाग्ने रहेका छन् जसको अर्थ शब्दार्थमा समेटिएको पाइदैन । पाठ्यपुस्तकमा कस्ता शब्दभण्डार समावेश छन् ? भन्ने प्रश्नमा केन्द्रित रही विद्यार्थी र शिक्षकसँग गरिएको अध्ययन अनुसार १४.५०% विद्यार्थीले सजिलो र ८५.५०% विद्यार्थीले शब्दभण्डार आफ्नो रूचि एवम् चाहना अनुकूल नै रहेको छ भन्ने जवाफ दिएका छन् ।

### ३.२.२.५. भाषा

माध्यमिक तहको कक्षा १० मा पठन पाठनका निम्ति समावेश नेपाली भाषा पाठ्यपुस्तकभित्र प्रयोग गरिएको भाषा विद्यार्थीको चाहना, क्षमता र व्यावहारपयोगी तथा उद्देश्यमूलक देखिन्छ । वैशाख, दोषी चस्मा, मिथिला चित्रकला, भाग्यभन्दा परिश्रम ठूलो, न्यायको पक्ष, यन्त्रमानव र नेल्सन मण्डेलाजस्ता पाठमा प्रयोग गरिएको भाषा तथा शब्द केही कठीन देखिन्छ भने काम खोज्दै जाँदा, व्यापारिक चिठी, सहिदहरूको सम्झनामा घरको माया आदि पाठहरूका शब्द सरल छन् सरल र सहज भाषाको प्रयोग गरेर विमातृभाषी विद्यार्थीमा भाषिक सक्षमता विकास गर्दै लैजानु पर्ने र मातृभाषी विद्यार्थीहरूको भाषिक व्यवहारलाई स्तरीकरण गर्ने दिशामा पाठ्यपुस्तकको भाषा हुनुपर्ने (ढकाल, २०६४:१५४) मा यस पुस्तकमा भाषिक जटिलतालाई ख्याल नगरिएको परिणामस्वरूप भाषिक दृष्टिले जटिल केही पाठहरू परेका देखिन्छन् । कर्तव्य कथामा बढी तत्सम् शब्दहरूको प्रयोग पाइन्छ भने घरको माया एकाङ्कीमा अनौपचारिक कथ्य भाषाको बाहुल्यता छ । त्यसैगरी यन्त्रमानव पाठमा आगन्तुक स्रोतका शब्दको प्रचूरता भेटिन्छ । भाषिक संरचनाका दृष्टिले केही

कमजोरीहरू रहेको यस पाठ्यपुस्तकमा विद्यार्थी अनुकूल हुने गरी भाषा प्रयोग गर्नुपर्ने देखिन्छ । यन्त्रमानव, जयभोलि, दोषी चस्मा र नेल्सन मण्डेला पाठ अन्य पाठको तुलनामा केही जटिल देखिन्छन् । समग्रमा पाठ्यपुस्तकको भाषामा सामान्य लेखन, वौद्धिक लेखन र सिर्जनात्मक लेखन सबै प्रकारको मिश्रण देखिन्छ । भाषाका सम्बन्धमा गरिएको अनुसन्धानमा अधिकांश विद्यार्थीले भाषा मध्यम खालको भएको जानकारी दिएका छन् ।

### ३.२.२.६. अभ्यास

परिमार्जित वर्तमान नेपाली भाषा पाठ्यपुस्तक पुरानो पाठ्यपुस्तकका तुलनामा भाषिक सीप विकासमा केन्द्रित देखिन्छ । पढाइ, लेखाइको तुलनामा सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू अत्यन्त थोरै छन् । प्रश्नोत्तर खण्ड र व्याकरण खण्ड गरी अभ्यास खण्डलाई दुई भागमा विभाजन गरिएको छ । प्रश्नोत्तर खण्डमा मौखिक उत्तर दिने, शब्दार्थ शिक्षणसँग सम्बन्धित प्रश्न छोटो प्रश्न, विवेचनात्मक प्रश्न र अन्त्यमा सिर्जनात्मक अभ्यासको व्यवस्था गरिएको छ । व्याकरण खण्ड अन्तर्गत शब्दवर्ग, वाच्य, धातु, वाक्य परिवर्तन, भाव, प्रेरणार्थक वाक्य, कारक र विभक्ति, वाक्य, शब्दनिर्माण, वर्णविन्यास, शब्दभण्डार आदि क्षेत्रसँग सम्बन्धित अभ्यासहरू समावेश छन् । अभ्याससँग सम्बन्धित अध्ययन विश्लेषणका सम्बन्धमा अभ्यास धेरै मान्ने विद्यार्थी एवं शिक्षकको संख्या १५.७५%, ठीक छ भन्ने ६५.२५%, र भाषा शिक्षणका लागि अपुग ठान्नेको संख्या १९% रहेको पाइयो । यस तथ्यबाट भाषिक सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइ सन्तुलन मिल्ने गरी राखेको देखिएन ।

### ३.२.२.७. व्याकरण (भाषातत्त्व)

कक्षा १० को पाठ्यपुस्तकमा शब्दवर्ग, पदसँगति र वाच्य, काल र धातु, पक्ष र वाक्य परिवर्तन, भाव, प्रेरणार्थक र करण-अकरण, कारक र विभक्ति, वाक्यका प्रकार पहिचान र वाक्य संश्लेषण, शब्दनिर्माण वर्णविन्यास क्षेत्र तोकिएको छ । (पौडेल, २०६६:१६०) उपर्युक्त क्षेत्र अन्तर्गतका पाठगत क्षेत्रलाई निम्नानुसार तालिकामा यसरी देखाउन सकिन्छ :

**तालिका नं. ६ व्याकरण (भाषातत्त्व)**

| क.सं. | निर्देशित क्षेत्र | पाठगत क्षेत्र |
|---|---|---|
| १ | शब्दवर्ग | नाम, सर्वनाम, विशेषण, क्रिया |
| २ | पदसङ्गति र वाच्य | वाच्य परिवर्तन |
| ३ | काल र धातु | सामान्य, नाम, प्रेरणार्थक धातु र धातु रूपावली |
| ४ | पक्ष र वाक्य परिवर्तन | लिङ्ग, वचन, पुरूष, आदर, काल, पक्ष, |
| ५ | भाव, प्रेरणार्थक र करण- अकरण | भाव, प्रेरणार्थक र करण-अकरण मा वाक्य परिवर्तन |
| ६ | कारक र विभक्ति | पहिचान र प्रयोग |
| ७ | वाक्य, वाक्यका प्रकार र वाक्य संश्लेषण | क. वाक्यका प्रकारहरूको पहिचान र प्रयोग<br>ख. वाक्य संश्लेषण |
| ८ | शब्दनिर्माण | मूल शब्द र व्युत्पन्न शब्दको पहिचान र प्रयोग |
| ९ | वर्णविन्यास (हिज्जे) | क) लेख्यचिन्ह (पूर्णविराम, अर्धविराम, अल्पविराम, उद्गार चिन्ह , उद्धरण चिन्ह र निर्देश चिन्ह)<br>ख) ह्रस्व-दीर्घ<br>ग) पदयोग तथा पदवियोग<br>घ) ब/व,श/स/ष,ङ/न/ण/म,शिरविन्दु/चन्द्रविन्दु |

**स्रोतः कक्षा १० को नेपाली पाठ्यपुस्तक**

माथिको तालिकामा आधारित व्याकरण सामग्रीको विश्लेषण गर्दा उपयुक्त नै व्याकरण रहेको अनुभूति हुन्छ । आगमन पद्धतिको उपयोग गर्ने आधुनिक शैक्षणिक दृष्टिकोण पछ्याउन खोजिएको भए पनि उपयुक्त निर्देशनको अभावमा पाठ्यक्रमको अभिष्ट पूरा हुन सक्ने देखिदैन (ढकाल, २०६४:१६०) । भाषा पाठ्यपुस्तक विधिको आधारमा व्याकरण सिकाउने प्रयत्न गरिएको भएपनि क्रियाकलाप र अभ्यासमा त्यसको हेक्का नराखिनु यसका कमजोर पक्षहरू हुन् । शिक्षणका क्रममा प्रशस्तै उदाहरणको प्रयोग गरी विद्यार्थीको पूर्वभाषिक पृष्ठभूमि प्रशस्तै उदाहरणको प्रयोग गरी विद्यार्थीको

पूर्वभाषिक पृष्ठभूमि अनुकूल हुनेगरी सिकाउन सकेमा यसको सार्थकता प्रष्ट हुने देखिन्छ ।

### ३.२.२.८ चित्र

भाषापाठ्यपुस्तकमा सान्दर्भिक र आकर्षक चित्रहरूको व्यवस्थापन गर्नाले पाठ्यवस्तुको पठनपाठनमा सहयोग पुग्छ । समावेश गरिएका चित्रहरू पाठ्यवस्तुको आशय, त्यसबाट सिकाउने भाषिक सीप विषयगत ज्ञान र धारणा अनुकूल हुनुपर्छ । सकेसम्म रङ्गीन चित्र भएमा प्रभावकारी हुने भएता पनि माध्यमिक तहका लागि श्यामश्वेत चित्रहरूबाट काम चलाउन सकिने हुन्छ । सुहाउँदा आकारका तथ्यलाई स्पष्ट पार्ने वा विषयको औचित्य प्रष्ट पार्ने चित्रहरू उपयुक्त देखिन्छ ।

कक्षा १० को भाषा पाठ्यपुस्तकमा प्रत्येक पाठमा चित्रहरूको व्यवस्था गरिएको छ । जसमा प्रश्नोत्तरमा २, कर्तव्यमा ३, जयभोलिमा २, जयपृथ्वीबहादुर सिंहमा ३, काम खोज्दै जाँदा ३, वैशाखमा ५, दोषी चस्मामा ४, मिथिला चित्रकलामा ४, व्यापारिक चिठीमा ३, इमानसिंह चेमजोङमा ५, भाग्यभन्दा परिश्रम ठूलो १, सहिदहरूको सम्झनामा १, न्यायको पक्षमा १, यन्त्रमानवमा ५, घरको मायामा ३, नेल्सन मण्डेलामा २ गरी जम्मा ४८ वटा चित्रहरूको प्रयोग गरिएको छ ।

चित्र प्रयोगका हिसाबले पाठ्यपुस्तक मध्यम खालको देखिन्छ । तालिका तथ्याङ्क र चार्टहरू यहाँ प्रयोग भएको देखिदैन । काम खोज्दै जाँदा मनोवाद भएर पनि तीनवटा चित्रहरूको प्रयोग गर्नु, घरको माया एकाङ्कीमा देखिने चित्रमा पाठको प्रसङ्ग अनुसार चित्रको प्रयोग नगरिनु जीवनी पाठको प्रसङ्ग अनुसार चित्रको प्रयोग नगरिनु जीवनी पाठमा केवल व्यक्तिको मात्र तस्वीर दिनु, कर्तव्य कथामा अन्तिम घटनाक्रमलाई प्रतिनिधित्व हुने कुनै चित्र नदिनु, प्रश्नोत्तर कवितामा भानुभक्त, जयभोलिमा भैरवअर्याल र इमानसिंह चेमजोङ पाठको सिरिजङ्गा चित्रहरू स्पष्टरूपमा नदेखिनु आदि कमजोरीहरू चित्रमा देखिएका छन् । सहिदहरूको सम्झनामा पाठमा पनि २००७ सालको सेरोफेरो वा सहिदको प्रतिनिधित्व हुने चित्र समावेश नगर्नु यन्त्रमानवमा आवश्यकता भन्दा बढी ५ ओटा चित्रहरूको प्रयोग गरेपनि परिमार्जन नगरिनु कमजोरी देखिएका छन् । सहिदहरूको सम्झनामा पाठमा पनि २००७ सालको

सेरोफेरो वा सहिदको प्रतिनिधित्व हुने चित्र समावेश नगर्नु, यन्त्रमानवमा आवश्यकता भन्दा बढी ५ वटा चित्रहरूको प्रयोग गरे पनि परिमार्जन नगरिनु कमजोरी देखिएका छन् । समयानुक्रममा विद्यार्थी र विषय अनुसार तयार पारी चित्रहरू सुधार गर्नुपर्ने देखिन्छ ।

### ३.२.२.९. अन्य विविध

यहाँ अन्य विविधभित्र अतिरिक्त सामग्री, भूमिका आदिलाई हेर्न खोजिएको छ । वास्तवमा भाषा पाठ्यपुस्तकमा पाठ्यवस्तुमात्र हुँदैन तिनलाई कति भागमा बाडेर कसरी पढाउने भन्ने र पाठयवस्तुको विविधता अनुसार सहायता एवं थप शिक्षण सामग्री प्रष्ट उल्लेख पाठ्यपुस्तकमै हुनुपर्छ यसलाई भूमिका खण्ड वा पाठपिच्छे जहाँ उल्लेख गरेपनि हुन्छ ।

अन्य दृष्टिकोणबाट कक्षा १० को भाषापाठ्यपुस्तक केलाउदा कठिन शब्दलाई गाढा अक्षर पारिएको छ र शब्दार्थ सम्बन्धित पृष्ठकै तल दिएर सुगम तुल्याइएको छ । पाठ्यपुस्तकको प्रयोग सम्बन्धमा निर्देशन प्रत्येक अनुच्छेद एवम् पंक्ति जनाउन नम्बरको व्यवस्था, पाठपूर्व र पाठको अभ्यास खण्डको अन्त्यमा छाया क्षेत्रमा पाठ प्रवेशका थप ज्ञानका सामग्री दिइएको छ । सन्दर्भ अनुसार परिवर्तन गरिएका कुरा, तीनको प्रयोगका सन्दर्भहरू आदिका बारेमा प्रष्ट जानकारी दिइएको छ । शिक्षक विद्यार्थी र अभिभावकले समेत बुझ्ने ढङ्गका फरक-फरक निर्देशनको आवश्यकतालाई मुख्य ठानिएको छ । पाठ्यपुस्तकमा विधागत आधारमा तिनको शैक्षणिक प्रयोजन स्थापित गर्ने र प्रायोगिक पाठलाई जोड दिने खालका निर्देशनहरूको अभाव देखिन्छ । जस्तै पाठ्यक्रमको अन्त्यमा प्राविधिक तथा पारिभाषिक शब्दहरूको सूची, तिनको अर्थ र प्रयोगलाई देखाउनु आवश्यक थियो तर त्यस कुराको हेक्का राखिएको देखिदैन ।

### ३.२.२.१०. निष्कर्ष

छनोट र स्तरणका आधारमा वर्तमान कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकलाई विश्लेषण गर्दा केही सवल पक्ष र केही दुर्वल पक्षहरू एकैसाथ देखा पर्दछन् । पाठ्यवस्तुमा समयसापेक्ष सुधार गर्नुपर्ने, विधाहरूको छनोट उपयुक्त भए पनि प्रस्तुतिकरणमा स्तरण पक्षलाई ख्याल गर्नुपर्ने, शब्दभण्डारका हिसाबले कक्षा ९

का तुलनामा कम शब्दहरूको ज्ञान दिलाउन खोजिएको छ । पाठमा प्रयुक्त भाषा विद्यार्थीहरूले भावबोध गर्न नसक्ने खालको देखिन्छ । अभ्यासमा सुनाइ सीपलाई उपेक्षा गरिएको छ । चित्र प्रयोग, शिक्षकलाई निर्देशन, विद्यार्थीलाई निर्देशन आदिमा पनि ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । कक्षा ९ का तुलनामा विधा फराकिलो बनाउनु पर्नेमा संकुचित देखिएको छ ।

भाषापाठ्यक्रमले तोकेअनुसार विधा र क्षेत्रहरू समेटेको कक्षा १० को भाषा पाठ्यपुस्तक जम्मा १६ वटा पाठमा केन्द्रित रहेको जसमा पद्य विधासँग ३ पाठहरू समेटिएका छन् । भाषातत्व अन्तर्गत व्याकरण वर्णविन्यास र लेख्यचिन्हलाई पनि समेटेर पाठ्यपुस्तक गहन बनाउने प्रयत्न गरिएको छ । शब्दभण्डारको वृद्धिमा जोड दिएर पाठमा अभ्यास समावेश गरिएको यस पाठ्यपुस्तकको भाषा पनि सामान्य रूपमा सन्तोषजनक नै देखापर्दछ । सामान्य, वौद्धिक र सिर्जनात्मक लेखनसँग सम्बन्धित पाठहरू भाषाका सीपविकासमा केन्द्रित देखिन्छन् । भाषाशिक्षणको सिद्धान्त अनुरूप धेरै अभ्यास राखेर अभ्यासलाई प्रश्नोत्तर, व्याकरण र सिर्जनात्मक खण्डमा विभाजन गरिएको छ । प्रत्येक पाठमा चित्रहरूको पाठपूर्व विषयप्रवेश र पछि थप ज्ञानका लागि दिएका कुराहरू प्रभावकारी छन् । पाठहरूको प्रकृति हेर्दा नीतिचेतना जगाउने, प्राविधिक र वैज्ञानिक विषयमा आधारित, कर्तव्यबोध, सामाजिक वेतिथिको आलोचना, मनोविज्ञान, राष्ट्र र राष्ट्रियता र देशभक्तिसँग सम्बन्धित देखिन्छन् । २०५६ सालमा प्रकाशित हुँदा र त्यसपछिका संस्करणहरूमा पाठ्यवस्तुको स्तरण पक्षलाई ध्यान दिदै स्तरण मिलाउन केही पाठहरूलाई अघिपछि लगिएको र केही हटाइएको छ । त्यसैगरी पाठ्यपुस्तकको आकार, रङ्ग ,अक्षरप्रयोग, छपाइ, आवरण पृष्ठ, कागजको स्तरीयता, मूल्य, सुलभता आदि दृष्टिकोणले पनि व्यवस्थित र वैज्ञानिक बनाउन खोजेको देखिन्छ ।

# परिच्छेद - चार

# निष्कर्ष र सुझाव

### ४.१ निष्कर्ष

छनोट र स्तरणका आधारमा वर्तमान माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन शीर्षकमा गरिएको शोधकार्यको मूल उद्देश्य मा.वि. तह कक्षा ९ र १० को नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषण गरी यसका सवल र दुर्वल पक्ष केलाइ मूल्याङ्कन गर्नु हो । माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ अनुसार संशोधित नेपाली पाठ्यपुस्तकलाई आधार बनाएर शोधपत्र लेखनका सैद्धान्तिक आधारहरू पछ्याउँदै यथातथ्य अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ यस शोधपत्रमा । भाषिक सीप विकासका लागि सुनाइ, बोलाइ, पढाइ, लेखाइ चारै सीपलाई व्यवहारिकीकरण गर्न र भाषा सिकाउने एकमात्र भरपर्दो पाठ्यसामग्रीका रूपमा देखापरेको शैक्षिक सामग्री नेपाली पाठ्यपुस्तकको समय सान्दर्भिकतालाई केलाइएको छ । भाषापाठ्यक्रम अनुसार विधा छन् छैनन् ? स्तर कस्तो छ ? रूचि चाहना र आवश्यकतालाई समेटेको छ छैन भन्ने आधार पत्ता लगाउन विभिन्न सर्वेक्षणहरू गरिएको र विषय शिक्षक तथा भाषा विशेषज्ञहरूसँग छलफल गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । अध्ययनका क्रममा भेटिएका तथ्यहरूलाई मूल्याङ्कनको कसीमा राखेर प्रश्नावली, छलफल, अन्तरक्रिया सञ्चालन गरेर समग्रतामा विवेचना गर्ने प्रयास यसमा भएको छ । भाषापाठ्यपुस्तक भाषा सिकाउने आधार भएकाले त्यसभित्र भेटिने राम्रा नराम्रा पक्षले सिकाइमा पक्कै पनि प्रभाव पार्दछ । पठनपाठनको सन्दर्भलाई प्रत्यक्ष अप्रत्यक्ष प्रभावित तुल्याउने भाषा पाठ्यपुस्तकका सामग्रीले पुस्तकको स्तरीयतालाई प्रर्दशन गर्ने भएकाले त्यसभित्रका कुराहरू कसरी कार्यान्वयनमा आएका छन् । सैद्धान्तिक कुरा कसरी व्यवहारमा प्रयोग छन् भन्ने कुराको अध्ययन विश्लेषण नै शोधपत्रको प्रमुख उद्देश्य देखिएको छ ।

खोज अनुसन्धानको क्षेत्र व्यापक हुन्छ त्यसैले आफूले गर्न चाहेको खोजको सीमाभित्र रहेर गहिराइसम्म पुग्नु खोजकर्ताको प्रमुख उद्देश्य हुनुपर्दछ । यही मूल मन्त्रलाई मध्यनजर राख्दै मैले यो शोधकार्य अगाडि बढाएको हुँ । स्वीकृत शोधप्रस्ताव

अनुसार नै शोध शीर्षकदेखि लिएर सामग्री संङ्कलन र अध्ययन विधिलाई आधार मान्दै निष्कर्षमा पुग्ने प्रयास मैले यस शोधपत्रमा गरेको छु । यस शोधकार्यमा छनोट र स्तरणको परिचय र महत्व दर्शाउने काम गरिएको छ भने तथ्याङ्क सङकलन गर्न आधुनिक र विश्वसनीय क्लोज परीक्षा विधि अपनाइएको छ  विगतका पाठ्यक्रम र पाठ्यपुस्तकलाई यथाशक्य विवेचना गरी वर्तमान माध्यमिक तह कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा समावेश विधाहरूका राम्रा नराम्रा पक्षहरू केलाउने प्रयास गरियो । विभिन्न ढंगबाट व्याख्या विश्लेषण गर्दै छनोट र स्तरणका आधारका निम्ति सुझाव पनि दिइएको छ । जसले आगामी दिनमा पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्न महत्वपूर्ण योगदान दिनेछ भन्ने अपेक्षा गरिएको छ । शोधकार्य गर्दा अनेकौ विषयहरू अगाडि आएको सन्दर्भ र क्लोज परीक्षामा सोधिएका प्रश्न तथा छात्रछात्राबाट आएका उत्तरमध्ये पनि फरक उपलब्धि स्तर देखियो भने मातृभाषी नेपाली हुने र दोस्रो भाषी नेपाली हुने छात्र-छात्राबीच पनि उपलब्धिस्तर फरक पाइयो। स्वीकृत खोजमूलक विषयमा आगामी दिनमा विद्धत्वर्गबाट शोधकार्य हुने र यस शोधकार्यले शैक्षिक विषयमा थोरधेर सहयोग पुऱ्याउने छ भन्ने अपेक्षा पनि गरिएको छ ।

छनोट र स्तरणका आधारमा वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन शीर्षकमा आधारित रहेर शोधप्रस्तावकै ढाँचामा तयार गरिएको यो शोधपत्र मुख्यतः चार परिच्छेदमा विभाजन भएको छ । पहिलो परिच्छेदमा शोधपत्रको परिचय रहेको छ जसमा शीर्षकदेखि शोधपत्रको रूपरेखा सम्मका उपशीर्षक समेटेर व्याख्या विवेचना गरिएको छ । दोस्रो परिच्छेदमा छनोट र स्तरणको सैद्धान्तिक परिचय छ भने तेस्रो परिच्छेदमा मा.वि. तहको नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन शीर्षकमा पाठ्यपुस्तकको परिचय परिभाषादेखि लिएर भाषा पाठ्यपुस्तकका भित्रका विभिन्न कुरालाई छनोट र स्तरणका रूपमा केलाइएको छ । त्यसैगरी अन्तिम तथा चौंथो परिच्छेदमा निष्कर्ष र सुझाव प्रस्तुत गरी शोधको सारका रूपमा उपसंहार खण्डलाई व्यविस्थत बनाइएको छ ।

शोधकार्यलाई व्यवस्थित र तथ्यपूर्ण बनाउन यसले समेटेको क्षेत्रमा पुगेर अध्ययन विश्लेषण गर्दै निष्कर्ष दिने प्रयत्न गरिएको छ । सामग्री सङ्कलनका निम्ति जनता उच्च मा.वि., कालीगण्डकी पब्लिक सेकेण्डरी स्कुलका साथै हर्मिचौर उच्च मा.वि. आदि विद्यालयहरूमा पुगेर स्थलगत सर्वेक्षण विधि अपनाएर कार्य सम्पन्न गरिएको छ । नेपाली साहित्य तथा भाषा विशेषज्ञहरूसँग छलफल गरी निष्कर्षमा पुग्ने प्रयत्नमा सहित्यप्रेमी तथा भाषाशास्त्रीका रूपमा परिचित जनता उच्च मा.वि.का प्राचार्य तथा कालीगण्डकी क्याम्पस बिर्घाका क्याम्पस प्रमुख श्री पशुपति पाण्डेय, व्याकरणविद् श्री डिल्लीनारायण पाण्डे आदिसँग पनि प्रत्यक्ष छलफल र अन्तरक्रियामा गरिएको छ मिर्मी बहुमुखी क्याम्पस नेपाली भाषाविशेषज्ञ रामप्रसाद पाण्डेय, क्याम्पस प्रमुख पीताम्बर भट्टराई विद्यार्थी र शिक्षक वर्गसँग छलफल गरिएको हो । स्याङ्जाका कतिपय सामुदायिक विद्यालयहरू र निजी बोडिङ्ग स्कूलमा पुगेर त्यहाँ अध्ययनरत प्रतिनिधि विद्यार्थी एवं नेपाली भाषा विषयका शिक्षकहरूसँग प्रत्यक्ष सम्पर्क गरी प्रश्नावली भराई त्यसबाट प्राप्त नतिजाका आधारमा निष्कर्षमा पुग्ने काम गरिएको छ । निष्कर्षलाई यसरी केलाउन सकिन्छ :

- भाषा पाठ्यपुस्तकमा समावेश पाठ्यवस्तु भाषा पाठ्यक्रमले तोकेको विधा र क्षेत्रअनुसार रहेको जसमा कक्षा ९ मा १७ वटा पाठहरू राखिएका छन् भने कक्षा १० मा १६ वटा पाठहरू रहेका छन् ।
- भाषा शिक्षणको आधार शब्दभण्डार भएकाले यसको वृद्धिमा जोड दिदै १२% अङ्क छुट्याइएको छ ।
- भाषा पाठ्यपुस्तकमा सरल, मध्यम र जटिल खालको भाषा समावेश गरी सामान्य लेखन, वौद्धिक लेखन र सिर्जनात्मक लेखनलाई जोड दिइएको पाइयो।
- अभ्यास खण्डमा भाषाका चारैवटा सीपमध्ये सुनाइलाई केही कम महत्व दिएको देखिए पनि विद्यार्थीको सिर्जनात्मक क्षमता विषयवस्तुको ज्ञान, दिने खालका अभ्यास भाषा शिक्षणको सिद्धान्त अनुरूप समावेश गरी अभ्यासलाई जोड दिएको पाइयो ।

- पुराना पाठ्यपुस्तकका तुलनामा अहिलेको भाषा पाठ्यपुस्तकको अभ्यास खण्डमा भाषाशिक्षणको सिद्धान्त अपनाइ प्रश्नोत्तर, व्याकरण र सिर्जनात्मक खण्ड गरी तीन भाषामा विभाजन गरिएको देखियो ।
- पाठको अन्त्यमा राखिएको विशेष ज्ञानका लागि थप सन्दर्भ सामग्रीले विद्यार्थीलाई पाठसँग सान्दर्भिक तथा सैद्धान्तिक कुराको थप ज्ञान दिलाउने र उच्च तहको नेपाली विषयको पाठ्यवस्तुसँग पनि समन्वय गर्न मद्दत पुऱ्याएको पाइयो ।
- पाठपूर्व विषय प्रवेश, पाठपछिका थप ज्ञानका लागि दिएका कुराहरू प्रभावकारी रहेको पाइयो ।
- प्रत्येक पाठमा उपयुक्त चित्रको व्यवस्था गरिएको भए पनि कतिपय चित्रहरू स्पष्ट रहेका देखिदैनन् ।
- पुर्नमुद्रण गरिएको संस्करण तथा कक्षा १० बाट मात्र प्रवेशिका परीक्षामा प्रश्न सोधिने व्यवस्था भएदेखि शैक्षणिक उद्देश्य र विशिष्टिकरण तालिकाअनुरूप व्याकरणका तत्वहरू पनि समावेश गरेको पाइयो ।
- अन्य पक्षहरू विषयसूची, पाठ्यपुस्तकको प्रयोग सम्बन्धी निर्देशन, विषयवस्तुको प्रवेश गराउने पक्ष, थप ज्ञानको लागि सन्दर्भ सामग्री लेखकको परिचय प्रवृति र विशेषताका हिसाबले पाठ्यपुस्तक उपयोगी रहेका पाइयो ।
- पाठ्यपुस्तकमा रहेका पाठहरूको प्रकृति हेर्दा नीतिचेतना जगाउने प्राविधिक र वैज्ञानिक, राष्ट्र, राष्ट्रियता र देशभक्तिसँग सम्बन्धित र विषयवस्तु समावेश गरिएको पाइयो ।
- छनोटलाई ख्याल गरेर विभिन्न पाठ्यसामग्री छानिएका भाषा पाठ्यपुस्तकभित्र स्तरण र केहीलाई हटाइएको पाइयो ।
- बनोट, अक्षरको आकार, प्रयोग गरिएको मसी, बधाइ आदि कुराहरू उपयुक्त नै रहेको पाइयो । त्यसैगरी प्रयोग गरिएको कागज, मूल्य, सुलभता आदिमा अझ गहनता अपनाउन आवश्यक देखिन्छ ।

- केही विषयवस्तु, वर्णविन्यासगत र केही अभ्यासगत त्रुटिहरू देखिने भाषा पाठ्यपुस्तकभित्र पुस्तक लेख्ने लेखक तथा सम्पादकहरूको परिचय उल्लेख गरिएको पाइएन ।

समग्रमा हेर्दा विगतका पाठ्यपुस्तकका तुलनामा वर्तमान मा.वि. तह कक्षा ९ र १० को नेपाली भाषा पाठ्यपुस्तकमा पाठ्यवस्तुको सन्तुलन मिल्नु हो । पाठ्यपुस्तक लेखन र सम्पादन आफैमा जटिल कार्य भए पनि यसलाई गहन सीपपरक र विश्लेषण अनुरूप तुल्याउनु तहगत उपयुक्तताका आधारमा कक्षागत नेपाली भाषा पाठ्यपुस्तक आगामी दिनमा निर्माण हुन सकेमा नेपाली भाषाको महत्व बढने र पढाउने पढने बानीको विकास हुने देखिन्छ र भाषाका पाठ्यपुस्तक लेख्ने र सम्पादन गर्ने सबैको इज्जत र प्रतिष्ठा बढन सक्ने देखिन्छ ।

## ४.२ सुझाव

प्रस्तुत छनोट र स्तरणका आधारमा वर्तमान माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकको अध्ययनको सिलसिलामा प्राप्त तथ्याङ्कका आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ :

- केही कठीन शब्दहरूको अर्थलाई शब्दार्थमा समावेश गर्न छुट भएको छ । त्यस्ता कठिन शब्दहरूलाई शब्दार्थ भित्र समावेश गर्नु पर्ने देखिन्छ ।
- विधागत दृष्टिले प्रस्तुत पाठ्यपुस्तकका कठिनाइस्तर विद्यार्थीको वौद्धिक क्षमता अनुरूप बनाउनु पर्दछ ।
- स्तरणका दृष्टिले पुस्तकमा पाठहरूको रखाइक्रम मिलाउनु पर्दछ ।
- कतिपय पाठहरूमा समावेश अनुच्छेद धेरै लामा भएकोले उपयुक्त अनुच्छेदको संयोजन गर्नुपर्दछ ।
- पाठ्यक्रमका दृष्टिले कथा विधा अंन्तर्गत ऐतिहासिक कथा हटाएर आधुनिक कथा राख्नु पर्दछ भने कविता विधामा इतिहासप्रधान कविता थप्नु पर्दछ , त्यसै गरी राजनीतिक व्यक्तित्त्वको जीवनी राख्नु पर्दछ ।

- अभ्यासका चारै सीपमा समान जोड दिएको पाइदैन । बोलाइ , पढाइ , लेखाइमा प्रशस्त अभ्यास राखिए पनि सुनाई सीपको विकासका लागि अभ्यास थप गर्नु पर्ने देखिन्छ ।
- कठिन शब्द  बिना परीक्षण प्रयोग भएकाले हटाउनु पर्छ ।
- पाठको स्तरण सरलदेखि जटिलताको क्रममा मिलाउनु पर्दछ ।
- व्याकरणको प्रभावकारी शिक्षणका लागि आगमनात्मक विधि प्रयोग गरी शैक्षणिक व्याकरण अनुरूप व्याकरणातत्व समावेश गर्दा शिक्षण सिकाई कार्यकलाप बढी प्रभावकारी हुने देखिन्छ ।
- पाठ शुरू हुनभन्दा अघि छायाँ कोष्ठकभित्र दिइएका सामग्रीहरू विषयवस्तुप्रति, मेल खाने बनाउनुपर्छ ।
- बहुभाषिक, बहुसाँस्कृतिक मुलुक नेपालमा पाठ्यपुस्तकमा समावेश पाठहरूको समग्र राष्ट्रको धर्म संस्कृति समेटि संयोजन गर्नुपर्ने हुन्छ ।
- लघु आकारका एक वाक्यमा उत्तरदिने प्रशस्त प्रश्नहरू पाठ्यपुस्तकमा समेटिएकोले बोलाइ सीपको विकास गर्न मौखिक परीक्षा नेपाली भाषामा पनि सञ्चालन गर्नु उपयुक्त हुन्छ ।
- पाठ्यपुस्तकमा प्रयोग गरिएको भाषा सम्बन्धित तहका विद्यार्थीको पहुचभन्दा माथि रहेकाले भाषा शब्दहरूको चयन गर्दा सकभर व्यवहारमा प्रयोग गरिने शब्द पाठ्यपुस्तकमा समावेश गरी अप्रचलित शब्द हटाउनुपर्छ ।
- अस्पष्ट र नबुझिने चित्रहरूलाई स्पष्ट र बुझिने बनाएर सजिला पाठ्यक्रम र गाह्रा पाठमा धेरै चित्रको प्रयोग उपयुक्त हुन्छ ।
- देशमा भएको वर्तमान राजनैतिक परिवर्तन अनुरूपका लोकतन्त्र संघीयता र समावेशीकरण सँग सम्बन्धित केही पाठहरू थप गर्नुपर्ने देखिन्छ ।
- पाठ्यवस्तुको स्तरण पक्षलाई मिलाउन विद्यार्थीहरूमा क्लोज सी परीक्षण गरी सोही परीक्षणको आधारमा उपलब्धि प्रतिशत निकाली स्तरण र क्रमवद्ध रखाइ मिलाउनुपर्दछ ।

- नेपाली भाषा दोस्रो भाषाका रूपमा प्रयोग गर्ने विद्यार्थीको लागि पाठहरूको बोध पक्ष कठीन भएको हुँदा परिमार्जन गरी सरल बनाउनुपर्दछ ।
- आवरण पृष्ठ बाक्लो बनाउनुका साथै अक्षराकार, ठाउँछोडाइका साथै मुद्रण प्रक्रियालाई व्यवस्थित बनाउनुपर्छ ।
- बधाइ, कागजको स्तर, मूल्य, सुलभता जस्ता पक्षमा ख्याल गरी प्रभावकारी व्यवस्थापन र वितरण प्रणालीलाई वैज्ञानिक बनाउनुपर्दछ ।
- भाषाका पाठ्यपुस्तकमा फेला परेका वर्णविन्यासगत तथा अभ्यासगत र अन्य त्रुटिहरू अब प्रकाशित हुने संस्करणमा सुधार गरेर प्रकाशित गर्नुपर्ने देखिन्छ ।
- समसामयिक विषयवस्तुका रूपमा लैङ्गिक समानता, छुवाछुतसम्बन्धी दृष्टिकोण महिला हकसम्बन्धी समानता, जनचेतना सम्बन्धी जानकारी, सूचना, सञ्चार तथा कानुन सम्बन्धी जानकारी लगायतका आधारभूत जानकारी समेटिनु आवश्यक देखिन्छ ।
- पाठ्यपुस्तकमा लेखक तथा सम्पादकको परिचय उल्लेख भएमा सप्रसङ्ग व्याख्या गर्ने कार्यका लागि सजिलो देखिन्छ ।
- स्तरणका दृष्टिले नेपाली भाषा पाठ्यपुस्तकमा समावेश विधाहरूको स्तरण नमिलेको देखिएकोले परीक्षाबाट प्राप्त उपलब्धिका आधारमा सरलदेखि जटिलताका क्रममा मिलाउनुपर्दछ ।
- त्रुटि विश्लेषण र व्यतिरेकी विश्लेषण गरी मातृभाषी नेपाली हुने र नहुने दुबैले बुझ्ने गरी विधाहरूको छनोट, स्तरण, शब्दप्रयोग आदि बारेमा पुनः विचार गरी अन्य तहसँग मेल खाने र विद्यार्थीको रूचि, चाहना र तहअनुसार मिल्ने गरी पाठ्यपुस्तकलाई परिमार्जन गर्नुपर्छ ।

यीनै माथिका विविध सुझावहरूलाई मनन् गरी आगामी दिनहरूमा भाषा पाठ्यपुस्तकलाई व्यवस्थित तुल्याउन सकेमा मात्र यसले विद्यार्थीलाई भाषिक सीपको विकासमा टेवा पुऱ्याउन सक्ने देखिन्छ । यस सम्बन्धमा सम्बन्धित निकायले ध्यान पुऱ्याएर अगाडि बढ्नु नितान्त आवश्यक छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०५३) **नेपाली भाषाशिक्षणः केही परिप्रेक्ष्य तथा पद्धति** (दो.सं.) काठमाडौं विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, अम्बिका (२०६२) **कक्षा ९ को नेपाली किताबको पठनीयता अध्ययन,** अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर, काठमाडौं ।

उपाध्याय, केशवप्रसाद (२०४९) **साहित्यप्रकाश**, छैटौं संस्करण, काठमाडौं, सा.प्र.।

उच्च माध्यमिक शिक्षा परिषद **परिचयात्मक गोष्ठीको प्रतिवेदन** २०५०

ढकाल शान्तिप्रसाद (२०६४) **नेपाली भाषाशिक्षणः परिचय र प्रयोग** काठमाडौं शुभकामना प्रकाशन ।

ढुङ्गेल भोजराज र दुर्गाप्रसाद दाहाल (२०६२) **भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति** एम.के पब्लिसर्स एण्ड ड्रिष्टीव्यूर्टस, काठमाडौं ।

दाहाल घनश्याम (२०६४), **नेपाली भाषाशिक्षण**, काठमाडौं भुँडीपुराण प्रकाशन ।

पन्थ, टंकप्रसाद (२०६४) **वर्तमान माध्यमिक तहको पाठ्यक्रम र पाठ्यपुस्तकको अध्ययन,** अप्रकाशित शोधपत्र, तानसेन बहुमुखी क्याम्पस, तानसेन, पाल्पा ।

पाण्डेय, तेजप्रसाद (२०६७) **'कक्षा ९ र १० का वर्तमान नेपाली भाषा पाठ्यपुस्तकहरूबीचको तुलनात्मक अध्ययन,'** अप्रकाशित शोधपत्र तानसेन बहुमुखी क्याम्पस, तानसेन पाल्पा ।

पाठ्यक्रम विकास केन्द्र (२०६०), नेपाली कक्षा ९ ।

____________________ (२०६०), नेपाली कक्षा १० ।

मिश्र पारिजात (२०६३), **माध्यमिक तहका भाषा पाठ्यपुस्तकमा प्रयुक्त जीवनी विधाको विश्लेषणात्मक अध्ययन,** अप्रकाशित शोधपत्र त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

रिमाल, डिल्लीराम, **वर्तमान माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासको अध्ययन,** २०५३, अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुरः नेपाली भाषा शिक्षा विभाग ।

लुइटेल, खगेन्द्र र मोहनराज शर्मा, (२०५२) **शोधविधि,** काठमाडौं सा.प्र. ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६२), **नेपाली भाषा र सहित्य शिक्षण** न्यू हीरा बुक्स इन्टरप्राइजेज, काठमाडौं ।

शर्मा केदारशर्मा: **क्लोज र सी परीक्षण**, रजनी वर्ष २ अङ्क २ पूर्णाङ्क भाद्र पौष २०५३ काठमाडौं ।

शास्त्री ढकाल बाबुराम; **नेपाली वर्णविन्यासको अध्ययन** २०५५ शोधपत्र त्रि.वि. कीर्तिपुर ।

शिक्षा मन्त्रालय; **शिक्षा ऐन २०२८ तथा नियमावली २०४९** शैलेश प्रकाशन २०५३ काठमाडौं ।

सुवेदी, बलराम (२०६६) **'छनोट र स्तरणका आधारमा वर्तमान कक्षा ९ को नेपाली पाठ्यपुस्तकका विधाहरूको अध्ययन,'** अप्रकाशित शोधपत्र, लुम्बिनी आदर्श डिग्री कलेज, कावासोती, नवलपरासी ।

सुवेदी, सीता (२०६०) **'कक्षा ९ मा व्याकरण शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,'** शोधपत्र, त्रि.वि., कीर्तिपुर, काठमाडौं ।

**माध्यमिक शिक्षा पाठ्यक्रम** (२०६४), नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकासकेन्द्र, सानोठिमी, भक्तपुर

शास्त्री ढकाल, बाबुराम, **नेपाली वर्णविन्यासको अध्ययन २०५५,** शोधपत्र त्रि.वि., काठमाडौं ।

# परिशिष्ट

## परिशिष्ट 'क'

**छनोट र स्तरणका आधारमा वर्तमान माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन (शोधपत्र स्नातकोत्तर तह) प्रश्नपत्र**

प्यारा भाइबहिनीहरू

१. तपाईहरूले समय-समयमा विभिन्न किसिमका जाचँ दिदै आउनु भएको छ । यो पनि त्यस्तै प्रकारको जाँच हो तर यो जाँच उत्तीर्ण अनुत्तीर्ण गर्ने खालको होइन ।

२. यो जाँच विशुद्ध अनुसन्धानात्मक दृष्टिले उपयोग गरिने हुँदा तपाईहरूको सहयोगको आवश्यकता छ ।

३. त्यसैले यहाँ दिइएका हरेक अनुच्छेदलाई ध्यान दिएर पढ्नुहोस् । खाली ठाउँमा कुन शब्द राख्दा ठीक हुन्छ, त्यही शब्द छानी खाली ठाउँ भर्नुहोस् ।

**विद्यार्थी सम्बन्धी विवरण**

नाम :- कक्षा :-

उमेर :- छात्र/छात्रा :-

मातृभाषा :-

विद्यालयको नाम र ठेगाना :-

**तल दिइएका अनुच्छेदका खाली ठाउँमा हटाइएका शब्दहरू पत्ता लगाई खाली ठाउँ भर्नुहोस् :**

१. नचाई चारैतिर १ द्रुम
विछ्याई नानाथरिका नयाँ २ ।
वसन्त ३ कति गर्दछ स्वागत ।
अहो ! ४ सुन्दर ५ सजावट ।

२. यो सबै शिशिरलाई ६ जस्तो लाग्यो । कति कारणले आफूलाई ७ बनाइएको हो उनलाई केही थाहा भएन । भोजन समाप्त भएपछि ८ वर्गसँग कुराकानी गर्दा बल्ल उनले यथार्थ बुझे के रहेछ भने त्यस देशमा ९ एउटा राजा फेरिंदो रहेछ । दिनभर राज्यको सुख १० गऱ्यो राति ११ भनेर रानीको १३ गयो, भोलिपल्ट बिहान

त राजा मरिराखेको ! यसको १४ बुझ्न नसक्दा सारा दरबारियाहरू हार खाइसकेका रहेछन् ।

३. नेपाली साहित्य जगत्मा सर्वोच्च १५ प्रतिभाका रूपमा सुपरिचित पारिजातको जन्म दार्जिलिङ्गको लिंगिया चिया कमानमा वि.स. १९९४ वैशाख १६ भएको थियो । उनका पिता के.एन.वाइबा १७ थिए । माता अमृत मोक्तानको गर्भबाट उनको जन्म भएको थियो । उनको न्वारनको नाम १८ वाइबा भए पनि लामाले छेकुडोल्मा ( ताराराानी) राखिदिएका थिए । उनलाई १९ बनाउने नाम भने पारिजात नै हुन गयो । जुन उनी आफैले रोजेकी थिइन् २० असंख्य कृतिहरूले जीवन्त सुवास दिएर यस नामलाई सार्थक २१ छन् ।

४. बुद्ध २२ नजर अगाडि यही भिखारी २३ ।
मूर्ति २४ शब्द यिनैमा २५ शूल कराएथ्यो
२६ दयाको सागर २७ शब्द यिनैमा २८ ।
२९ यसैले बलियो ३० पवित्र पारी निष्ठुऱ्याएथ्यो.।

५. त्यही रात भान्सा सकेर पार्वती छोरालाई ३१ कोसिस गर्दै थिइन् । नरेशले आफ्ना ३२ बाहुले आमाको गाला छोपेर लाडे स्वरमा भन्यो, आमा आजदेखि मैले ३३ फालिदिए है ! पछि म ठूलो भएर जर्मनी जान्छु ३४ साथी बनाउँछु । छोराको कुरा सुनेर पार्वतीको कण्ठ भरिएर ३५ तिनले हुन्छ बाबुसम्म भन्न सकिनन् । तिनको गला रूद्ध थियो, ३६ हर्षाश्रु थियो । छोराको भविष्य आज तिनले ३७ गर्न सकिन् । छोरो निदाइसकेर मीठो स्वप्नमा खेलिरहँदा पनि आमा चाहिँ छोराको ३८ निर्माणमा झुलिरहेकी थिइन् ।

६. भीमसेन थापा ३९ स्वभिमानलाई उच्च राख्ने राष्ट्रिय प्रतिभा हुन् । मित्रराष्ट्र ४० र भारतले उनको मुक्तकण्ठले प्रशंसा गरेको पाइन्छ । उनी देशको सार्वभौमसत्ता तथा राष्ट्रिय अखण्डताको ४१ गर्न सक्षम बनेका थिए । उनी आफ्नो राष्ट्र र राष्ट्रियतालाई ४२ प्यारो ठान्दथे । उनी तत्कालीन शासक र जनताको ४३ जित्न पनि सफल भएका थिए । नैतिक मर्यादा, आँट, साहस र धैर्यका प्रर्तिमूर्ति भीमसेन थापा नेपाल ४४ एक सपूतका रूपमा परिचित थिए ।

७. आधुनिक ४५ व्यवसाय नेपालमा भरखरै थालिएको हो । यसको व्यावसायिक महत्वलाई व्यापक रूपमा जनसमक्ष पुऱ्याउनु ४६ देखिन्छ । यस व्यावसायको विकासका लागि सरकारी क्षेत्रबाट उपयुक्त ४७ तर्जुमा गरिनु पर्दछ । निम्न ४८ भएका किसानहरूका लागि सस्तो व्याजदरमा सुलभ ४९ व्यवस्था हुनुपर्छ । मौरी ५० किसानलाई उचित सल्लाह र प्राविधिक ५१ दिलाउन अल्पकालीन ५२ तालिमको व्यवस्था पनि गरिनुपर्दछ । मौरीपालन बाट उत्पादित मह खपतका लागि उचित बजार व्यवस्था मिलाउनुपर्दछ । यस ५३ विशिष्टता प्रर्दशन गर्ने व्यक्तिलाई पुरस्कारको व्यवस्था गर्नाले यस व्यवसायप्रति ५४ मिल्छ ।

८. पिताको ५५ देहावसानबाट पारिवारिक जिम्मेवारी आफ्ना काँधमा आएपछि विवेकानन्द जागिरको खोजीमा धेरै ५६ तर उनले निराशाशिवाय अरू ५७ पाएनन् । उनको आर्थिक स्थिति भन्भन् ५८ हुँदै गयो । किंवदन्ती अनुसार यस्तो अवस्थाबाट मुक्ति पाउनका लागि उनी कालीका ५९ रामकृष्णकहाँ गए उनले रामकृष्णलाई आफ्नो ६० अवस्था सुधार गरिदिन कालीसँग केही मागिदिनुपऱ्यो भनेर अनुरोध गरे यो सुनेर रामकृष्णले आफै माग्नु भनेर ६१ दिए । त्यसपछि उनी ६२ अगाडि गएर ६३ जोडी माता मलाई ज्ञान विवेक वैराज्य र ६४ दिनुहोस् भनेर वरदान ६५ थाले ।

९. हिरालालले अलि मुख ६६ दरबानलाई तल ढोकामा गएर बस्ने इसारा गरी कुशल ३७ साथ उही गद्दीमा आफूलाई बसालेपछि ६८ भने अरू दुई युवती काशी आइपुगेका छन् ,तर तपाइले लिनु भएकी भन्दा पनि राम्रा । त्यसैले दाम पनि ६९ नभई कुरा मिल्ला जस्तो छैन । यस्तो कुरा चिठीमा ७० लेख्नु भनी मानिस पठाएको हुँ । यदि तपाईका साथीहरू चाहान्छन् भने तोक्नुभएकै ७१ लोग्ने मानिसको भेष गराएर मुगलसरायबाट ७२ मेलमा पठाएको हुँ । हावडामा उत्रिनासाथ ७३ मिलाउनु हुन्यै छ । मिलाउनु भयो भने सैकडा ७४ कमिशन यहाँलाई पनि टक्रयाउँला ।

१०. वैज्ञानिक क्रियाकलापबाट विश्वभरिनै चर्चाको शिखरमा पुगेका यस्ता महान् वैज्ञानिक चार्ल्स डार्विनको देहावसान १९ अप्रिल ७५ का दिन आफ्नो निवास डाउन

हाउसमा ७६ वर्षको उमेरमा भयो । उनको ७७ परिश्रमले विश्रान्ति पायो । महान् वैज्ञानिक ७८ न्यूटनलाई गाडिएको गिर्जाघर नजिकै पारेर ७९ अन्त्येष्टि गरियो । यसरी केही विवाद तर धेरै प्रशंसा, केही संघर्ष तर ८० प्राप्ति जीवनभर आलोचना तर मृत्युपश्चात ८१ पर्याय जीव विकासको सिद्धान्तका ८२ चार्ल्स डार्बिनको अन्त्य भएपनि उनका महान् कार्य र ८३ कृतिले उनलाई जीवन्त पारेका छन् र हाम्रा ८४ उनी सदा प्रेरणाका ८५ बनेका छन् ।

११. कस्लाई हो ८६ भनेर जान्नू ? आफ्ना दसैं ८७ शुत्र मान्नु ? ८८ खूब भित्र भनेर मान्नू ? जीत्या ८९ इन्द्रिय भित्र ९०?

१२. उनको ९१ गर्दा वरिपरि दश ९२ अपार क्षति भो । भेकानाङ्गा, दु:खी दरिद्रीका ९३ मरे । वूढाबूढी, लुलालङ्गडा काना खोरण्डाको ९४ लठ्ठी भाँचियो । ९५ वत्ती निम्यो । अनाथ अशक्तहरूको आशास्तरम्भ ढल्यो । गाउँका ९६ अस्ताए ।

१३. भोलिवादको ९७ कुन बेला कसको पालादेखि कसले ९८ त्यो किटन सकिन्न । तर हेरिल्याउँदा ९९ समाजमा भानुभक्त १०० नै यसले खुट्टो घुमाएको १०१ । उनले एकपटक १०२ दिक्दारिएर भनेका थिए । भोलि भोलि १०३ सब घर वितियो बक्सियोस् आज झोली । " कसो हामी १०४ रहेछौं र हाम्रा १०५ लाई झोली बोकेर बनतिर पस्नु परेनछ । उनको यो १०६ बाट हामी बुझ्न सक्छौ भोलिवादी सिद्धान्तका १०७ कुनै महर्षि वा १०८ थिएनन् ।

१४. जयपृथ्वीबहादुर सिंहको १०९ सेती अञ्चल अन्तर्गत ११०जिल्लाको चैनपुरमा बझाङ्गी राजा विक्रमबहादुर सिंहकी १११ रूद्रकुमारी देवीको ११२ वि.सं. ११३ भाद्र ७ गतेका दिन भएको थियो । उनको ११४ राजसी सुखसयलमा बितेको थियो । उनी सानैदेखि ११५ र उदार ११६ का थिए । उनी आफ्ना ११७ धार्मिक क्रियाकलापबाट अत्यन्त ११८ थिए । यसैबाट उनले धार्मिक एवं आध्यात्मिक ११९र व्यवहारको विकास गरी क्रमशः आफूमा १२० गुणहरू बढाउँदै गए ।

१५. मीठो १२१ मधुपवनमा आज १२२. ।
यौटा थुङ्गा १२३ कतै मुस्कुराइरहेछ ।

कोहो, कोहो भनी १२४ क्वैली गाइरहेछ ।

१२५ मान्छे १२६ हेर आइरहेछ ।

१६. केशवराजको १२७. दोषी थियो । १२८ टाढाको मानिस उनी १२९ सक्दैनथे । किताब १३० उनको आखालाई निकै १३१ पर्थ्यो । चस्माको पावर उनका १३२ लागि १३३ भएछ । धेरै दिनदेखि उनी अर्को चस्मा लिने १३४ थिए, तर अझै १३५ परेको थिएन ।

१७. मिथिला १३६ नेपालको सास्कृतिक १३७ हो । यसका सर्जकहरू मैथिल १३८ हुन् । चित्रको विषयवस्तु, रगंयोजना र प्रयोजनबारे १३९. गराउने काम उनीहरूलाई गराइन्छ । यसरी १४० शिक्षाको अभावमा पनि मैथिल नारीहरूले १४१ढंगबाट बडो अर्थपूर्ण र १४२ चित्र बनाउँछन् । उनीहरूले बनाएका १४३ चित्रहरूमा तिनीहरूको १४४ व्यक्त भएको पाइन्छ । यसको अर्थ के हो १४५ ती कलाकारले आफ्ना १४६. र आकाङ्क्षालाई चित्रकलामा व्यक्त १४७ आएका छन् । मैथिल नारी वर्गको यो १४८. नेपालको राष्ट्रिय संस्कृतिको अमूल्य सम्पदा हो ।

१८. इमानसिंह चेमजोङ आफ्नो १४९ र लिपिका एक सशक्त १५० हुन् । उनले नेपाल र १५१ का विभिन्न ठाउँहरूको स्थलगत १५२ गरी आफ्नो भाषा, लिपि र १५३ को विस्तृत खोज र प्रचार प्रसारण गरे । नेपालबाहिर १५४ पनि उनले आफ्नो कर्मभूमि भने नेपाललाई नै बनाए । सन् १९५३ मा भारतको सिक्किमबाट पूर्वी नेपालको लिम्बुवान क्षेत्रमा आइ उनले आफ्नो लिम्बुवान सुधार संघ १५५ गरे । त्यसको अध्यक्ष भएर आफ्नो परम्परागत १५६ संस्कृति र सभ्यताको संरक्षण र सर्म्वद्धन गरी १५७ बढाउने कार्य गरे ।

१९. यन्त्रमानव १५८ आउनुभन्दा पहिले पनि यस १५९ स्वचालित यन्त्रमानव नबनेका होइनन् । इशावूर्व १६० शताब्दीमा ग्रिसका १६१ आर्च्यातासले १६२ परेवा बनाएका थिए भने इशाकै आठौ १६३ चीनका वैज्ञानिकहरूले समात्ने काठका १६४ स्वचालित १६५ र १६६ पनि बनाएका थिए ।

२०. देश र जनताका हकहितका लागि लामो समयसम्म १६७ गरेर सफलताको शिखरमा पुगेका १६८ जातिप्रेम स्वाधीनताका सेनाली र १६९ राजनीति नेल्सन

मण्डेलाको जन्म १८ जुलाई <u>१७०</u> मा दक्षिण अफ्रिकाको ट्रान्स्की क्षेत्रमा पर्ने <u>१७१</u> भन्ने गाउँमा भएको हो गोरालाई <u>१७२</u> कालालाई पाखा गर्ने सरकारी नीतिको विरूद्धमा <u>१७३</u> वर्षसम्म संघर्ष गरेर जनतालाई <u>१७४</u> अनुभूति दिलाउन सक्षम एक <u>१७५</u> व्यक्तित्वका धनी मण्डेला दक्षिण अफ्रिकाका <u>१७६</u> प्रथम राष्ट्रपति हुन् । लामो समयसम्म <u>१७७</u> को सजाय भोग्ने मण्डेला शोषण र उत्पीडनका विरूद्धमा सम्पूर्ण <u>१७८</u> जातिकै लागि संघर्षका <u>१७९</u>एवं प्रेरणाका स्रोत बनेका छन् ।

| **उत्तरकुञ्जिका** | | |
|---|---|---|
| खाली ठाउँ भर्ने परीक्षामा सोधिएका खाली ठाउँका सही उत्तर | | |
| क्र.सं. | पाठशीर्षक | दिइएका शब्द |
| १ | वसन्त | १. पल्लवी २. तृण ३. मेरै ४. अहो ५. यो |
| २ | शिशिर वसन्तको कथा | ६. सपना ७. राजा ८. मन्त्री ९. दिनको १०. भोग ११. सुत्न १३. खोपीमा १४. हेतू |
| ३ | साहित्यकार पारिजात | १५. नारी १६. महिनामा १७. चिकित्सक १८. विष्णुकुमारी १९. अमर २०. उनका २१. पारेका |
| ४ | भिखारी | २२. देवको २३. आएथ्यो २४. यसैमा २५. मुटुको २६. महान २७. ठूलो २८. लहराएथ्यो २९. भेष ३०. निष्ठुयाएथ्यो । |
| ५ | भविष्यनिर्माण | ३१. सुताउने ३२. सानासाना ३३. बन्दुक ३४. जर्मनहरूलाई ३५. आयो ३६. आखामा ३७. निर्माण ३८. भविष्य |
| ६ | भीमसेन थापा | ३९. स्वभिमानलाई ४०. चीन ४१. संरक्षण ४२. औधी ४३. विश्वास ४४. आमाका |
| ७ | मौरीपालन | ४५. मौरीपालन ४६. आवश्यक ४७. नीति ४८. अन्य ४९. ऋणको ५०. पाल्ने ५१. ज्ञान ५२. दीर्घकालीन ५३. व्यवसायमा ५४. प्रोत्साहन |
| ८ | स्वामी विवेकानन्द | ५५. अचानक ५६. दौडिए ५७. केही ५८. दयनीय ५९. परमभक्त ६०. आर्थिक ६१. जवाफ ६२. कालीको ६३. हात ६४. भक्ति ६५. माग्न |

| | | |
|---|---|---|
| ९ | खड्गबहादुर | ६६. बिगारेर ६७. प्रश्नका ६८. खड्गबहादुरले ६९. दोब्बर ७०. किन ७१. दिनमा ७२. पञ्जाव ७३. बन्दोवस्त ७४. एक |
| १० | चार्ल्स डार्विन | ७५. १८८२ ७६. ७३ ७७ आइज्याक ७८. उनको ७९. ठूलो ८०. सम्मान ८१. प्रतिपादक ८२. अमर ८३. लागि ८४ स्रोत ८५ छन् । |
| ११ | प्रश्नोत्तर | ८६. शत्रु ८७. इन्द्रिय ८८. कस्लाई ८९. तिनै ९०. मान्नु |
| १२ | कर्तव्य | ९१. देहावसालले ९२. गाउँको ९३. बाबु ९४. टेक्ने ९५. न्यायको ९६. धन्वन्तरि |
| १३ | जयभोलि | ९७. श्रीगणेश ९८. शुरू ९९ नेपाली १०० अघिदेखि १०१. बुझिन्छ १०२ साह्रै १०३. हुँदैमा १०४ भाग्यमानी १०५ आदिकवि १०५ घुर्की १०७ प्रणेता १०८ आचार्य |
| १४ | जयपृथ्वीबहादुर सिंह | १०९ जन्म ११०बझाङ् १११ पाली ११२ गर्भबाट ११३ १८३४ ११४ वाल्याकाल ११५ दयालु ११६ स्वभाव ११७ पिताको ११८ प्रभावित ११९ चिन्तन १२० . मानवीय |
| १५ | वैशाख | १२१वास्ना १२२ आइरहेछ १२३ वनतिर १२४. वनवनै १२५ नौलो १२६ कुसुमपथ |
| १६ | दोषी चस्मा | १२७ चस्मा १२८अलिक १२९ चिन्न १३०. पढ्दा १३१ बल १३२ आँखाका १३३ कम १३४ विचारमा १३५ अनुकूल |
| १७ | मिथिला चित्रकला | १३६ चित्रकला १३७. सम्पदा १३८ नारीहरू १३९ जानकारी १४० औपचारिक १४१ सहज १४२ सुन्दर १४२ हरेक १४४ संस्कार १४५ भने १४६ शुभेच्छा १४७ गर्दै १४८ कलासिर्जना |
| १८ | इमानसिंह चेमजोङ | १४९ मातृभाषा १५०. अन्वेषक १५१ भारतका १५२ भ्रमण १५३ संस्कृति १५४ जन्मेर १५५ गठन १५६ रीतिस्थिति १५७ जनचेतना |
| १९ | यन्त्रमानव | १५८ प्रयोगमा १५९ किसिमका १६० चौथो १६१ वैज्ञानिक १६२ स्वचालित १६३ शताब्दीमा १६४ माछा १६५ यन्त्र १६६ विरालो |
| २० | नेल्सन मण्डेला | १६७ सङ्घर्ष १६८ देशभक्त १६९ महान् १७०. १९१८ १७१. उमटाटा १७२ काखा १७३ धेरै १७४ स्वाधीनताको १७५ साहसी १७६ जननिर्वाचित १७७ कारावास १७८ मानव १७९ प्रतीक |

## परिशिष्ट 'ख'

**विद्यार्थीको प्रयोजनका लागि प्रश्नावली**

**विद्यार्थी नामः-** **मितिः-**

**विद्यालयको नाम ठेगानाः-** **उमेरः-**

**कक्षा :-** **छात्र/छात्राः-**

**रोल नं.:-**

१. माध्यमिक तह कक्षा ९ र १० को नेपाली भाषा पाठ्यपुस्तकमा समावेश पाठ्यवस्तु कस्तो छ ?
क. राम्रो ख. मध्यम ग. सुधार गर्नुपर्ने घ. ज्यादै

२. भाषा पाठ्यपुस्तकमा रहेको भाषा कस्तो छ ?

क. सरल ख. जटिल ग. मध्यम घ. साहित्यिक र आलङ्कारिक

३. भाषा पाठ्यपुस्तकमा शब्दभण्डार कस्तो छ ?
क. कठिन ख. सजिलो ग. विद्यार्थीअनुकूल घ. अनुपयुक्त

४. नेपाली किताबहरूमा (कक्षा ९ र १० को) अभ्यासको व्यवस्थापन कस्तो छ ?
क. धेरै ख. थोरै ग. ठिक्क घ. अव्यवहारिक

५. भाषा पाठ्यपुस्तक विधाहरूको छनोट कस्तो छ ?

क. वैज्ञानिक ख. अव्यवहारिक ग. उपयुक्त घ. सैद्धान्तिक

६. पाठ्यपुस्तकमा समावेश चित्रहरू कस्ता छन् ?

क. वुझिने खालका ख. नबुझिने खालका
ग. उपयुक्त र विषयवस्तु अनुकूल घ. साना र अनाकर्षक

७. भाषापाठ्यपुस्तक अक्षरका आकार कस्ता छन् ?

क. साना ख. ठूला ग. ठिक्कका घ. अनुपयुक्त

८. पुस्तकको छपाइ र बधाइ कस्तो छ ?

क. बलियो ख. सुधार गर्नुपर्ने ग. कमजोर घ. अव्यवस्थित

९. पुस्तकमा प्रयोग भएको कागज कस्तो छ ?
क. बलियो ख. कमजोर ग. चिल्लो घ. पातलो

१०. पाठपूर्व दिइएका सामग्री कस्ता छन् ?
क. प्रभावकारी ख. अनुपयुक्त ग. राम्रो घ. व्यवस्थित

११. पुस्तकमा सुधार गर्नुपर्ने छ कि ?

## परिशिष्ट 'ग'

**माध्यमिक तहमा नेपाली विषय शिक्षण गर्ने विषय शिक्षकलाई अन्तरवार्ताका क्रममा सोधिएका प्रश्नहरू**

**शिक्षकको नामः-** **मितिः-**

**विद्यालयको नाम र ठेगानाः-** **शिक्षण अनुभव वर्षः-**

**शैक्षिक योग्यता :-** **तह/श्रेणी :-**

**तालिम :-**

१. वर्तमान माध्यमिक तहको (कक्षा ९ र १०) नेपाली भाषा पाठ्यपुस्तकको पाठ्यवस्तु कस्तो लाग्छ ?

२. वर्तमान भाषापाठ्यपुस्तक पाठ्यभार अनुसार पठन पाठन गरेर पूरा गर्नुभएको छ ?

३. पाठ्यपुस्तकमा समावेश विधाहरूमध्ये पठन पाठनका दृष्टिले कुन विधा कठिन मान्नु हुन्छ ?

४. यसको शब्दभण्डार तथा भाषामा सुधार गर्नुपर्ने पक्षहरू के के हुन् ?

५. नेपाली पाठ्यपुस्तकहरूमा रहेका कठिन पाठशीर्षकहरू कुन कुन हुन् ?

६. भाषापाठ्यपुस्तक भित्रको अभ्यास उपयुक्त छ कि छैन ?

७. नेपाली पाठ्यपुस्तकका पाठ्यवस्तुहरू सरलदेखि जटिलताको क्रममा राखिएका छन् छैनन् ?

८. पाठ्यपुस्तकका चित्रहरू कस्ता छन् ? सुधार गर्नुपर्ने भए केही छन् की ?

९. पाठ्यपुस्तकको छनोट र स्तरणमा विद्यार्थीको उमेर, इच्छा, आवश्यकतालाई ख्याल गरिएको छ छैन ?

१०. पाठ्क्रमको उद्देश्यमा आधारित भएर पाठ्यपुस्तक उपयुक्त देखिन्छ। देखिदैन ?

११. पाठ्यपुस्तकलाई अझ स्तरीय बनाउन के गर्नुपर्ला ?

१२. बाहिरी बनोट पक्षमा केही सुधार आवश्यक छ कि ?

१३. छनोट र स्तरणका आधारमा वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन शीर्षकको यस शोध कार्यमा तपाइको केही सुझाव छ कि?

## परिशिष्ट 'घ'

**साहित्यकार एवम् नेपाली विषय प्राध्यापक कालीगण्डकी क्याम्पस, बिर्घा, स्याङ्जाका क्याम्पस प्रमुख श्री पशुपति पाण्डेयलाई अन्तरवार्ताका क्रममा सोधिएका प्रश्नहरूः**

१. वर्तमान मा.वि. तह कक्षा ९ र १० का पाठ्यपुस्तकमा समावेश विधाहरू र स्तरणमा कुनै त्रुटि देख्नुभएको छ कि ?

२. छनोट र स्तरणका आधारमा वर्तमान मा.वि. तहका भाषा पाठ्यपुस्तकका विधाहरूको अध्ययन शीर्षकको यस शोध कार्यका लागि तपाईका सुझाव केही छ कि ?

३. माध्यमिक तहका विद्यार्थीलाई अध्यापन गराउने पाठ्यक्रम र पाठ्यपुस्तकमा नेपाली साहित्यका कस्ता विधाहरू छनोट गर्दा उपयुक्त हुन्छ ?

४. विद्यार्थीलाई पढाउने पाठ्यपुस्तकमा पहिलो, दोस्रो, तेस्रो ......... पाठहरू कुन-कुन राख्नुपर्ला ?

५. पाठ्यपुस्तकमा विधा स्तरण गर्दा कसरी गर्नुपर्ला ?

६. पाठ्यपुस्तकमा भाषा, चित्र, शब्दभण्डार, अभ्यास आदि कुराहरू के कस्ता छन् ?

७. भाषिक सीप विकास सन्दर्भमा समग्रतः पाठ्यपुस्तक कस्तो छ ?

८. कथा कविता, निबन्ध, जीवनी, रूपक, चिठी, दैनिकी आदिको व्यावस्थापनमा छनोट र स्तरणका आधारहरू अपनाइएको छ छैन ?

९. तपाईका दृष्टिमा के कस्ता कुराहरूमा पाठ्यपुस्तकभित्र परिवर्तन आवश्यक छ ?

१०. आन्तरिक र वाह्य आधारमा माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तक कस्ता छन् ?

# व्यक्तिवृत



| | | |
|---|---|---|
| नाम | : | भीमलाल भण्डारी |
| जन्ममिति | : | वि.सं. २०३४/११/२७ |
| पिता/माता | : | केशवराज भण्डारी/तुलसी देवी भण्डारी |
| स्थायी ठेगाना | : | हँसरा -२, गुल्मी |
| अस्थायी ठेगाना | : | बिर्घा -२, अर्चले स्याङ्जा |
| नागरिकता | : | नेपाली |
| पेसा | : | शिक्षण |
| शैक्षिक योग्यता | : | एम.ए./बी.एड् (नेपाली) |
| कार्यरत संस्था | : | १. श्री कालीगण्डकी क्याम्पस, बिर्घा,स्याङ्जा |
| | | २. कालीगण्डकी पब्लिक सेकेन्डरी स्कुल, मिर्मी, स्याङ्जा |
| सम्पर्क फोन नं. | : | ९७४७०१४७७८ |